नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ४२११११९० / ४२००२५१ / ४२००४१३
फ्याक्स नं. : ४२००११६
ईमेल : mowcsw@ntc.net.np, Web : www.mowcsw.gov.np

# सशक्तीकरण

(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित)

वर्ष १४ पूर्णाङ्क २१ २०७५ असार

# EMPOWERMENT

A Journal of MoWCSC

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# सशक्तीकरण

(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित)

वर्ष १४ पूर्णाङ्क २१ २०७५ असार

# EMPOWERMENT

**A Journal of MoWCSC**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. : ४२११११९०/४२००२५१/४२००४१३

फ्याक्स नं. : ४२००११६

ईमेल : mowcsw@ntc.net.np

Web : www.mowcsw.gov.np

**सम्पादक मण्डल**

**सल्लाहकार**

ङइन्द्रप्रसाद उपाध्याय, सचिव

**संयोजक**

राधिका अर्याल, सहसचिव

**सदस्यहरु**

पृथ बहादुर के.सी., उपसचिव

भरतराज शर्मा, उपसचिव

विनिता भट्टराई, उपसचिव

पवित्रा ढकाल, शाखा अधिकृत

मुद्रणः स्काई प्रेस (०१–४७८४२८३), बिजुलीबजार, काठमाडौं, नेपाल

# सम्पादकीय

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विगतमा झैँ यस वर्ष पनि सशक्तीकरण जर्नल प्रकाशनमा ल्याएको छ । सङ्घीय संरचनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारी बढ्दो छ । हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, राहत तथा पुनर्स्थापना गर्ने कार्यका साथै मानव सभ्यताकै कलङ्कको रूपमा रहेको मानव बेचबिखनजस्तो पाशविक कार्यलाई समूल नष्ट गर्नुपर्ने अहिलेको सर्वोपरि आवश्यकता रहेको छ । बालअधिकारको संरक्षण तथा अपाङ्गता भएका व्यक्तिहरूको हकहित प्रवर्धन गर्नुपर्ने दायित्व पनि सरकारमा रहेको छ । स्वास्थ्यक्षेत्रमा आएको सुधारले नेपालीको औषत आयु बढ्दैजाँदा एकातिर ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दैगएको छ भने अर्कोतर्फ आप्रवास, प्रतिभा पलायन एवं एकल परिवारको द्रुततर विकासको कारण बुढेसकालमा एक्लो जीवन बिताउन बाध्य भएका ज्येष्ठ नागरिकको  व्यवस्थापन गर्नु अपिरहार्य भएको छ ।

राज्य केन्द्रीकृत शासन प्रणालीबाट सङ्घीय शासन प्रणालीमा रूपान्तरित तीनवटै तहको निर्वाचन भएकाले सङ्घीय संरचना कार्यान्वयको चरणमा रहेको छ । माथि उल्लिखित कार्य सम्पादन गर्नुपर्ने जिम्मेवारी राज्यका तीनबटै तहको भए पनि नीति निर्माणको जिम्मेवारी सङ्घीय सरकारको भएकाले मन्त्रालयको भूमिका महत्त्वपूर्ण रहेको छ । सबै तहको जिम्मेबारी भएका विषयमा कसैले पनि उत्तरदायित्व नलिने प्रवृत्ति हावी हुनसक्ने भएकाले यस विषयमा मन्त्रालयले चनाखो भई समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

मन्त्रालयले वार्षिकरूपमा प्रकाशन गर्ने सशक्तीकरण जर्नलमा मूलतः महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी लेखरचनालाई प्रमुख प्राथमिकता दिँइदै आएको छ । प्रस्तुत प्रकाशनमा समाविष्ट लेखरचनाहरू लेखकका निजी धारणा र विचार हुन् । जर्नलमा समावेश भएका तथ्य, तथ्याङ्क र धारणाहरू सरकारको आधिकारिक तथ्याङ्क र धारणासँग मेल खान नसक्ने भएकाले यस जर्नलमा रहेका लेखरचनाको अन्तिम जवाफदेहिता लेखक स्वयंमा रहेको छ ।

अन्तमा, प्रस्तुत प्रकाशन महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका क्षेत्रमा अध्ययन अनुसन्धानमा रहेका अध्येताहरू र यस क्षेत्रका जिज्ञासुहरूका लागि उपयोगी एवं सन्दर्भ सामग्री हुने विश्वासका साथ रचनात्मक सुझावको अपेक्षा गरेका छौं ।

# विषयसूची


नेपालमा ज्येष्ठ नागरिक, विद्यमान अवस्था र भावी कार्यदिशा
*वीरबहादुर राई* १

महिलाविरुद्धको हिंसा अन्त्यः स्थानीय सरकारको भूमिका
*राधिका अर्याल* ९

ज्येष्ठ नागरिकको सामाजिक सुरक्षामा स्थानीय सरकारको भूमिका
*महेन्द्र सैवुंले* १५

**Violence against Children in Nepal: Interventions and Challenges**
***Kiran Rupakhetee, PhD*** १९

सुनिश्चित बालअधिकारः समृद्ध नेपालको आधार सङ्घीय संरचनामा बालअधिकारको सम्मान, संरक्षण र परिपालना
*तारक धिताल* ३८

सामुदायिक तथा गैरसरकारी संस्थाहरूको समन्वयमा नेपाल सरकारको नीति, चुनौती र अवसरहरू
*भरतराज शर्मा* ४७

**Prevalence of Gender Based Violence and government intervention**
***Binita Bhattarai*** ५५

नेपालमा लैङ्गिक उत्तरदायी बजेट र यसको अवस्था
*मिठु थापा* ६१

सुत्केरी- व्यथा समान, व्यवहार असमान, किन ?
*रोशनी देवी कार्की* ६७

महिला विकास कार्यक्रम र महिला सशक्तीकरण
*विष्णु कुमारी लामिछाने* ७१

नेपालमा अपाङ्गतासम्बन्धी व्यवस्था
*पवित्रा ढकाल* ८०

अपाङ्गता भएका महिलाप्रति हुने हिंसा र न्यायमा पहुँचको अवस्थाः
*निरा अधिकारी* ८५

बालबालिका
*प्रकाश अधिकारी* ९१

**Situation of Adolescent Girls in Nepal: What do the evidences say?**
***Sudeep Uprety*** ९६

लैङ्गिक तथा यौनजन्य हिंसाः एक आलोचनात्मक दृष्टिकोण
*श्रीकृष्ण पन्थी* १०४

## पाठक वर्गमा सम्पादक मण्डलको अनुरोध

- 'सशक्तीकरण' महिला, वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट नियमित प्रकाशन हुने जर्नल हो।
- यस जर्नलमा विशेषतः महिला, वालबालिका, अपाङ्ग एवं ज्येष्ठ नागरिकहरुसँग सम्बन्धित खोजपूर्ण अनुसन्धानात्मक लेखहरुलाई स्थान दिईन्छ।
- प्रकाशित लेखामा उल्लेखित विचारहरु लेखकका निजी विचार हुनेछन्।
- यसमा प्रकाशित लेखहरुलाई उचित पारिश्रमिक दिने व्यवस्था छ।
- यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित खोजपूर्ण अनुसन्धानात्मक एवं विचारपूर्ण लेखहरु र लेखकको व्यक्तिगत विवरण सकेसम्म डिस्केटबाट यस मन्त्रालयमा पठाई सहयोग गरिदिनु हुन लेखक वर्गमा अनुरोध गरिन्छ।
- प्रकाशन नभएका लेखहरु फिर्ता गरिने व्यवस्था नभएको व्यहोरा अनुरोध गर्न चाहन्छौं।

# नेपालमा ज्येष्ठ नागरिक, विद्यमान अवस्था र भावी कार्यदिशा

वीरबहादुर राई

**विषय प्रवेशः**

उमेरको आधारमा निश्चित अवधिपछिको उमेर र अवधिलाई ज्येष्ठ नागरिकको रूपमा लिइने गरिन्छ। विश्वका विभिन्न मुलुकले फरकफरक उमेर समूहलाई ज्येष्ठ नागरिकका रूपमा परिभाषा गरेको पाइन्छ। नेपालमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ बमोजिम साठी वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई ज्येष्ठ नागरिकका रूपमा परिभाषा गरेको छ। जीवनको लामो भोगाइमा विभिन्न उकाली र ओरालीको अवस्थामा विभिन्न काम तथा जिम्मेवारी निर्वाह गरी निश्चित उमेरपछि शारीरिक र मानसिकरूपमा कमजोर हुनुको साथै सक्षमतामा कमी आउने र जीवन सक्रियताबाट निष्क्रिय बन्दैजान्छ। सामान्यतः हाम्रो समुदाय तथा समाजमा उमेरको कारण ज्येष्ठ भएको अवस्थामा सम्मान र श्रद्धाको रूपमा लिने गरिन्छ। ज्येष्ठ नागरिकलाई जिउँदो इतिहास तथा जीवन्त पुस्तकालयको रूपमा समेत लिन सकिन्छ। हाम्रो गाउँघरमा प्रचिलित उखान छ- "आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको"। हाम्रो समाजमा कम उमेर भएकाहरूले आफूभन्दा जेठा व्यक्तिलाई श्रद्धाको रूपमा हेर्ने र सोहीअनुरूप व्यवहार एवं सम्बोधन गर्ने चलन रहँदैआएको छ। उमेरको हिसाबले आफूभन्दा जेठालाई दाइ, दिदी, बुवा, आमा तथा बाजे बज्यै जस्ता नाता जोडी सम्बोधन गरी बोलाउने र आदरपूर्वक व्यवहार गर्ने गरिन्छ। ज्येष्ठ नागरिक परिवारका संरक्षक, पथप्रदर्शक, ज्ञान र अनुभवका खानीका साथै मुलुकका लागि अमूल्य निधि र वास्तविक सम्पत्ति हुन। लामो अध्ययन र अनुसन्धनबाट प्राप्त ज्ञान र सीपहरू ज्येष्ठ नागरिकबाट सहजरूपमा प्राप्त गर्न सकिने मात्र होइन ती ज्ञान, सीप र अनुभव पूर्ण व्यावहारिक र आदर्शमय हुने गर्दछ। उनीहरूले लामो समयमा प्राप्त गरेका अनुभव र ज्ञानलाई लिपिबद्ध गरी ती विषयलाई सम्पत्तिको रूपमा राख्न सकिएको खण्डमा सम्बन्धित परिवारका सदस्य, समाज र समुदायका साथै मुलुकलाई परिणाममुखी बनाउन सहयोग पुग्न सक्दछ।

हाम्रो समाजको सांस्कृतिक परम्परा र संस्कारअनुरूप उमेरको कारण ज्येष्ठलाई सम्मान र आदरभावले सम्बोधन गर्ने प्रचलन भए पनि पछिल्लो समयमा सामाजिक मूल्यमान्यतामा ह्रास आउन गई ज्येष्ठ नागरिकको लागि त्यस प्रकारको व्यवहार गर्न नसकिएको गुनासो आउने गरेको छ। ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै जानु, संयुक्त परिवारबाट एकल परिवारको विकाससँगै क्रमशः यी र यस्ता परम्परागत सम्बन्ध र व्यवहारमा ह्रास आउन थालेको छ। वृद्ध हुनु न त कसैको दोष हो न त कसैको रहर। निश्चित समयपछि सबै वृद्ध हुनैपर्ने यो प्राकृतिक एवं शाश्वत नियम हो। सामाजिक र सांस्कृतिकरूपमा समेत वृद्धवृद्धाहरूमाथि नजानिँदो किसिमले कुनै न कुनै रूपमा असहज अवस्था सिर्जना हुँदैआएको पाइन्छ। यसको कारण लामो समय आफनो ऊर्जाशील जीवनमा गरेका काम र योगदानको बारेमा

आफनै परिवार, समाज, समुदाय र राष्ट्रबाट सहीरूपमा मूल्याङ्कन र सोको सकारात्मक सम्बोधन हुन नसक्दा विभिन्न विकृतिका साथै ज्येष्ठ नागरिक अर्थात् बुढ्यौली जीवन कष्टकर र निराशाजनक हुँदैगएको छ । आर्थिक विपन्नता (परनिर्भरता), एक्लोपना, परिवारबाट सकारात्मक सहयोगको अभाव, एकल परिवारको कारण वृद्धको स्याहार सुसारमा कमी, आफ्नै शरीर आफैलाई बोझिलो हुने जस्ता कारण ज्येष्ठ नागरिक विभिन्न समस्याबाट ग्रस्त रहेको पाइन्छ । विभिन्न परिवेश, परिस्थिति र अवस्थाका वृद्धवृद्धाको जीवन भोगाइ र अनुभव फरकफरक रहेको पाइन्छ । तसर्थ ज्येष्ठ नागरिकको खुसी, सम्मान, मर्यादित जीवनयापन गर्न र उनीहरूको जीवनलाई सहज र सरल बनाउन राज्यको तर्फबाट उपयुक्त कानुन, नीति र रणनीति अवलम्बन गरिनुपर्दछ भने उनीहरूको हक अधिकारको साथै जीवनलाई सहज बनाउन उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने हुन्छ । ज्येष्ठ नागरिकको विषयमा राज्यले नै सम्बोधन गर्नुपर्ने विषयलाई स्वीकार गर्दै राज्यद्वारा ज्येष्ठ नागरिकसम्बन्धी छुट्टै ऐनको निर्माण भएको छ । ऐनले ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक र असक्त ज्येष्ठ नागरिकको परिभाषा समेत गरेको छ भने ज्येष्ठ नागरिकसम्बन्धी ऐनले वर्गीकरण समेत गरेको छ जसअनुरूप ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक र अशक्त ज्येष्ठ नागरिक आदि । जसअनुरूप सत्तरी वर्षउमेर पूरा नगरेको ज्येष्ठ नागरिक, सत्तरी वर्षउमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिक, एकल ज्येष्ठ नागरिक रहेका छन् । "एकल ज्येष्ठ नागरिक" भन्नाले विधवा, विधुर वा अविवाहित एकल ज्येष्ठ नागरिक सम्झनुपर्छ भनी कानुनमा उल्लेख भएको छ ।

| क्र.स. | जनगणना वर्ष | ज्येष्ठ नागरिकको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १९५२–५४ | ४,०९,७६१ | ४.९८% |
| २ | १९६१ | ४,८९,३४६ | ५.२० % |
| ३ | १९७१ | ६, ४८, ७०३ | ५.६१ % |
| ४ | १९८१ | ८५, ७, ०६१ | ५.७१ % |
| ५ | १९९१ | १०, ७१, २३४ | ५.८१ % |
| ६ | २००१ | १४, ७७, ३७९ | ६.५० % |
| ७ | २०११ | २१, ५४, ४१० | ८.१३ % |

राष्ट्रिय तथ्याकं

जनसंख्याको प्रतिशत

| उमेर समूह | जनगणना वर्ष (सन) | | | | |
|---|---|---|---|---|---|
| | १९११ | १९४१ | १९७१ | २००१ | २०११ |
| ६० + | ४.२८ | ५.३३ | ५.८८ | ७.४६ | ८.१३ |
| ६५ + | २.४३ | ३.१७ | ३.१७ | ४.२१ | ५.२७ |
| ७५ + | ०.४५ | ०.६५ | ०.८७ | १.३ | १.६९ |
| <१५वर्ष | ३८.६८ | ३९.१६ | ४०.७२ | ३८.५५ | ३४.९१ |
| १५–५९ | ५७.०४ | ५५.५१ | ५३.४ | ५३.९९ | ५७.८७ |

विश्वमा ज्येष्ठ नागरिकको सङ्ख्या तीव्ररूपमा बढिरहेको तथ्याङ्कले देखाएको छ । सन् २०१७ मा ६० वर्षमाथिका ज्येष्ठ नागरिकको सङ्ख्या विश्वको जनसङ्ख्याको १३ प्रतिशत रहेको अनुमान गरिएको छ । नेपालमा पनि ज्येष्ठ नागरिकको सङ्ख्या द्रुत गतिमा वृद्धि भएको पाइएको छ । नेपालमा जनगणना २०६८ अनुरूप ज्येष्ठ नागरिकको सङ्ख्या २४ लाख २२ हजार ४९४ अर्थात् ८.१३ प्रतिशत रहेको देखाएको छ । विभिन्न उमेरका वृद्धाहरूको सङ्ख्या बढ्दो क्रममा रहेको पाइन्छ । परिवारमा जन्मदर घटेको कारण पछिल्लो समयमा वृद्धाको सङ्ख्या बढिरहेको छ । यसबाट राज्यले निर्माण गर्ने कार्यक्रममा वृद्धाको लागि प्राथमिकता दिई गरिनु पर्ने अवस्था तथ्याङ्कले देखाएको छ । विभिन्न उमेर समूहका ज्येष्ठ नागरिक विभिन्न जनगणना वर्षमा फरकफरक भएको पाइन्छ । स्वास्थ र राम्रो खानपानको कारण पनि नेपाली नागरिकको उमेर अवधि बढ्दो अवस्थामा रहेको पाइन्छ । यसरी मानव जीवनको आयु बढ्नु राम्रो भएपनि क्रमशः ज्येष्ठ नागरिकको जनसङ्ख्या बढदै जाँदा सोको प्रभावकारी व्यवस्थापन गर्नमा चुनौती थपिँदै गएको छ यसले मुलुकको आर्थिक, सामाजिक र अन्य पक्षमा समेत प्रभाव पारेको छ । नेपालमा मात्र होइन विश्वमा नै ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएको छ । यसकारण ज्येष्ठ नागरिकको लागि उपयुक्त कार्यक्रमको साथै राज्यबाट उचित परिमाणमा रकमको व्यवस्था गरिनु पर्दछ किनभने उनीहरूको स्वास्थ्य, दैनिक जीवन सहजताको लागि दिवा सेवाकेन्द्र तथा वृद्धाश्रमको व्यवस्थापन गर्न पनि बजेटको व्यवस्था गरिनु पर्दछ यसबाट एकातिर लगानी बढाउनुपर्दछ भने अर्कोतिर उनीहरूको ज्ञान, सीप, अनुभव र क्षमतालाई समयमा नै उपयोग गर्न विभिन्न कार्यक्रमको आयोजना गर्नुपर्ने हुन्छ ।

## विश्व र ज्येष्ठ नागरिकः

ज्येष्ठ नागरिकको विषयले विश्वका सबैजसो मुलुकमा एउटा छुट्टै विषयका रूपमा महत्त्व पाउँदैआएको छ । ज्येष्ठ नागरिकको आवाज सुनिनु पर्दछ भनेर सन २००७ मा २७ देशको सहभागिताबाट सुरु भएको अभियानमा अहिले ५५ देशले सहभागिता जनाइसकेका छन् । वृद्धवृद्धाहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा घोषणा रहेका छन् । United Nations Principles for older persons 1991, Macau plan of Action on Ageing 1988 रहेका छन् । सन २००६ देखि हरेक वर्ष जुन १५ मा ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहारविरुद्ध विश्व जनचेतना दिवस मनाउन सुरु गरिँदै आएको छ । सयुक्त राष्ट्र संघले पनि सन् २०१२ देखि यो दिवसलाई मान्यता दिएको हो । यसरी सयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरूले जुन १५ लाई ज्येष्ठ नागरिकहरू माथि हुने दुर्व्यवहारविरुद्ध विश्व जनचेतना दिवसका रूपमा मनाउँदै आएको छ । नेपालले पनि यो दिवस मनाउँदै आएको छ ।

## विद्यमान कानुनी व्यवस्थाः

नेपालको संविधानको धारा ४१ मा "ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ" भनी मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । त्यसैगरी ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्नको लागि ज्येष्ठ नागरिक ऐन जारी भई कार्यान्वयनमा रहेको छ । यस कानुनबमोजिम साठी वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषा गरिएको छ । ज्येष्ठ नागरिक भन्नासाथ उमेरले जीवनको उत्तरार्धमा पुगेको, उमेरको कारण शारीरिक र मानसिकरूपमा कमजोर अवस्थाको मानिसलाई लिइन्छ । जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, पालनपोषण

तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको र परिवारको सदस्य भएपनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नुपरेको अवस्थालाई असहाय ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरी यस्ता ज्येष्ठ नागरिकलाई राज्यको तर्फबाट उचित हेरचाह र पालनपोषण गर्ने व्यवस्था मिलाउने उल्लेख भएको पाइन्छ ।

## ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सदभावको अभिवृद्धि गर्न ज्येष्ठ नागरिक सम्बन्धी ऐन जारी भई कार्यान्वयनमा रहेको छ । ऐनमा ज्येष्ठ नागरिकलाई सबैले सम्मान गर्नुपर्ने, ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत अनुसार परिवारको प्रत्येक सदस्यले पालनपोषण तथा हेरचाह गर्नुपर्ने, कसैले ज्येष्ठ नागरिकको इच्छाविपरीत निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु नहुने जस्ता कर्तव्य समेत किटान गरिएको छ । त्यसैगरी कसैले पनि ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन नहुने, ज्येष्ठ नागरिकको इच्छाविपरीत सन्यासी, भिक्षु वा फकिर बनाउन नहुने, कसैले यस किसिमको काम कारबाही गरेमा ज्येष्ठ नागरिक ऐनबमोजिम कसुर गरेको मानिने विषय कानुनी प्रावधान रहेका छन् । ज्येष्ठ नागरिकका लागि राज्यको तर्फबाट विभिन्न सेवा तथा सुविधाको साथै राज्यका विभिन्न निकाय तथा सार्वजनिक विषयमा समेत छुट तथा सुविधाको व्यवस्था गरिएका छन् यसता सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुने गरी कानुनी व्यवस्था गरिएको छ । सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकको लागि कम्तीमा दुइवटा सिट सुरक्षित राख्नुपर्ने र यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने, स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने, स्वास्थ्य संस्थाले नेपाल सरकारले तोकेको सङ्ख्याका ज्येष्ठ नागरिकले उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा ५० प्रतिशत छूट दिनु पर्ने, ज्येष्ठ नागरिकसँग सम्बन्धित कुनै काममा सम्बन्धित निकायले प्राथमिकता दिई त्यस्तो कामकारबाही सम्पादन गरिदिनु पर्ने र खानेपानी, बिजुली, टेलिफोन लगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य सदस्यले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनुपर्ने समेत कानुनमा व्यवस्था गरिएको छ ।

ज्येष्ठ नागरिकको हेरचाह गर्न, स्याहार तथा सामाजिक सुरक्षा गर्ने प्रयोजनका लागि एक केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्ने कानुनी व्यवस्था समेत गरेको छ । उक्त समितिले ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने, नेपाल सरकारबाट स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन र अनुगमन गर्ने; जिल्ला समितिबाट प्राप्त हुन आएको ज्येष्ठ नागरिकको लगत तथा अभिलेख अद्यावधिक राख्ने; जिल्ला समितिको कामकारबाहीमा समन्वय तथा अनुगमन गर्ने र नेपाल राज्यभर स्थापना तथा सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिकसम्बन्धी काम गर्ने संघ, संस्थाले गरेको कामकारबाहीको अनुगमन गर्ने जिम्मेवारी रहेको छ भने जिल्लामा जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको गठन गर्ने प्रावधान रहेको छ । यस समितिले जिल्लाभित्रका ज्येष्ठ नागरिकको लगत सङ्कलन गर्ने; अभिलेख राख्ने र लगत तथा अभिलेखको अद्यावधिक गर्ने; जिल्लाभित्रका ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिसमक्ष पेस गर्ने; नेपाल सरकारबाट स्वीकृत ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमबमोजिमको जिल्लास्तरीय कार्यक्रम कार्यान्वयन तथा सोको अनुगमन गर्ने; जिल्लामा स्थापना भई सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षासम्बन्धी काम गर्ने तथा अन्य संघ, संस्थाको कामकारबाहीको अनुगमन गर्ने; ज्येष्ठ नागरिकको

संरक्षण तथा सामाजिक सुरक्षासम्बन्धी कार्य गर्न स्थानीय सामुदायिक संस्थालाई परिचालन गराउने र दफा २४ बमोजिम ज्येष्ठ नागरिकले पाउने भत्ता वा सुविधा वितरण गर्ने व्यवस्था मिलाउनेजस्ता काम, कर्तव्य र अधिकार रहेका छन् ।

बजेट वक्तव्यमा विगतदेखि नै ज्येष्ठ नागरिकको विषयलाई कुनै न कुनैरूपमा सम्बोधन गर्ने प्रयास गरिँदैआएको छ। त्यसै गरी आ.व.२०७५/७६ बजेट वक्तव्यमा प्रत्येक प्रदेशमा एक ज्येष्ठ नागरिक आरोग्य आश्रम सञ्चालन गरिने; सत्तरी वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिकको रु १ लाखसम्म बिमाङ्क रकमको स्वास्थ्य बिमा शुल्क सरकारले बेहोर्ने र वृद्धा वृद्धालाई राज्यले संरक्षण अतिरिक्त सन्तानले अनिवार्य हेरचाह गर्नुपर्ने कानुनी व्यवस्था गरिने उल्लेख भएको छ। यस आ.व. को बजेट वक्तव्यको आधारमा ज्येष्ठ नागरिकको लागि गरिनुपर्ने तोकिएको कार्यको साथै ज्येष्ठ नागरिकको लागि आवश्यक नीतिगत तथा कार्यक्रमिकरूपमा अघि बढ्नुपर्ने हुन्छ। ज्येष्ठ नागरिकलाई केवल राज्यको तर्फबाट मात्र सम्बोधन गर्नेभन्दा पनि समाज र समुदायबाट समेत उनीहरूप्रति सकारात्मक सहयोग र सम्मानित व्यवहार, सम्बन्ध र सहयोग हुन सकेमा विद्यमान समस्या तथा अप्ठ्याराहरू सहजरूपमा समाधान हुन सक्ने अपेक्षा गर्न सकिन्छ।

## चौधौँ योजना (२०७३/७४-०७५/७६)

ज्येष्ठ नागरिकहरूको आधारभूत हक अधिकारको संरक्षण एवम् सम्मानजनक र सन्तुष्टिपूर्ण जीवनयापनको सोच राखिएको छ। त्यसैगरी ज्येष्ठ नागरिकहरूका सेवा सुविधाहरूको पहुँचलाई सहज बनाई उनीहरूलाई सुरक्षित र सम्मानित तुल्याउने उद्देश्य लिइएको छ भने ज्येष्ठ नागरिकहरूको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु र ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु पर्ने उद्देश्य राखिएको छ। प्रस्तुत सोच, उद्देश्य र लक्ष्यलाई पूरा गर्न केही रणनीति समेत अवलम्बन गरिएका छन्। ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहार हटाई उनीहरूको अधिकारको संरक्षण गर्ने, विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने र सबैबाट ज्येष्ठ नागरिकलाई संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गर्ने विषय समेटिएका छन्।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४:

सङ्घीय शासन प्रणालीअनुरूप मुलुक तीन तहको सरकार निर्माणपश्चात् सरकार गठन भई कार्यान्वयनमा समेत रहेको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी विभिन्न अनुसूचीमा उल्लेख भएको छ । ज्येष्ठ नागरिकसम्बन्धी कार्य तथा जिम्मेवारी अनुसूची ८ मा स्थानीय तहको अधिकारमा समावेश गरेको छ। राज्यले स्थानीय सरकार सञ्चालन ऐन समेत निर्माण गरी कार्यान्वयन रहेको छ। स्थानीय सरकार सञ्चालन ऐनअनुरुप ज्येष्ठ नागरिकका सम्बन्धमा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार निश्चित गरिएको छ जसअनुरूप संघ र प्रदेश कानुनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन, ज्येष्ठ नागरिकको लगत अद्यावधिक, परिचय पत्र वितरण, ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन र ज्येष्ठ नागरिकको व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्नेगरी कार्य जिम्मेवारी तोकिएको छ। यसरी स्थानीय तहबाट ज्येष्ठ नागरिकको विषयलाई सम्बोधन गर्दा ज्येष्ठ नागरिकले नजिकबाट सेवा पाउने अवस्था सिर्जना भएको छ। ज्येष्ठ नागरिकको विषयलाई नजिकबाट सम्बोधन हुने अवस्थाबाट भविष्यमा सहज र सरल सेवा सुविधा प्रदान गर्न सकिने अवस्था देखिएको छ।

## विद्यमान समस्या तथा चुनौतीः

नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा आएको परिवर्तनको कारण ज्येष्ठ नागरिकको जीवनयापनमा विभिन्न समस्या देखा पर्दैआएको छ । राज्यको तर्फबाट समयमा नै सम्बोधन गर्न र ज्येष्ठ नागरिकको जीवन सहज र सरल बनाउँदै उनीहरूको जीवनलाई राज्यको सम्पत्तिको रूपमा रुपान्तरण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दैआएको छ । ज्येष्ठ नागरिक केवल बाधा र समस्या मात्र नभएर उनीहरूको ज्ञान, सीप, र अनुभवहरू युवा पुस्तामा हस्तान्तरण, अध्ययन अनुसन्धान, सञ्चार क्षेत्रबाट प्रचार प्रसार, पैरवी तथा अन्तरक्रिया र गोष्ठी जस्ता कार्यक्रमको साथै वृद्धाश्रमको व्यवस्था तथा दिवा सेवा केन्द्र सञ्चालन गरिँदै आएको छ। यति हुँदाहुँदै पनि ज्येष्ठ नागरिकको विषय समस्यारहित हुन सकेको छैन। ज्येष्ठ नागरिकको विषय अत्यन्त संवेदनशील र महत्त्व भएपनि राज्यले अन्य क्षेत्रका विषयलाई उच्च प्राथमिकता दिनुपरेको कारण ज्येष्ठ नागरिकका विषय अपेक्षा गरेअनुरूप सम्बोधन हुन सकेको छैन। थोरै भएपनि सामाजिक सुरक्षाको माध्यमबाट उनीहरूको जीवन सरल बनाउने प्रयास गरिँदै आएको छ। ज्येष्ठ नागरिकको सम्मानपूर्वक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गरी उनीहरूको दैनिक जीवन सुरक्षित र सम्मानित तुल्याउनु पर्ने छ भने उनीहरूमा रहेको ज्ञान, सीप र अनुभव र क्षमतालाई मुलुकको सामाजिक र आर्थिक क्षेत्रमा उपयोग गर्ने वातावरणको सिर्जना गर्नु पर्ने अवस्था रहेको छ।

## समस्या तथा चुनौतीः

- ज्येष्ठ नागरिकको यकिन तथ्याङ्कको अभावमा वास्तविक योजना र कार्यक्रम निर्माण र कार्यान्वयन गर्नमा असहज भएको।
- सरकार, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट ज्येष्ठ नागरिकको लागि विभिन्न सेवामूलक र सहयोगी कार्यक्रम सञ्चालन गरिएको भएपनि प्रभावकारी समन्वयको अभावमा सोको सही उपलब्धि प्राप्त गर्न नसकिनु।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र क्षमतालाई उपयोग गर्नको लागि उनीहरूसँग के कस्ता ज्ञान सीप तथा क्षमता रहेका छन् पहिचान गरी उपयोग गर्न नसकिनु।
- ज्येष्ठ नागरिकलाई परिवार, समाज, समुदाय र राज्यको तर्फबाट सहीरूपमा सम्बोधन गर्न ठोस नीति र कार्यक्रमको तर्जुमा र कार्यान्वयन हुन नसक्नु।
- ज्येष्ठ नागरिकका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको नियमन र समन्वय गर्नु।
- वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थित गर्नु र ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गर्नु।
- कानुनी व्यवस्था भएपनि प्रभावकारी कार्यान्वयनको अभाव।
- असक्त, असहाय, वेवारिसे तथा प्राकृतिक प्रकोपबाट पीडित ज्येष्ठ नागरिकको सङ्ख्यामा वृद्धि हुँदैगएको।
- परिवारजनबाट उपयुक्त हेरचाह, आदर र सम्मानमा कमी र नैतिक शिक्षा र चेतनाको कमी आदि रहेका छन्।
- आर्थिक, शारीरिक र मानसिक कमजोरीका कारण सामाजिक सहभागितामा कमी हुने।

## भावी रणनीति र कार्यदिशाः

सामान्यतः जीवनमा सबैले बुढ्यौली अवस्था भोग्नै पर्दछ । फरक यत्ति हो कि कसैको सामान्य हुन सक्दछ त कसैको अति जटिल र कठिन पनि हुन सक्दछ । मूलतः मानिसको उमेर बढ्दै जाँदा शारीरिक र मानसिकरूपले ग्रस्त जीवन अझ बढी कष्टकर हुने गरेको कुरा विभिन्न व्यक्तिको अनुभव र अभिव्यक्तिबाट जानकारी हुन आएको छ । ज्येष्ठ नागरिकको बाँकी जीवन सरल र सहज बनाउने र उनीहरूमा भएका ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न सक्ने गरी नीति तथा कार्यक्रमको निर्माण र कार्यान्वयन गरिनु पर्दछ । यसका लागि मूलतः उनीहरूको ज्ञान, सीप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण गर्ने, हिंसा र दुर्व्यवहारमा परेका ज्येष्ठ नागरिकको संरक्षण, उपचार तथा मनोपरामर्श र सहज कानुनी सहायता उपलब्ध गराउन सकेमा उनीहरूको जीवन सरल हुन सक्दछ । ज्येष्ठ नागरिकलाई दैनिक जीवन सरलरूपमा व्यतीत गर्न दिवा सेवा केन्द्रको व्यवस्था, गैरसरकारी संस्थासँग हातेमालो गरी ज्येष्ठ नागरिकको समस्यालाई समयमा नै उच्च प्राथमिकता दिई सम्बोधन गर्ने र उनीहरूलाई प्रदान गरिने सेवा तथा सुविधालाई उपयुक्त मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सकेको खण्डमा ज्येष्ठ नागरिकको जीवन सहज र सरल हुन सक्ने देखिन्छ ।

राज्यले ज्येष्ठ नागरिकका लागि उपयुक्त नीतिको निर्माण गरी सो नीतिको आधारमा विभिन्न रणनीति तथा कार्यक्रमहरूको निर्माण र कार्यान्वय गर्नुपर्दछ । ज्येष्ठ नागरिकको लागि विभिन्न कार्यक्रम निर्माण र कार्यान्वयन गर्नको लागि तथ्याङ्कको आवश्यक पर्दछ । कुन उमेरका कति ज्येष्ठ नागरिकको सङ्ख्या रहेका छन् र शारीरिक र मानसिक रूपले प्रभावित कति जनसङ्ख्या रहेका छन् त्यसको लेखाजोखा हुन आवश्यक छ । ज्येष्ठ नागरिकले राज्यको तर्फबाट प्राप्त गर्ने सेवा र सुविधा सहजरूपमा पाउनका लागि विभिन्न कार्यविधिको साथै ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराउँदै आइएको छ । यसलाई अझ प्रभावकारी र सरलीकरण गर्न समयानुकुल सुधार र संशोधन गर्नुपर्ने हुन्छ जसले ज्येष्ठ नागरिलाई सेवा प्राप्त गर्न सहज हुनुको साथै उनीहरूमा थप ऊर्जा प्राप्त हुन्छ । विद्यालय तहबाट ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्न अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम समेत सञ्चालन हुँदैआएका छन् जसलाई निरन्तरता दिनुका साथै थप प्रभावकारीरूपमा सञ्चालन गरिनुपर्दछ । ज्येष्ठ नागरिकलाई मूलतः हामीले भन्ने गरेको **मातृदेवो भव पितृदेवो भव** भन्ने आदर्श वाक्यलाई व्यवहारमा उतार्न सकियो भने ज्येष्ठ नागरिकप्रति सम्मान गरेको ठहर्ने छ । ज्येष्ठ नागरिकप्रति यसअनुरूप सम्मान र आदर गर्न सकिने वातावरणको सिर्जना गर्न समाजमा सुधार एवं सोचमा परिवर्तन गर्नको लागि कार्यक्रम सञ्चालन गरिनुपर्दछ । यसको साथै ज्येष्ठ नागरिकप्रति श्रद्धा र सेवाभावबाट सम्मान प्रकट गर्नु, उनीहरूमा सम्पत्ति र भौतिक सुख सुविधाभन्दा पनि मायाममता महत्त्वपूर्ण हुने भएकोले मायालु वातावरणको निर्माण गर्नु अहिलेको सर्वोपरि आवश्यकता हो ।

## अन्तमाः

ज्येष्ठ नागरिक हामी सबैको आदर्श र अग्रज समूह हो । जीवनको लामो समय व्यतीत गर्दा भोगेका राम्रा र नराम्रा विषयवस्तुलाई नयाँ पिँढीमा हस्तान्तरण गर्न सकेको खण्डमा ती ज्ञान, सीप र अनुभवले नयाँ पिँढीलाई समेत आफनो जीवन सहज र सफल बनाउनमा सहयोग पुग्न सक्ने हुन्छ । यसका लागि राज्यले उपयुक्त नीति, कानुन र कार्यक्रम निर्माण गरी ज्येष्ठ नागरिकको सहयोग र समन्वयमा कार्यान्वयन गर्न सकेको खण्डमा यस्ता कार्यक्रमबाट परिवार, समाज, समुदाय र राष्ट्रले समेत सकारात्मक परिणाम आउनमा मद्दत गर्दछ । उमेर बढ्दै जाँदा आउन सक्ने समस्याको समयमा नै पहिचान गरी सोको सम्बोधन गर्न आवश्यक कार्यक्रम तथा रणनीति तय गर्ने मनसाय राखी

सङ्घीय शासन प्रणालीमा संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा व्यवस्था गरिएको भएपनि ज्येष्ठ नागरिकको विषयमा स्थानीय तहले मात्र हेर्नेभन्दा पनि राज्यका तीनै तहले समन्वयात्मक रूपमा भूमिका निर्वाह गर्न सकिएको खण्डमा ज्येष्ठ नागरिकका समस्याको प्रभावकारी सम्बोधन हुनुका साथै ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सहीरूपमा उपयोग हुन सक्ने देखिन्छ। विगतमा संयुक्त परिवारमा बस्ने, एकले अर्कालाई श्रद्धाको भावले हेर्ने, नैतिक र आदर्शको रूपमा लिने गरिएकोमा पछिल्लो समयमा यसमा ह्रास आउन थालेको महसुस भएको छ। तसर्थ विद्यालय तहदेखि नै नैतिक शिक्षालाई प्राथमिकता दिई नयाँ पिँढीलाई ज्येष्ठ नागरिकप्रति सद्भाव र सम्मान प्रकट गराउने वातावरण सिर्जना गर्न सकिएको खण्डमा ज्येष्ठ नागरिकको सम्मान र उनीहरूको ज्ञान, सीप र अनुभवलाई नयाँ पिँढीमा हस्तान्तरण गर्दै सहीरूपमा उपयोग गर्न समेत मद्दत पुग्दछ। यसैले बुढा र बुढ्यौलीलाई नकारात्मक रूपमा नलिई **मातृदेवो भव** र **पितृदेवो भव** को मूल मन्त्रलाई सबैले आत्मसात् गरौ।

**सन्दर्भ सामग्रीः**

(१) नेपालको संविधान, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति।

(२) ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति।

(३) स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति।

(४) सशक्तिकरण,२०६३ फाल्गुन, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय।

(५) आ.व. २०७५/७६ को बजेट बक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, २०७५

(६) छलफल कार्यपत्र, शर्मा, भरतराज, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।

(७) विभिन्न लेख तथा रचनाहरू

(लेखकः महिला वालबालिका तथा ज्येष्ठ नागिरक मन्त्रालयमा सह-सचिव छन्।)

# महिलाविरुद्धको हिंसा अन्त्यः स्थानीय सरकारको भूमिका

राधिका अर्याल

## १. पृष्ठभूमि

महिलाविरुद्ध हुने हिंसा विश्वव्यापीरूपमा हुने गरेको महिलाको मानव अधिकार हननको विषय हो । यस किसिमको हिंसाले गर्दा विश्वभरीका महिलाहरूले पुरुषसरह आफ्ना अधिकार र स्वतन्त्रताको उपभोग गर्न नसक्ने अवस्था सिर्जना भएको छ । महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र, १९९३ का अनुसार महिलाविरुद्ध हिंसालाई सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउँदछ वा पुर्‍याउने सम्भावना हुन्छ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाव र स्वेच्छाचारीरूपमा महिलाको स्वतन्त्रतामा बन्देजसमेत पर्दछ भनी परिभाषित गरेको छ । नेपालको सामाजिक संरचना, मूल्य, मान्यता तथा सोचका कारण महिलाबाट पुरुषमा हुने हिंसाभन्दा पुरुषबाट महिलामाथि हुने हिंसाको सङ्ख्या बढी रहेको तथ्याङ्कले देखाएको छ । वि.सं. २०७३ सालमा भएको जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणले महिलाहरू घरभित्रै विभिन्न किसिमका शारीरिक, यौनजन्य तथा मानसिक हिंसाबाट पीडित हुने गरेको तथ्य देखाएको छ ।

नेपालले महिलाविरुद्धको हिंसा निवारण मात्र नभई अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । नेपालको संविधान को धारा ३८ को उपधारा (३) ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्यलाई कानुनबमोजिम दण्डनीय बनाई पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चित गरेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाबमोजिम गठित सरकारका प्रधानमन्त्रीको सम्बोधन (मिति २०७५ वैशाख १ गते) मा प्रथा र प्रचलनका नाममा महिलाविरुद्ध हुने सबै किसिमका हिंसा र विभेद प्रभावकारी ढङ्गले अन्त्य गरिने, बालविवाह र बहुविवाहलाई पूर्णतः निषेध गरिने व्यक्त भएको छ । त्यसैगरी सरकारको नीति तथा कार्यक्रममा कानुनको प्रभावकारिता बढाई बलात्कार, यौनशोषण, मानव ओसारपसार र बेचबिखन तथा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरूलाई निर्मूल गरिने र महिला हिंसाको प्रमुख कारकको रूपमा रहेका अशिक्षा, अभाव, अन्धविश्वास र पछौटेपन हटाउन विशेष अभियान सञ्चालन गरिने कुरा उल्लेख भएको छ । आ. व. २०७५।७६ को बजेट बक्तव्यमा बालविवाह, दाइजो प्रथा, तिलक, देउकी, बोक्सी, छाउपडीलागयत सबै प्रकारका कुरीति, अन्धविश्वास र महिलाको हिंसाविरुद्धमा सचेतना अभिवृद्धि गरिने व्यवस्था गरेको छ ।

नेपालको संविधान, सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य र सरकारको प्राथमिकता हेर्दा महिलाविरुद्धको हिंसा अन्त्य गर्न तत्काल निम्नानुसारको कार्य गर्नुपर्ने देखिन्छ।

१. महिलाविरुद्ध सबै ठाउँ (निजी तथा सार्वजनिक जीवन) मा हुने सबै प्रकारका हिंसालाई कसुर कायम गर्ने र पीडितलाई क्षतिपूर्तिसहितको कानुन निर्माण गर्ने
२. महिला हिंसाविरुद्ध बनेका कानुनहरूको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्ने । यसका लागि निरन्तर अनुगमन र प्रतिवेदनको संयन्त्र निर्माण गर्ने।
३. महिलाविरुद्धको हिंसा, कुरीति, अन्धविश्वास, परम्परागत हानिकारक सामाजिक अभ्यासलाई हटाउने गरी सामाजिक सचेतना सहितको अभियान देशव्यापीरूपमा सञ्चालन गर्ने।
४. हिंसा पीडित महिलाको तत्काल उद्धार, राहत पुनर्स्थापना तथा न्यायमा पहुँच अभिवृद्धि लगायतका कामका लागि संयन्त्र निर्माण गर्ने।

नेपालको संविधानअनुसार गठन भएको सङ्घीय शासन व्यवस्थामा महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्ने जिम्मेवारी तीनै तहको सरकार भित्र रहेको स्पष्टरूपमा देखिन्छ। मुख्यतः महिलाविरुद्ध हुने हिंसा नियन्त्रणका लागि कानुन निर्माण गर्ने जिम्मेवारी संघ अन्तर्गत रहेको देखिन्छ भने कानुन कार्यान्वयनको विषय संघ, प्रदेश र स्थानीय गरी तीनैवटा सरकारको कार्य जिम्मेवारीभित्र देखिन्छ। समाजमा विद्यमान कुरीति, अन्धविश्वास, पछौटेपन, हानिकारक अभ्यास, प्रथा, परम्परा हटाउन सामाजिक सचेतनासहितको अभियान सञ्चालन गर्ने जिम्मेवारी मुख्यतः स्थानीय सरकारको कार्यक्षेत्रभित्र देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार भित्र बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने र गराउने रहेको छ। यसरी हेर्दा महिलाविरुद्ध हुने सबै किसिमका हिंसा अन्त्य गर्नका लागि कार्यान्वन तहको जिम्मेवारी स्थानीय तह मुख्य गरी स्थानीय सरकारको रहेको देखिन्छ।

महिलाविरुद्ध हुने हिंसा हुन नदिनको लागि समाजको सबैभन्दा तल्लो युनिट परिवारसम्म सचेतनामूलक सन्देश, जानकारी प्रवाह गर्न हिंसा भइहालेमा पीडितको संरक्षण र थप हिंसा नहुने वातावरण सिर्जना गर्ने, पीडितको मानव अधिकार संरक्षण तथा न्यायमा सहज पहुँच पुर्‍याउनेसम्मको कार्य स्थानीय सरकारले गर्नुपर्ने हुन्छ । यसका साथै हिंसाको रोकथाम तथा अन्त्यसम्मको काम गर्नका लागि बहुक्षेत्रको संलग्नता (जस्तै प्रहरी, नागरिक समाज, न्यायिक निकाय, आदिको ) हुने भएकाले ती निकायहरू बीच समन्वय, सहयोग र सहकार्य गनुपर्ने हुन्छ भने यस कार्यमा प्रत्यक्षरूपमा संलग्न हुने जनशक्ति, संस्था, संयन्त्रको क्षमता विकासको क्षेत्रमा पनि हिंसा अन्त्य गर्ने सन्दर्भमा स्थानीय सरकारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

## महिलाविरुद्धको हिंसा नियन्त्रणका लागि स्थानीय सरकारले तत्काल गर्नुपर्ने कार्यहरू-

### (१) हिंसाविरुद्धको अभियान तथा रोकथाम

नेपाली समाजमा महिला हिंसाको प्रमुख कारकको रूपमा अशिक्षा, अभाव, अन्धविश्वास, पछौटेपन, प्रथा र प्रचलन रहेको पाइन्छ। यसका साथै सामाजिक मूल्य मान्यता र सोच पितृसत्ताबाट निर्देशित भएको कारणले

गर्दा पनि महिलाउपर विभिन्न किसिमका हिंसा हुने गरेका छन्। केही समयअगाडि कैलालीको घोडाघोडी नगरपालिकामा कक्षा ११ मा पढ्ने महिला माथि बोक्सीको आरोप लगाई आफूले सबै शिक्षा (विद्या) लिएर अरूलाई पढ्न नआउने बनाइदिएको निहुँमा चरम यातना दिइएको घटना सार्वजनिक भएको थियो। सुदूर पश्चिम कै केही जिल्लाहरूमा महिनावारी भएको समयमा घरभित्र बस्दा कुलदेवता रिसाउने र परिवारमा धनजनको क्षति हुने अन्धविश्वासले गर्दा महिलाहरू छाउगोठमा राख्ने प्रचलन विद्यमान छ। पछिल्लो समयमा बलात्कार र बलात्कारको प्रयासका घटनाहरूमा पनि वृद्धि भएको छ।

नेपाल बहुसामाजिक, बहुभाषिक, बहुजातीय प्रकृतिको देश भएकोले गर्दा समाजको विशेषताअनुसार विद्यमान प्रथा, परम्परा, अन्धविश्वास, पछौटेपनलाई सम्बोधन गर्नेगरी चेतनामूलक कार्यक्रम स्थानीय सरकारले समाजको सबैभन्दा तल्लो विन्दु "परिवार"सम्म सञ्चालन गर्नुपर्छ। यस किसिमको सचेतनामूलक अभियान स्थानीय रेडियो (एफ.एम.), टेलिभिजन जस्ता सञ्चार माध्यमबाट बहुभाषामा तयार गरी प्रचारप्रसार गर्नुपर्छ। साथै पर्चा, पम्पलेट, ब्रोसर, होडिङ्ग बोर्डहरू तयार गरी ठाउँठाउँमा वितरण गर्ने र विद्यालयस्तरदेखि नै निरन्तर रूपमा महिलाविरुद्धको हिंसाबारेमा सचेतना र संवेदनशीलता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ। समाजका अगुवा, नेता, धामी झाँक्री, शिक्षक जोप्रति समाजका धेरै जनसङ्ख्याले विश्वास गर्छन् ती व्यक्तिलाई हिंसाविरुद्ध बोल्न लगाउने काम गरेमा महिला हिंसा अन्त्यमा सहयोग पुग्छ। समाजमा महिला हिंसाविरुद्ध आवाज उठाउने र यस क्षेत्रमा सक्रियतापूर्वक लाग्ने व्यक्तिलाई सार्वजनिकरूपमा सम्मान गर्ने संस्कार र संस्कृतिको विकास गर्नुपर्दछ। यसले यस अभियानमा संलग्न व्यक्ति (पुरुष, महिला) र संस्थालाई थप प्रेरणा र ऊर्जा प्राप्त हुन्छ।

**(२) संरक्षण**

महिलाविरुद्ध हुने हिंसालाई मानव अधिकारको हननका रूपमा लिई हिंसाबाट पीडित वा प्रभावित महिलाको तत्काल उद्धार र संरक्षण गरी आधारभूत मानवीय सेवा प्रदान गर्न, पीडितको न्यायमा पहुँचको सुनिश्चिततासहित सामाजिक पुनर्स्थापना लगायतका सेवा एकीकृत र सहजरूपमा उपलब्ध गराउने व्यवस्था गरी पीडितको मानव अधिकारको संरक्षण गर्नु स्थानीय सरकारको प्रमुख कार्य हुनुपर्छ। यस कार्यका लागि स्थानीय सरकारको नेतृत्वमा द्रुत प्रतिकार्य समूहको निर्माण गरी सञ्चालन गर्न उपयुक्त हुन्छ। यो द्रुत प्रतिकार्य समूहको संरचना र कार्य निम्नानुसार प्रस्ताव गरिएको छ।

**(क) द्रुत प्रतिकार्य समूहको संरचनाः-**

१. स्थानीय तहको उपप्रमुख - अध्यक्ष
२. स्थानीय तहको कार्यकारी अधिकृत - सदस्य
३. स्थानीय तहमा रहेको प्रहरी प्रमुख - सदस्य
४. स्थानीय तहको स्वास्थ्य संस्थाको प्रमुख - सदस्य
५. स्थानीय तहमा महिला हिंसाविरुद्ध काम गर्ने संस्थाको प्रतिनिधि - सदस्य
६. स्थानीय तहको महिला (सामाजिक सुरक्षा) विषय हेर्ने प्रमुख - सदस्य सचिव

स्थानीय तहमा उपलब्ध भएसम्म मनोसामाजिक परामर्शकर्तालाई सदस्यको रूपमा आमन्त्रण गर्न सकिने।

**(ख) द्रुत प्रतिकार्य समूहको कार्यक्षेत्रगत शर्तः-**

(१) स्थानीय तहमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित समस्याको पहिचान गर्ने।

(२) स्थानीय तहको समस्या समाधान गर्नका लागि योजना तर्जुमा गर्ने, कार्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्ने।

(३) महिला हिंसाका सम्बन्धमा विद्युतीय माध्यम, पत्रपत्रिकामा प्रकाशित समाचारहरूको सङ्कलन, विश्लेषण गरी तत्काल आवश्यक कारबाही अगाडि बढाउने।

(४) महिला हिंसा, दुर्व्यवहार, बालबालिकाविरुद्धको हिंसाको गुनासो सुनुवाइ गर्ने।

(५) हिंसा र दुर्व्यवहारबाट पीडित तथा प्रभावित व्यक्तिहरूको लिखित वा मौखिक उजुरी लिने, आवश्यकतानुसार तत्काल उद्धार गर्ने। आवश्यकतानुसार घटनास्थलको निरीक्षण गर्ने।

(६) हिंसा र दुर्व्यवहारबाट पीडितहरूलाई स्वास्थ्य उपचार/परीक्षण, मनोसामाजिक परामर्श, कानुनी सहायता, न्यायिक प्रक्रिया र पारिवारिक पुनर्स्थापनासम्बन्धी कार्यक्रम गर्ने वा गराउने।

(७) हिंसा र दुर्व्यहारबाट पीडित/प्रभावित महिला, बालबालिकाको शिक्षा, सीप विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गराउने।

(८) समितिले आफ्नो क्षेत्रअन्तर्गत जोखिममा रहेका वर्ग, समुदायको खण्डीकृत तथा एकीकृत तथ्याङ्क राख्ने वा राख्न लगाउने।

(९) समितिबाट सम्पन्न गरिएका क्रियाकलापको अभिलेख राखी वार्षिक प्रतिवेदन तयार गर्ने र आवधिकरूपमा सार्वजनीकरण गर्ने र प्रतिवेदन न्यायिक समन्वय समितिमा पेस गर्ने।

(१०) पीडित प्रभावितहरूको संरक्षणका लागि आवश्यकतानुसार पुनर्स्थापना केन्द्र वा सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने/गर्न लगाउने।

(११) स्थानीय तहको आ-आफ्नो क्षेत्रमा लैंङ्गिक हिंसा निवारणसम्बन्धी सूचकहरू तयार गरी कार्यान्वयनमा ल्याउने।

**(ग) हिंसापीडित महिलाको उद्धार र आपतकालीन संरक्षण गर्दा देहायका कुरामा विशेष ध्यान दिनु पर्नेः-**

(१) छिटोभन्दा छिटो सुरक्षित स्थानमा लैजाने;

(२) खाना, लत्ताकपडा, आवासको तुरुन्त व्यवस्था गर्ने;

(३) आवश्यक औषधोपचार सेवा तुरुन्त उपलब्ध गराउने;

(४) घटनासँग सम्बन्धित सबुद प्रमाणको सङ्कलन र संरक्षण गर्ने;

(५ परिवारको पहिचान छिटोभन्दा छिटो गर्ने;

(६) परिवारको पहिचान भएर पनि तत्कालका लागि सुरक्षित रूपमा राख्नु पर्ने भएमा अस्थायी आश्रयस्थल वा सेवा केन्द्रमा राख्ने र

(७) हिंसापीडित महिलासँग आश्रित नाबालकको हेरचाह तथा संरक्षणका लागि समेत आवश्यक व्यवस्था गर्ने।

**(घ) द्रुत प्रतिकार्य समूहको लागि स्रोतको व्यवस्थाः-** स्थानीय तहमा महिलाविरुद्ध हुने हिंसालगायत सबै किसिमका लैङ्गिक हिंसा अन्त्य गर्नका लागि देहायबमोजिमको रकम रहने गरी एकीकृत राहत कोषको स्थापना गर्ने र कोषमा प्राप्त हुने रकम स्थानीय बैंकमा खाता खोली जम्मा गर्ने व्यवस्था गर्ने।

- स्थानीय तहको आफ्नो स्रोतबाट प्राप्त रकम।
- संघ तथा प्रदेश सरकारबाट लैङ्गकि हिंसा निवारणका लागि प्राप्त अनुदान रकम तथा अन्य रकम।
- लैंङ्गकि हिंसा निवारण कोष, घरेलु हिंसा सेवा कोष, एकल महिला कोष तथा कानुनी सहायता कोष अन्तरगत स्थानीय तहमा प्राप्त हुने रकम।
- स्वदेशी व्यक्ति वा संघ संस्था तथा दातृ निकायबाट प्राप्त रकम।
- अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

**(ङ) कोषको रकम देहायका कामका लागि उपयोग गर्न सकिने व्यवस्था गर्नेः**

(१) कोषको रकम देहायका कामका लागि उपयोग गर्न सकिने छ-

- आकस्मिक उद्धार गर्न र सहायता उपलब्ध गराउन;
- प्रेषण गरिएको अस्पतालमा औषधी उपचार गराउन;
- राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन;
- कानुनी सहायता उपलब्ध गराउन, मनोवैज्ञानिक उपचार गर्न तथा मनोविमर्श सेवा उपलब्ध गराउन;
- सुरक्षित आश्रयस्थलमा सेवा सुविधा उपलब्ध गराउन;
- पुनर्स्थापना गराउन;
- कुनै व्यवसाय गर्नका सीप विकास गर्न लागि बिउ पुँजी उपलब्ध गराउन;
- सेवा सञ्चालनसम्बन्धी पूर्वाधारको सम्भार, सुधार तथा क्षमता विस्तार गर्न, व्यवस्थापन क्षमता सुदृढ गर्न र
- पीडितका लागि तोकेबमोजिमको अन्य कार्यसम्पादन गर्न।

(२) कोषको रकममध्येबाट द्रुत प्रतिकार्य समूहको बैठक सञ्चालन गर्नका लागि तोकेको सीमाभित्र रही खर्च गर्न सकिने व्यवस्था गर्ने। स्थानीय तहमा गठन भएको द्रुत प्रतिकार्य समूहको काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यकतानुसार स्थानीय तहले आफ्नो क्षेत्रमा सेवाकेन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्ने हुन्छ।

**(३) क्षमता विकास, सहकार्य र समन्वयः-**

स्थानीय सरकारले नेपालको संविधानबमोजिम गठन भएको न्यायिका समितिका पदाधिकारीहरूको क्षमता विकास गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ। महिलाविरुद्ध हुने हिंसाको अन्त्य गर्ने विषय बहुनिकायको जिम्मेवारीभित्र पर्ने विषय भएकाले स्थानीय तहले महिला हिंसाविरुद्धको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी निकाय र नागरिक समाजसँग सहकार्य र समन्वय गरी कार्य गर्नुपर्ने हुन्छ। मुख्यगरी महिला हिंसाविरुद्धको नीति नियम तथा कानुन निर्माण गर्ने विषयमा प्रदेश, संघ र स्थानीय तहसँग सहकार्य तथा समन्वय गर्नुपर्ने

देखिन्छ। स्थानीय तहले महिला हिंसाविरुद्धमा काम गर्ने आफ्नो क्षेत्रमा रहेका गैरसरकारी संस्था, नागरिक समाजको सूची तय गर्ने, हिंसापीडित तथा प्रभावितहरूको तथ्याङ्क तथा लगत तयार गरी अद्यावधिक गरी राख्नुपर्ने हुन्छ। सरकारी तथा गैरसरकारी क्षेत्रबीच नियमित सञ्चार, सम्पर्क गर्ने संयन्त्रको निर्माण गर्ने, नियमित बैठक, छलफल, अन्तर्क्रिया गर्ने प्रणालीको विकास गर्नुपर्दछ। साथै महिला हिंसाविरुद्ध भएका गतिविधिहरूको नियमितरूपमा प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नुपर्ने हुन्छ।

प्रारम्भिक चरणमा माथि उल्लिखित विषयमा ध्यान दिएर काम गर्न सकेमा स्थानीय तहले महिलाविरुद्ध हुने विभिन्न किसिमका हिंसाको अन्त्य गर्न सक्षम हुनुको साथै राज्यले परिकल्पना गरेको समतामूलक समाज निर्माणमा योगदान पुग्नसक्ने देखिन्छ।

## सन्दर्भसूची:


१. नेपालको संविधान, २०७२ नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुन किताव व्यवस्था समिति।

२. आ. व. २०७५।७६को बजेट वक्तव्य



(लेखकः महिला वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सह-सचिव छन्।)

# ज्येष्ठ नागरिकको सामाजिक सुरक्षामा स्थानीय सरकारको भूमिका

**महेन्द्र सैवुंले**

## ज्येष्ठ नागरिक

1. ज्येष्ठ नागरिक राष्ट्रका अमूल्य निधि हुन्; सम्पत्ति हुन् र समाजका पथप्रदर्शक हुन् । ज्ञान, सीप र अनुभवका कुवेर नै हुन् । हामीले उनीहरूबाट लिन मात्र खोज्नुपर्दछ, सक्नुपर्दछ, हामीलाई दिने धेरैभन्दा धेरै विषय उनीहरूसँग छ । ज्येष्ठ नागरिक जिउँदा इतिहास नै हुन् हामीले लिपिबद्धगर्न मात्र सक्नुपर्दछ उनीहरूको ज्ञान अनुभवलाई सँगालेर राख्ने र राष्ट्रिय जीवनका हरेक क्षणमा उपयोग गर्न जान्नुपर्दछ । साँच्चै भन्ने हो ज्येष्ठ नागरिक जीवन्त पुस्तकालय नै हुन् । उनीहरूलाई पढ्न, बुझ्न र अध्ययन गर्न सक्नुपर्दछ । उनीहरूको प्रेरणाबाट हाम्रो जीवन सार्थक र समृद्धशाली बनाउन सकिन्छ । ज्येष्ठ नागरिक अतीतका पौरख र वर्तमानका सम्पदा हुन् । हामीले उनीहरूको सम्मान गर्दै संरक्षण गर्न सक्नुपर्दछ ।उनीहरू घरपरिवार, नातागोता, समाज र राष्ट्रका प्रतिष्ठा हुन्, जसले आफ्नो जीवनकाल अनगिन्ती मूल्यवान कार्यहरू सम्पन्न गरेका थिए । हामीले उनीहरूले सम्पादन गरेका कामको सम्मान र उनीहरू प्रति गौरव गर्नुपर्दछ । सकेसम्म सम्मान दिनुपर्दछ । ज्येष्ठ नागरिक भाषा, धर्म, संस्कृति र समुदायका अलौकिक तीर्थस्थल हुन् उनीहरूमा भाषा र संस्कृतिका भण्डार रहेको हुन्छ। उनीहरूको अनुभव र ज्ञानलाई उपयोग गरी भाषा संस्कृतिको विकासलाई समृद्ध बनाउन सक्ने सम्भावनाहरू प्रशस्त छन् ।

2. बुढ्यौली जीवनको पछिल्लो एवं उत्तरार्धको अवस्था हो । बुढ्यौलीको अवस्थालाई अमेरिका र बेलायतमा ज्येष्ठ नागरिक (Senior Citizens) भन्ने गरिन्छ भने विश्वमा धेरै देशमा समाजका पाका व्यक्ति (Elders) भन्ने गर्दछन् । नेपालमा पनि ६० वर्षभन्दा माथि उमेरका व्यक्तिलाई ज्येष्ठ नागरिक (ज्येष्ठ नागरिक ऐन, २०६३ (२).क ) भनिएको छ । विकसित मुलुकहरूमा उमेर ६५ वर्षमाथिकालाई ज्येष्ठ नागरिक मानिएको छ । यस चरणमा मानिसहरू शारीरिक एवं मानसिकरूपमा कमजोर हुने र रोगले ग्रस्त हुने सम्भावना बढी भएको अवस्था र साथीभाइ, घरपरिवार र नातागोताबाट अलग रहनुपर्ने बाध्यात्मक अवस्था हो ।

3. खानपिन र स्वास्थ्य सेवामा आएको प्रगतिले गर्दा संसारभर ज्येष्ठ नागरिकको सङ्ख्यामा वृद्धि भइरहेको छ । हाल विश्वमा कुल जनसङ्ख्या ७ अर्व ५१ करोड (२०१७) रहेको छ भने त्यसमा ६० वर्षमाथिको जनसङ्ख्या १२.३ रहेको छ (UNFPA) । यो सङ्ख्या सन् २०५० सम्ममा करिब २२ प्रतिशत पुग्ने अनुमान रहेको छ । नेपालमा ज्येष्ठ नागरिकको सङ्ख्या, कुल जनसङ्ख्याको ८.१३ प्रतिशत अर्थात् २४,२२,४९४ रहेको छ (जनगणना, २०६८)। आधारभूत पोषण, खाद्यान्न, सरसफाइ, स्वास्थ्य सुविधामा भएको प्रगति र आर्थिक

समृद्धिले आएको सामाजिक चेतना र प्रगतिले औषत उमेर बढ्दै गएको, मृत्युदर घट्दै गएको आदि कारणबाट वार्षिक ३.५ प्रतिशतका दरले ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएको छ। यो सङ्ख्या हाल वि.सं.२०७४ मा २६ लाख पुगेको छ। यो सङ्ख्या वि.सं. २०७८ (सन् २०२०) मा १०.१० प्रतिशत, वि.सं. २०८३ (सन् २०२५) मा १३ प्रतिशत र वि.सं. २१०८ (सन् २०५०) मा २१.६ प्रतिशतसम्म पुग्ने अनुमान रहेको छ (जनगणना, २०६८ प्रक्षेपण)।

4. ज्येष्ठ नागरिकलाई घरमा नराखी वृद्धाश्रम पठाउने, सडकमा भिक्षा माग्न लगाउने, बलजफ्ती काममा लगाउने, दुर्व्यवहार गर्ने, अपहेलना गर्ने, उनीहरूले मन नलागे पनि खाइदिनुपर्ने र नखाएमा भोलिपल्टदेखि खाना नपाउने अवस्थामा जीवन विताउनै पर्ने, दिउंसो बन्द घर वा कोठामा एकल जीवन बिताउनु पर्ने, रातमा कसैको साथ आवश्यक पर्ने बेलामा कोही साथमा नबसिदिने, कसैले नहेरिदिने, केही गुनासा एवं मनका कुरा भन्न खोज्दा सुनिदिने कोही नहुने, आफ्नै सन्तानले नसुनिदिने, सुनाउन खोज्दा झर्कने, गालीगलौज गर्ने र केही जाने बुझेको छैन चुप लाग्नुस् भनिदिने जस्ता अवस्थामा बाँचिरहेका छन् हाम्रा ज्येष्ठ नागरिक। उनीहरू यिनै कारणबाट नैराश्यमा बाँच्न विवश छन्।

## सामाजिक सुरक्षा र कानुनी व्यवस्था

1. मानिस सहज, सुरक्षित, आरामपूर्वक र सम्मानपूर्वक बाँच्न चाहन्छ। त्यसमा त अझै ज्येष्ठ नागरिक जसले आफ्नो सम्पूर्ण जीवन परिवार, समाज र राष्ट्रलाई समर्पित गरिसकेका हुन्छन्, जो शारीरिक मानसिक दुवै हिसाबमा कमजोर हुँदैगएका हुन्छन् तिनले आराम, सम्मान र सुरक्षा खोज्नु अस्वाभाविक होइन। यद्यपि, सबैका इच्छा, चाहना र आवश्यकता पूरा हुँदैनन्। यो अवस्थामा आइपुग्दा मानिसको क्रियाशिलताको गति र आयातन धिमा हुन्छ। उत्पादनशीलता शून्यतातर्फ उन्मुन्ख रहन्छ र आयस्रोतको घेरामा साँगुरोपन आउँछ। उमेरजन्य कारणबाट रोगको चपेटामा पर्दैजाने गर्दछन्। अपवाद बाहेक बाँकी धेरैले कष्टकर जीवन बिताउन बाध्य भएका छन्। जीवनको उत्तरार्धमा पर्ने यो कालखण्ड धेरैका लागि दुःखदायी भएको र हुने सम्भावना रहेको देखिन्छ।

2. जन्मका आधारमा, सबै बराबर भए पनि, उमेर बढ्दै जाँदा शारीरिक तथा मानसिकरूपमा कमजोर हुँदै जाने भएकाले यिनीहरूलाई कसैको संरक्षण र भरको आवश्यकता हुन्छ। तर समाज तथा परिवारमा आफ्नो मात्रै अधिकारको खोजी गर्ने, माग गर्ने र उपभोग गर्ने, तर अरूको अधिकार तथा आवश्यकतामा कुनै विचारै नगर्ने प्रवृत्ति व्याप्त छ। अर्कोतर्फ समाजको शक्ति संरचना बलियोमा सर्दै जाने र सुविधा त्यतै बग्ने हुँदा निर्बलहरूको सुविधा घट्दै जाने गर्दछ। कमजोर वृद्धवृद्धाहरू वहिष्करणको घेराभित्र पर्दै जान्छन्। उमेरगत विभेदबाट ज्येष्ठ नागरिक निरन्तर पीडित छन्। ज्येष्ठ नागरिक स्वयं आफैले र आफ्नै परिवार, समाज, राष्ट्रले उनीहरूमा आउने र आएको परिवर्तनलाई ख्याल नगर्दा र उनीहरूको आवश्यकताअनुरूप सक्षम नबनाउँदा र सबलीकरण नगर्दा ज्येष्ठ नागरिकले कष्टकर जीवन विताइरहनु परेको छ। ज्येष्ठ नागरिकको क्षमता बढाउन सबलीकरण र व्यवस्थापन गर्नुपर्दछ।

3. नेपालको वर्तमान संविधानले (धारा ४१) मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिने छ' उल्लेख छ। ज्येष्ठ नागरिकको आधारभूत हक अधिकारको संरक्षण

गरी सम्मानपूर्वक जीवनयापन गर्न उनीहरूको सबलीकरण र उन्नतिको लागि उनीहरूमा भएका ज्ञान, सीप र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको आमदृष्टि गर्ने कार्यसहितका २२ वटा अधिकार जिम्मेवारी सुम्पेको छ।

## सबलीकरणका लागि स्थानीय सरकारको भूमिकाः

- In totality, as envisioned by the UN CRC, right to survival, right to development, right to protection, right to participation are respected while carrying out different interventions by different ministries, development Partners and NGOs.

## 3. Challenge

The different interventions mentioned above have not been able to produce desired result so far. Still the rights of the children are not fully ensured. There are different challenges in this regard. The first and the foremost challenge is to have concerted efforts towards this direction with full cooperation among different stakeholders within government system and development partners. Nepali Society has definitely become concerned and sensitized on children issue, but targeted interventions with desired results are yet to be achieved fully. Despite a range of policies, legal and institutional measures that have been taken, children's and their families' ability to enjoy child rights is constrained by a number of factors, which also relate to governance and structural and functional capabilities of the state organs (MoWCSC, 2013).

Moreover, the apparent under-reporting of cases of child abuse and neglect (attributed to social taboo); fear of undermining the social status of the family; and other structural factors) remains a challenge. Importantly, the major economic and social issues such as poverty, inaccessibility and environmental degradation remain major threats to the enjoyment of rights of the child(ibid). The local bodies, which are the vehicle of devolution, decentralization and good governance at the local level, have remained out of political leadership for long. This has adversely affected the delivery of basic services to the people effectively and efficiently (ibid). Most importantly, violence against children has to do with the discrimination of girls against boys, patriarchal mindset of the people, illiteracy, poverty and other socio-economic and cultural factors. Still there are many parents who think that making their children disciplined through physical and psychological punishment is their rights and it is for the betterment of their children. Still there is a challenge to reach out to those parents who try to justify violence against children for the betterment of their children.

Importantly, Children are not treated at par with adults in terms of ensuring their rights as envisioned by UN CRC and other ratified conventions. Moreover, Girl Child in general and adolescent girls in particular do have their specific requirements, which are yet to be fully considered.

Nepal has just adopted federal governance system with 7 provincial and 753 local governments and there is a challenge in mainstreaming children rights issues in the development endevour.

## 4. Way Forward

There is a saying that "every cloud has a silver lining". Whatever achievements made

so far should be considered as encouraging. However, there should be concerted efforts from all quarters to fight against all forms of violence against children. In line with the constitutional provision; the government is in the process of amending the existing children act. However, all concerned stakeholders should be serious in the implementation of existing legal and policy provisions, which are directly or indirectly related to violence against children. For this to happen there should be the robust institutions. This also requires alignment of legal and policy provisions with the annual budget and programs. Awareness programs should be aggressively lunched to help parents treat their daughters and sons at equal footing. It is said that mother is the first school for a child. If mother is empowered; the children are empowered and they can be made free from any sorts of violence. Therefore, women empowerment programs should also be carried out hand in hand. There should be added efforts to implement existing legal and policy provisions that help address violence against children issue. Such efforts get materialized only when there is added investment on children.Each and every government be it in centre or provinces or local level should emphasise on child centered development.

## 5. Conclusion:

Children are not only our future; rather they are present as well. They should be provided such an environment where they can grow physically and mentally with sound health. However, the necessary condition is that they should not be subjected to any sort of violence. Education, awareness, strict compliance of existing legal and policy provisions and empowerment of women and children are some of the tools that help protect children from violence.

## Bibliogrpahy

CBS(2010). Nepal Multiple Indicator Cluster Survey 2010.Kathmandu: Central Bureau of Statistics.

CBS(2015), Nepal Multiple Indicator Cluster Survey 2014, Final Report, Kathmandu, Nepal: Central Bureau of Statistics & UNICEF Nepal.

CCWB(2015). State of Children in Nepal,2072(2015). Lalitpur: Central Child Welfare Board, Hariharbhawan.

Exploitation in Boarding School. *Gorkhapatra Daily.*September 18, 2006.

Frederick, J., Basnyat, M. & Aguettant, J.L.(2010). *Trafficking and Exploitation in the Entertainment and Sex Industries in Nepal: A Handbook for Decision-Makers.* Kathmandu: Terre des hommes Foundation. Accessed on 05 March 2014 and extracted from http://www.childtrafficking.com/Docs/handbook.pdf.

Hatemalo Sanchar(na). Physical Punishment at School: a Study (Summary) .Kathmandu:Save the Children Norway. Extracted from http://www.google.com.np/url?sa=t&rct=j&q=&esrc=s&source=web&cd=1&ved=0CCEQFjAA&url=http%3A%2F%2Fwww.crin.org%2Fdocs%2Fsave_norway_pp.rtf&ei=roErU5K7C8KCrgfC_IHQDw&usg=AFQjCNFk0Mij99WYqVJRjf81K9EJ5InxTg on 5th March 2013.

Human Rights Watch(2011). Futures Stolen: Barriers to Education for Children with Disabilities in Nepal . Extracted from http://www.hrw.org/sites/default/files/reports/nepal0811ForWebUpload.pdf on 5 March 2014.

ICRW and Plan,2014)., Are Schools Safe and Gender Equal Spaces? Findings from a baseline study of school related gender-based violence in five countries in Asia. International Center for Research on Women (ICRW) and Plan International .

ILO/CBS(2011). Nepal Child Labour based on data drawn from Nepal Labour Force Survey. Kathmandu: CBS.

Jabeen S (na). Physical and psychological punishment of girls and boys in south Asia. Save the Children Sweden.Extracted from http://www.sacg.info/pdf/PPP_paper_ to_be_presented_to_Ministers2.pdf. Accessed February 12, 2010.

Joshee, A., Joshee ,J., Shrestha,M., and Pant, R(2006). The Badi Impasse:A Question of Identity Accessed on 8 July 2011 from: http://www.badikosathi.org/pdf/Badi%20Impasse.pdf

*Mishra,N., Thakur,K.K.,Koirala,R.,Shrestha,D.,Poudel,R., and Jha, R.*(2010). Corporal Punishment in Nepalese School Children: Facts, Legalities and Implications.Journal of Nepal Paedeatric Society, Retrieved from http://www.nepjol.info/index.php/JNPS/article/view/2929 on 5 March 2014.

MoWCSW(2013). The Rights of the Child.Kathmandu: Ministry of Women, Children and Social Welfare.

National Human Rights Commission (2012). TRAFFICKING IN PERSONS ESPECIALLY ON WOMEN AND CHILDREN IN NEPAL.NHRC:Kathmandu

Nepal briefing. Save the children Web site. http://www.savethechildren.net/alliance/what_we_do/

rewritethefuture/where/nepal.html. Accessed March 2, 2010.

NHRC(2008). TIP report of 2007/2008.Kathmandu: National Human Rights Commission.

SAIEVAC (2013). Regional Advocacy and Communication Strategy.Kathmandu: SAIEVAC Secretariat.

UNICEF (2006). Violence Against Children in Nepal: Health Practioners' knowledge, Attitude, and Practice on Child Abuse and Sexual Abuse in Nepal. Kathamandu:UNICEF.

UNICEF(2011). *The State of the World's Children 2011*. Extracted from http://www.unicef.org/sowc2011/ on 21st March 2014.

UNICEF/CVICT. Violence Against Children in Nepal Series 2, A Study of the System of School Discipline in Nepal. UNICEF Web site http://www.unicef.org/ nepal/Voilence_Against_Children_series_2.pdf. Published

2004. Accessed on February 2, 2010.

UNICEF & CWIN(2005). Violence Against Children in Nepal:Kathmandu:UNICEF.

UNICEF & Terre des Hommes (2008). Adopting the Rights of the Child: A study on inter-country adoption and its influence on child protection in Nepal.Kathandu: UNICEF & TDH, extracted from http://www.unicef.org/nepal/ADOPTING_the_Rights_of_the_Child_UNICEF_Terre_des_hommes_Embargoed_29Aug08.pdf on March 5,2014.

## Newspaper Coverage:

Student locked in Toilet. *Nepal Samachar Patra*. September 15, 2006.

Tortured in school. *Kantipur Daily* .September 1, 2006.

(लेखकः नेपाल सरकारका सहसचिव पदमा कार्यरत छन् )

# सुनिश्चित बालअधिकारः समृद्ध नेपालको आधार
# सङ्घीय संरचनामा बालअधिकारको सम्मान, संरक्षण र परिपालना

**तारक धिताल**

## १. पृष्ठभूमि

देशको राज्य संरचनामा आएको बृहत् परिवर्तनसँगै धेरै अवसरहरू प्राप्त भएका छन् भने चुनौतीहरू पनि देखिँदै छन् । आफ्ना अधिकारका निम्ति आवाज उठाउने वर्ग र समुदायको क्रियाशीलतामा कमी छैन, जनताको विश्वास जितेर चुनिएका जनप्रतिनिधिहरूको बाक्लो उपस्थिति स्थानीयदेखि सङ्घीय तहसम्म रहेको छ । राज्य संयन्त्रमा बालबालिकाको प्रत्यक्ष उपस्थिति हुने कुरै भएन; राज्य सञ्चालनको पदमा पुग्ने बालबालिकाको ध्येय पनि होइन ।बालबालिकाहरू राष्ट्रका सम्पत्ति हुन्; भविष्यका कर्णधार हुन् । त्यसैले उनीहरूको बहुआयामिक विकासका लागि राज्य संयन्त्रका विभिन्न तहमा पुगेका प्रत्येक वयस्कहरूले नै बालबालिकाका विषयहरूलाई सम्बोधन गर्नुपर्दछ; उनीहरूका विषयमा बोल्नुपर्दछ र बालबालिकाको विषयलाई प्राथमिकतामा पार्नुपर्दछ ।

बालबालिकाको बारेमा कुरा गर्दा बालअधिकारका केही ऐतिहासिक पक्षलाई कोट्याउनु सान्दर्भिक देखिन्छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९८९ नोभेम्बर २० तारिखका दिन पारित गरेको बालअधिकारसम्बन्धी महासन्धि नै बालबालिकासम्बन्धी विश्वको बृहत् अन्तराष्ट्रिय कानुनी दस्तावेज हो; जसलाई हालसम्म १९३ वटा राष्ट्रहरूले अनुमोदन गरिसकेका छन् । नेपालले उक्त महासन्धिलाई सन् १९९० सेप्टेम्बर १४ (२०४७ साल भदौ २९गते) मा अनुमोदन गरिसकेपछिको झण्डै तीन दशकको अवधिमा बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागीतासम्बन्धी विषयमा थुप्रै उपलब्धि हासिल भएका छन् । नेपाल सरकार बालबालिकाको विषयमा अझ संवेदनशील हुँदै देशको संविधान, कानुन, नीति, योजना, संस्थागत व्यवस्था र कार्यक्रममा बालअधिकारका मर्मलाई समेट्दै समयानुकूल सुधार गर्दै आएको छ । सरकारी निकायदेखि गैरसरकारी क्षेत्र, समुदाय र बालबालिका तथा विकासका साझेदारहरूसमेतको सक्रियता र क्रियाशीलतामा बालबालिकाको क्षेत्रमा सकारात्मक परिवर्तन पनि भएका छन् । नेपालको संविधानमा बालअधिकारलाई मौलिक हकका रूपमा अङ्गीकार गर्दै बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने राज्यको नीति हुने कुरा स्पष्ट गरेको छ । यस संविधानलाई बालअधिकारका दृष्टिकोणले हालसम्मकै उत्कृष्ट संविधानको रूपमा लिन सकिन्छ । संविधानमा उल्लिखित प्रावधानहरूको कार्यान्वयनलाई जोड दिँदै **बालमैत्री शासनः बालअधिकारको सम्मान** भन्ने मूल नाराका साथ यस वर्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बालअधिकार दिवस मनाइएको कुरा स्मरणीय छ ।

विगतको एकात्मक शासन प्रणलीमा नेपाल सरकारले आवधिक योजनामा बालबालिकासम्बन्धी कार्यक्रमहरूलाई पनि समेट्दै आइरहेको थियो। मन्त्रालय, विभाग, जिल्ला कार्यालय तथा स्थानीय निकायमा रहेका विभिन्न संयन्त्र तथा अन्य राष्ट्रियस्तरका निकाय एवं संरचनाहरूबाट बालबालिकाका विविध विषय तथा समस्याहरूको उचित सम्बोधनका कार्य हुँदैआएका थिए । बालबालिकाप्रति थप संवेदनशील तथा प्रयत्नशील रहँदै आए तापनि अपेक्षाकृत नतिजा भने अझै हासिल हुन सकिरहेको छैन । बालबालिकासँग सम्बन्धित हरेक क्षेत्रहरूको समान ढङ्गबाट विकास हुन सकिरहेको छैन । अहिलेको परिवर्तित सन्दर्भमा सङ्घीय तहमा मन्त्रायलयहरूको सङ्ख्या कटौति भएको छ । ७5 जिल्लाका कार्यालयहरू ७५३ स्थानीय तहमा विस्तार भएका छन् र विगतदेखि चलिआएका संरचनामा परिवर्तन भएको छ । अवको अहम् जिम्मेवारी स्थानीय सरकारमा आइपुगेको छ । अतः विगतका असल अभ्यासहरूलाई निरन्तरता दिँदै प्रभावकारीरूपमा बालबालिकाको हित संरक्षण गर्नु जरुरी छ । यस परिवेशमा बालबालिकासँग सम्बन्धित जिम्मेवार तथा सरोकारवाला निकायहरूबीचमा अवधारणागत स्पष्टता एवं बालसंवेदनशीलतामा एकरूपता कायम गर्दै बालबालिकाको विषयलाई प्राथमिकतामा राखी छिटो छरितो एवं बालअधिकारसम्मत ढङ्गले सेवा प्रवाह हुन आवश्यक छ । वर्तमान अवस्थाका समस्या तथा सम्भावनाको बारेमा विश्लेषण गर्दै आगामी दिनमा अझ प्रभावकारी ढङ्गबाट बालबालिकासँग सम्बन्धित विषयको सम्बोधन गर्न समन्वय र सहकार्यमा वृद्धि गर्नुपर्दछ। तर अझै पनि स्थानीय सरकारका संरचनाहरूले पूर्णता पाउन सकेका छैनन् भने कतिपय नीतिगत तथा व्यावहारिक समस्याहरू पनि रहेका छन् । यही बहानामा बालबालिकाको हित, संरक्षण, विकासका कुरालाई पछि धकल्ने छुट भने कसैलाई छैन।

## २. स्थानीय सरकारको जिम्मेवारी

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकासम्बन्धी गरिने थुप्रै कार्यहरूको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ। विगतका जिल्ला तहबाट तथा केन्द्रीय तहबाट समेत जिल्ला तथा गाउँ, नगर र वडासम्ममा सञ्चालन हुँदैआएका खासगरी बालबालिकाको निम्ति सेवा प्रवाह, घटनाहरूको तत्काल बालअधिकारसम्मतरूपमा सम्बोधन तथा उद्धार, संरक्षण, पुनःस्थापना, सचेतना तथा क्षमता अभिवृद्धि, अनुगमन, सूचना व्यवस्थापन लगायतका कार्यहरूका लागि स्थानीय सरकार र मातहतका अङ्गलाई सुदृढ बनाउनु आवश्यक छ । यसका लागि राजनीतिक एवं प्रशासनिक नेतृत्वले बालसंवेदनशील हुँदै उच्च प्राथमिकता दिनु जरुरी छ।

संविधानले सुनिश्चित गरेका बालबालिकाको हकअधिकारका साथै निर्धारण गरेका राज्यका नीतिहरूको अनुशरण गर्दै कार्यान्वयन गर्ने भूमिका स्थानीय सरकारको रहन गएको छ। अतः यसका लागि सेवा स्थापना, प्रवाह, व्यवस्थापनदेखि अनुगमन, नियमनसम्मका दायित्वहरू रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकासम्बन्धी मूलतः निम्नानुसारको जिम्मेवारी स्थानीय सरकारका रूपमा रहेका गाउँ तथा नगरपालिका एवं सोअन्तर्गतका वडा कार्यालयहरूलाई दिएको छः

### २.१ शिक्षा तथा स्वास्थ्यसम्बन्धी केही प्रमुख कार्यहरूः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षासम्बन्धी तोकिएका केही प्रमुख जिम्मेवारीहरूः

- स्थानीय तहका विद्यालय निर्माण र मर्मत सम्भार गर्ने (दफा ११(२)छ(७)) ।
- आधारभूत शिक्षाको जिम्मेवारी स्थानीय तहलाई संविधानले नै तोकिएको छ । जसको कार्यान्वयनका लागि तोकिएका केही प्रमुख काम, कर्तव्य र अधिकार देहायबमोजिम छन् (दफा ११(२) को (ज):
- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, ट्युसन, कोचिङ्ग जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन;
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम एवं सबै विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन; गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन;
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन;
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन;
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण, शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन;
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन;
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन, अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन;
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन;
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन;
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन र
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास, आदि ।

यस अतिरिक्त दफा १२(२) मा वडा समितिको काम, कर्तव्य र अधिकारको रूपमा निम्न कुराहरू उल्लेख गरिएको छः-

- बालउद्यानको व्यवस्था गर्ने, अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने, एवं पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बालसञ्जालको सञ्चालन तथा व्यवस्थापन गर्ने;
- स्थानीय समुदायका चाडपर्व, भाषा तथा संस्कृतिको विकासका लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्ने गराउने र
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने, एवं अन्तरविद्यालय तथा बालक्लबहरूमार्फत खेलकुद कार्यक्रम सञ्चालन गर्ने, गराउने आदि ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको आधारभूत स्वास्थ्य तथा सरसफाइअन्तर्गतका जिम्मेवारीहरू निम्नानुसार छन्- (दफा ११(२) झ)):

- आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन;
- आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन;
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन;
- स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन;
- स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
- सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन, सोका लागि निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी;
- स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विर्सजन र सोको सेवाशुल्क निर्धारण र नियमन;
- रक्त सञ्चार सेवा तथा स्थानीय र सहरी स्वास्थ्य सेवा सञ्चालन;
- औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन;
- परिवार नियोजन तथा मातृशिशु कल्याणसम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन र
- महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन।

त्यस्तै दफा ११ को उपदफा ४ को खण्ड 'ख' मा स्थानीय तहका देहायका कार्यहरू तोकिएका छन्-

- सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्डबमोजिम स्थानीयस्तरको स्वास्थ्यसम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण;
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन;
- स्वास्थ्य बिमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन;
- स्थानीयस्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन, औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण;
- स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन, जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भिलेन्स);
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन;
- सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि;
- जनस्वास्थ्य, आपतलीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन र
- रोगको नियन्त्रण तथा रोकथाम, एवं आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन आदि।

यस अतिरिक्त वडा समितिलाई स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित निम्न जिम्मेवारी दिइएको छः-

- वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने, खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने, वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने;
- पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने;
- सहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिक सञ्चालन गर्ने, गराउने;
- सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालय निर्माण र व्यवस्थापन गर्ने, गराउने;
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरी निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने र
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरू सरसफाइ, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने ।

## २.२ बालसंरक्षणसम्बन्धी केही प्रमुख कार्यहरुः

संविधानमा उल्लिखित कार्यको विस्तृतीकरण प्रतिवेदनले संक्षेपमा निम्न जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ ।

- बालबालिकाको हकहित संरक्षणसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने;
- बालबालिकाको हकहित संरक्षण, अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने;
- स्थानीयस्तरमा बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, स्थानीय बाल संरक्षण समिति र बाल सञ्जालको निर्माण व्यवस्थापन गर्ने;
- बालबालिकाको हकहित संरक्षणसम्बन्धी निकाय र संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य, सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने;
- बालबालिका परिवार सहयोग गर्ने;
- वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन गर्ने;
- स्थानीयस्तरमा बालगृह, पुनर्स्थापन केन्द्र, शिशुस्याहार केन्द्र र बालविकास केन्द्र व्यवस्थापन गर्ने;
- अपाङ्गता भएका व्यक्ति र असहाय बालबालिकाकासम्बन्धी कार्य गर्ने;
- सडक बालबालिका व्यवस्थापन गर्ने;
- बाल न्यायसम्बन्धी कार्य गर्ने;
- स्थानीयस्तरमा बालबालिकाको हिंसा नियन्त्रण गर्ने;
- बालसुधार तथा पुनर्स्थापन केन्द्र स्थापना, सञ्चालन, अनुमति र नियमन गर्ने र
- तथ्याङ्क, अभिलेख राख्ने ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भएबमोजिम स्थानीय तहको बालसंरक्षणसम्बन्धी केही प्रमुख भूमिका निम्नानुसार छः

- गाउँ तथा नगरपालिकाको भूमिका सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने लगायत रहेको छ। (दफा ११-२)(त)-५)

वडास्तरको भूमिका भने निम्नानुसार रहेको छः-

- वडालाई बालमैत्री बनाउने (दफा १२(२)(ग)(२९);
- वडाभित्र आर्थिक तथा सामाजिकरूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने (दफा १२-२)-ग)-३०);
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने (दफा १२-२)-ग)-३६) र
- बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने (दफा १२-२)-ग)-३२)।

यस अतिरिक्त बालबालिकाको विषयलाई ध्यान दिनु पर्ने तथा बालबालिकाको सहभागिता समेत गराउनु पर्ने सन्दर्भमा दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने भनी निम्नानुसारको व्यवस्था गरिएकोछः

- ... योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी ... बालमैत्री ... जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

... योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(५) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा ... बालबालिका ... लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्नेछ।

(क्रमसङ्ख्या २) ३) च) ५) को तारतम्य मिलेको छैन)

## ३. ध्यान दिनु पर्ने केही विषयहरू तथा अवसर र चुनौती

समाजमा बालबालिकाका विभिन्न समस्याहरू रहेका छन्। राज्यको लगानीको हिसाबले हेर्ने हो भने शिक्षा, स्वास्थ्यमा थुप्रै लगानी हुँदैआएको छ। विभिन्न विशिष्टीकृत संरचना र प्रणाली रहेका छन् र क्रमिक सुधार पनि हुँदैआएका छन्। यद्यपि यसमा गुणस्तरीयता कायमलगायतका कतिपय पाटोमा अपेक्षित सुधार हुन भने सकेको छैन। शिक्षा र स्वास्थ्यको तुलनामा बालसंरक्षणसँग सम्बन्धित विषयलाई हेर्दा राज्यको लगानी

पनि न्यून रहेको छ भने "सबैको जिम्मेवारी तर कोही पनि नहुने उत्तरदायी" जस्तो देखिन जानुका साथै बालसंवेदनशीलताको अभावमा सेवा प्रवाहमा धेरै समस्या तथा कमीकमजोरी रहन गई बालबालिकाको उचित संरक्षण हुन नसकिरहेको एवं न्यायको अनुभूति गर्न नसकिरहेको अवस्था छ। खासगरी बालसंरक्षणसम्बन्धी ध्यान दिनु पर्ने केही गहन विषयहरू निम्नानुसार रहेका छन् र यिनको प्रभावकारी सम्बोधनका लागि विशेष प्राथमिकता दिनु जरुरी छः

- बालश्रम;
- बाल यौनशोषण, व्यावसायिक यौनशोषण;
- दुर्व्यवहार, भेदभाव, वेवास्था, तिरस्कार;
- बाल विवाह;
- घरेलु हिंसाका पीडित वा साक्षी;
- सशस्त्र द्वन्द्वपीडित तथा द्वन्द्वमा संलग्न;
- बेचबिखन तथा ओसार पसारमा परेका बालबालिका वा पर्ने जोखिममा रहेका;
- बालबालिकामाथि हुने शारीरिक दण्ड सजाय;
- बालबालिकालाई गरिने हेपाइ वा बुलिङ्ग;
- विद्यालयबाट वञ्चित बालबालिका;
- अपाङ्गता (शारिरिक, मानसिक) भएका बालबालिका;
- परित्यक्त तथा सडक बालबालिका;
- जन्म दर्ता हुन नसकेका बालबालिका;
- लागु पदार्थ, मादक पदार्थ ओसारपसार तथा दुर्व्यसनमा सलग्न;
- अभिभावकविहीन;
- शरणार्थी बालबालिका;
- प्राकृतिक प्रकोप पीडित तथा प्रभावित;
- कुपोषित तथा दीर्घ रोगी बालबालिका;
- परम्परा विशेष (कमलरी, झुमा छाउपडी, कुमारी आदि);
- कानुनको विवादमा परेका बालबालिका;
- इन्टरनेट अनलाइनबाट बालबालिकालाई हुने हानि, जोखिम;
- बालबालिका परिलक्षित अपराधबाट पीडित;
- परिवारबाट छुटाई संस्थागत हेरचाहमा राख्ने तथा धर्मपरिवर्तन र
- अन्य जोखिममा परेका बालबालिका।

यस पृष्टभूमिमा बालबालिकाको निम्ति काम गर्दा सधै सबैका लागि एकैखाले सोच तथा कार्यक्रम पर्याप्त हुनसक्दैन । बालबालिकाको पृष्टभूमि, जोखिमताको सम्भावना, अवस्था र गहिराइ एवं कारण लगायतको विश्लेषणसहित तत्काल सम्बोधन तथा दीर्घकालीन समाधानका उपाय अपनाउनु पर्दछ । यसका लागि सामान्यतः निम्न पक्षहरूमा ध्यान दिनु उपयोगी हुनेछः

- आम बालबालिका र जोखिममा रहेका बालबालिका (विशेष संरक्षणको आवश्यकता भएका बालबालिका);
- आर्थिकरूपमा सक्षम बालबालिका र आर्थिक सङ्कटापन्न बालबालिका;
- स्थानीय (रैथाने) बालबालिका, आप्रवासी बालबालिका, कामदार बालबालिका र कामदारका बालबालिका
- विद्यालय जाने बालबालिका र विद्यालयबाहिरका बालबालिका;
- सामान्य अवस्थाका बालबालिका र अपाङ्गता भएका बालबालिका र
- सहरी क्षेत्रका बालबालिका र ग्रामीण तथा दुर्गम क्षेत्रका, बालबालिका ।

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपालनाका लागि स्थानीय तहमा बालबालिकाको विषयलाई प्राथमिकतामा राख्न र उचित लगानी गर्न आवश्यक छ । तर हालसम्मको अनुभवका आधारमा सङ्घीय प्रणाली व्यवस्थित नभइसकेको अवस्थामा कतिपय राम्रा अवसर पनि छन् भने जोखिमहरू पनि रहेका छन् । अवसरका रूपमा दुई दशकपछि निर्वाचित जनप्रतिनिधिहरूमा केही गर्ने उत्साह छ; नयाँ गोरेटो खोल्न सकिने अवस्था छ र स्थानीय प्रणाली बसाउन सकिने तथा छिटो छरितो निर्णय कार्यान्वयन प्रक्रिया गर्न सकिने स्रोत एवं अधिकारको सदुपयोग गर्न सकिने अवस्था रहेको छ । तर यससँगै जोखिमका रूपमा पुरानो जिल्लागत संरचना खलबलिएको तर नयाँ स्थानीय संरचना उत्तरदायी हुनु पर्नेमा सो आफै व्यवस्थित हुन बाँकी रहेकाले सेवा प्रवाह हुननसक्ने, केही कार्यविधि तथा व्यवस्थापनलाई व्यवस्थित गर्न नै बाँकी रहेको, बालबालिकाप्रति अपेक्षाकृत संवेदनशीलतामा कमी, विकास निर्माणमा बढी ध्यान दिई सामाजिक विकासलाई कम महत्त्व दिने प्रवृत्ति, ठूलाका अगाडि सानाका कुरा ओझेलमा पर्ने, गैरसरकारी संस्थाप्रतिको नकारात्मक धारणा, राजनीतिक पूर्वाग्रह, निर्वाचित निकाय, राज्य संरचना र अन्य संघसंस्थामा आआफ्नै अहम्ता, प्रणाली सङ्घीय तर मानसिकता केन्द्रीकृत एवं बालबालिकाको विषयप्रति समबुझाइ, सहकार्य र समन्वयमा कमी जस्ता कुरा रहेका छन् ।

## ४. बालसंरक्षण प्रणालीसम्बन्धी प्रमुख सूचक/व्यवस्थाहरू

बालबालिकाको संरक्षण, विकासका लागि स्थानीय तहमा बालसंरक्षण प्रणाली दह्रो हुन जरुरी छ र यसका लागि हरेक स्थानीय तहले कम्तीमा निम्नानुसारका प्रमुख सूचक तथा व्यवस्थाहरूलाई ध्यान दिई कार्यान्वयन गर्नु पर्ने कुरालाई केन्द्रीय बालकल्याण समितिले बालअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्तिका लागि गाउँ तथा नगरपालिकाको भूमिकासम्बन्धी अन्तरसंवाद अभियानमा प्रस्तुत गर्दै आएको छः

१. बालसंरक्षणसम्बन्धी कार्यका लागि कार्यविवरणसहित कर्मचारी तोकिएको वा स्थायी कर्मचारीको नियुक्त भएको;

२. कर्मचारी तथा पदाधिकारी बीच बालसंवेदनशीलता बारे छलफल, अभिमुखीकरण, तालिम भएको;

३. बालसंरक्षणसम्बन्धी घटनाहरू तत्काल सम्बोधन गर्न प्रयोग गर्न सकिने आपत्कालीन बालसंरक्षण कोष वा अन्य कुनै कोष उपलब्ध भएको;

४. बालसंरक्षणका सवालहरूको रोकथाम, जोखिम न्यूनीकरण तथा प्रतिक्रियासम्बन्धी कार्यहरू स्थानीय तहको वार्षिक योजनामा समावेश भएको

५. शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षणसम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश भएको;

६. स्थानीय तहमा रहेका बालसंरक्षणका प्रमुख समस्या, विषयहरू पत्ता लगाइएको;

७. बालसंरक्षणको सम्बन्धमा आवश्यक विभिन्न विवरण, तथ्याङ्क तथा सूचनाहरू नियमित सङ्कलन तथा सार्वजनिक गरिएको;

८. बालसंरक्षणसम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानुनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) का लागि सम्बन्धित स्थानीय तहबाटै वा अन्य स्थानीय तह, गैरसरकारी सेवा प्रदायक वा निजी क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचीकरण तथा सिफारिसको प्रवन्ध गरिएको;

९. बालसंरक्षणमा पर्याप्त ध्यान सुनिश्चित गर्न तथा महत्त्वपूर्ण निर्णय गर्नका लागि स्थानीय तहअन्तर्गत बालसंरक्षण समिति गठन तथा सक्रिय रहेको;

१०. अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन भएको र

११. समस्या सम्बोधनका लागि बालसंरक्षणको क्षेत्रमा क्रियाशील सङ्घीय, प्रादेशिक र स्थानीय तहमा कार्यरत अन्य निकाय तथा संघसंस्था, संयन्त्रहरूसँग आवश्यकतानुसार समन्वय, परिचालन, सहकार्य गरिएको

(लेखकः केन्द्रीय वालकल्याण समितिका कार्यकारी निर्देशक हुन् ।)

# सामुदायिक तथा गैरसरकारी संस्थाहरूको समन्वयमा नेपाल सरकारको नीति, चुनौती र अवसरहरू

**भरतराज शर्मा**

## विषय प्रवेश

देश विकासको क्रममा नेपालले विभिन्न राष्ट्रबाट विभिन्न क्षेत्रमा विभिन्न किसिमले सहयोग प्राप्त गर्दैआएको छ । यस किसिमको सहयोग सम्बन्ध आदानप्रदानमा विभिन्न किसिमका संघसंस्थाहरूको भूमिका पनि महत्त्वपूर्ण हुँदैआएको छ । सामुदायिक तथा गैरसरकारी संस्थाहरूलाई नेपाल सरकारले विकासको साझेदार संस्थाको रूपमा परिचालन गर्ने नीति लिएकाले देशको समानुपातिक, समतामूलक र समान ढङ्गले विकास गर्नका लागि उनीहरूबीच प्रभावकारी समन्वय हुन नितान्त जरुरी हुन्छ । विगत दुई दशकमा देशको सामाजिक आर्थिक जीवनमा गैरसरकारी संस्थाहरूको भूमिका एवं लगानीमा उल्लेखनीय विस्तार भएको छ । हाल मुलुकमा आधा लाखको हाराहारी राष्ट्रिय गैरसरकारी संस्थाहरू (समाजकल्याण परिषद्मा आबद्धताको आधारमा) र २६० भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू स्वास्थ्य, शिक्षा, सामुदायिक विकास, बाल अधिकार संरक्षण, महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरण, दिगो वातावरण व्यवस्थापन, आजीविका प्रवर्द्धन, सचेतना अभिवृद्धि, मानव अधिकार, शान्ति लगायतका क्षेत्रमा सक्रिय रहेका छन् ।

## १. संवैधानिक तथा कानुनी व्यवस्थाः

### (क) नेपालको संविधान

- नेपालको संबिधानले मौलिक हकमार्फतत प्रत्येक नागरिकलाई संघ र संस्था खोल्ने स्वतन्त्रता प्रदान गरेको छ ।
- वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्नेकुरा उल्लेख गरेको छ ।
- त्यसैगरी सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघसंस्थाहरूलाई संलग्न गराउने कुरा उल्लेख भएको छ ।

**(ख) संस्था दर्ता ऐन, २०३४**

- यो ऐन सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न निर्माण भएको देखिन्छ।

**(ग) राष्ट्रिय निर्देशन ऐन, २०१८**

- यो ऐन विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीच सुसम्बन्ध, सर्वसाधारण जनताको सदाचार, सुविधा, आर्थिक हित, शिष्टाचार र नैतिकता कायम राख्नका निमित्त वर्गीय तथा व्यावसायिक सङ्गठनहरूको शक्तिलाई आफ्नो वर्गीय तथा व्यावसायिक हित तथा विकासका साथ साथै राष्ट्रको निर्माण र विकास कार्यमा लगाउन राष्ट्रव्यापी निर्देशन गर्ने अधिकारको व्यवस्था गर्न बनेको देखिन्छ।

**(घ) समाजकल्याण ऐन, २०४९**

- नेपाल र नेपाली समाजको सर्वाङ्गीण विकासको लागि समाजकल्याण कार्य तथा समाजसेवासँग सम्बन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माणकार्यहरूसँग सम्बद्ध गराई समाजका कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन, समाजसेवी संघसंस्था तथा व्यक्तिहरूको मर्यादा र प्रतिष्ठा बढाउन तथा गैरसरकारी सामाजिक संघसंस्थाहरूको काम कारबाहीमा समन्वय गर्न जारी गरिएको देखिन्छ।

**(ङ) स्थानीय स्वायत्त शासन ऐन, २०५५**

- गाउँ विकास समिति वा नगरपालिकाले आ-आफ्नो क्षेत्रमा गर्नु पर्ने विकास निर्माण कार्यको लागि उपभोक्ता समूह तथा अन्य गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गरी उक्त कार्यहरू त्यस्ता समूह वा संस्थाहरूमार्फत गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ।

**(च) सार्वजनिक खरिद ऐन, २०६३**

- उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था रहेको छ।

उपर्युक्त व्यवस्थाका अतिरिक्त कम्पनी ऐन, २०६३ ले समेत मुनाफा वितरण नगर्ने गरी कम्पनी संस्थापना हुन सक्ने व्यवस्था गरेको छ साथै विभिन्न मन्त्रालयअन्तर्गतका कार्यक्षेत्रमा पर्ने विषयमा विभिन्न कानुनबमोजिम उपभोक्ता समितिहरू स्थापना र दर्ता हुने गरेका छन्। मूलतः वन तथा भू संरक्षण, भौतिक योजना तथा निर्माण, ऊर्जा, स्थानीय विकास र कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत यस्ता उपभोक्ता समितिहरू स्थापना र सञ्चालन गर्ने गरेको देखिन्छ। कतिपय निकायहरूले उपभोक्ता समिति वा समूहहरूलाई दर्ता नै नगरी मान्यता

प्रदान गर्ने गरेको समेत देखिन्छ । यस्तैगरी गैरसरकारी संस्थासम्बन्धी व्यवस्था राज्यका अन्य कानुनहरूले पनि गरेका छन् । जस्तैः सहकारी ऐन,२०४९, दैवीप्रकोप उद्धार ऐन,२०४९ र बालबालिकासम्बन्धी ऐन, २०४८ ।

## २. नीतिगत भूमिका तथा प्रयासहरूः-

- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्य प्रक्रियालाई सरलीकरण गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना विश्लेषण तथा सहजीकरण सिफारिश समिति तत्कालीन मन्त्रिपरिषद्को मिति २०६१।५।२९ र २०६१।९।६ को निर्णयबाट गठन भई कार्यरत रहेकोमा २०७०।५।१४ मा कार्यविधि पनि बनेको छ। यसले मुलतः नेपालमा कार्यालय स्थापना गरी कार्य गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट समाजकल्याण परिषद्मार्फत प्रस्तुत विभिन्न परियोजना प्रस्तावहरूका सम्बन्धमा प्रचलित ऐन कानुन, नीति नियमबमोजिम भएनभएको विश्लेषण गरी सम्झौताका लागि सिफारिस गर्न सहजीकरण गर्ने कार्य गर्दछ।
- संघसंस्थाहरूको समन्वयको सन्दर्भमा खासगरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोग प्राप्त गर्नका लागि अर्थ मन्त्रालयबाट वैदेशिक सहयोग नीतिअन्तर्गत विभिन्न समयमा समय सान्दर्भिक नीति, निर्देशन एवं नियमनको कार्य समेत हुँदैआएको छ ।
- नेपालको नवौं योजना देखिनै सामुदायिक तथा गैरसरकारी संस्थाहरूको भूमिकालाई विकासका साझेदारकोरूपमा उल्लेख गरिएको छ र हालको १४ औं योजनासम्म यसले निरन्तरता पाइरहेको छ ।
- समाजकल्याण ऐन, २०४९ लाई समयसापेक्षरूपमा परिमार्जन गरी समाज विकास ऐन बनाउने प्रयास भएको छ ।

**संघसंस्थासम्बन्धी रणनीति तथा कार्यनीति**

चालु चौधौ योजना (२०७३/७४ - २०७५/७६) मा सामुदायिक तथा गैरसरकारी संस्थासम्बन्धी रणनीति तथा कार्यनीति देहायबमोजिम रहेका छन्-

**रणनीति**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लगानी राष्ट्रिय प्राथमिकताका क्षेत्रतर्फ निर्दिष्ट गरी समाजकल्याणको कार्यमा थप सहयोग पुर्‍याउने ।
- स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरूको स्थानीय निकायसँगको समन्वय, सहभागिता र सहकार्यलाई उच्च, दिगो र फराकिलो बनाई समाजको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउने ।
- गैरसरकारी संस्थाहरूको परिचालन, नियमन, अनुमगन र मूल्याङ्कनलाई प्रभावकारी बनाई अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सुशासन कायम गर्न सहयोग पुर्‍याउने ।

## कार्यनीति

- स्थानीय तहमा उपलब्ध हुने भौतिक, मानवीय तथा प्रविधिजन्य स्रोतको उपयोगलाई प्राथमिकता दिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्रोत प्रवाहित हुने।
- मानव विकास सूचकाङ्कमा पछाडि परेको क्षेत्र, लक्षित समूह, सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र, ग्रामीण विपन्न क्षेत्र तथा समुदायको सशक्तीकरण, जीविकाको प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, विपद्पछिको नवनिर्माण तथा पुनर्निर्माणजस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरू परिचालन गरिने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई विकास सहायता नीति, २०७१ अनुरूप परिचालन गरिने।
- नेपालमा कार्यालय नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सोझै प्राप्त हुने स्रोतका कार्यक्रमसमेत सहजीकरण समितिबाट सिफारिस गर्नुपर्ने प्रावधानलाई प्रभावकारी कार्यान्वयनमा ल्याइने।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहमा कार्यरत संस्था छनोट गर्नुपर्ने र उपलब्ध नभएमा मात्र नजिकको कार्यरत संस्था छनोट गर्नुपर्ने प्रणालीलाई थप प्रभावकारिताका साथ अवलम्बन गरिने।
- गैरसरकारी संस्थाका क्रियाकलापहरूमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्न योजना निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणहरूमा स्थानीय सरोकारवाला तथा स्थानीय निकायको सहभागिता, सहकार्य र समन्वयलाई सुनिश्चित गरिने।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालमा कार्यक्रम सञ्चालन गर्दा महालेखा नियन्त्रक कार्यालयबाट निर्दिष्ट गरिएको वाणिज्य बैङ्कमा खाता सञ्चालन गर्नुपर्ने व्यवस्था प्रभावकारीरूपमा लागु गरिने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको खर्चको मापदण्ड निर्देशिका बनाई प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याइने।
- द्विपक्षीय, बहुपक्षीय र अन्तरसरकारी स्तरमा सम्झौता भई नेपालका लागि छुट्याइएको कोष अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले अन्य देशको लागि उपयोग गर्न नपाइने व्यवस्था गरिने।
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई एकद्वार प्रणालीबाट परिचालन गर्न आवश्यक व्यवस्था मिलाइने।
- महिला, बालबालिका तथा जेष्ठ नागरिक  मन्त्रालय र समाजकल्याण परिषद्मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसम्बन्धी विद्युतीय सूचना प्रणाली तयार गरिने।
- गैरसरकारी संस्थाले सञ्चालन गरेको कार्यक्रमको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था अनिवार्य रूपमा गर्ने व्यवस्था मिलाइने।
- गैरसरकारी संस्थाहरूको कार्यमा थप पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याइने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमहरूको अभिलेखाङ्कन, समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धित विषयगत मन्त्रालयबाट गरिने।

- गैरसरकारी संस्थाहरूलाई कार्यप्रकृति र कार्यक्षेत्रको आधारमा वर्गीकरण गरी नियमन कार्य एकद्वार प्रणालीबाट गरिने ।

यस चौधौ योजनाले सरकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रबीच समन्वय र अन्तरसम्बन्धको विकास गर्दै सामाजिक तथा आर्थिक विकास र स्थानीय तहमा सेवा र सुविधाहरूको विकास एवं विस्तारमा सामुदायिक तथा गैरसरकारी संस्थाहरूको भूमिकालाई सुदृढ गर्ने उद्देश्य लिनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र नागरिक समाजको भूमिकालाई सुदृढ, मर्यादित र पारदर्शी बनाउँदै तिनीहरूलाई आर्थिक, सामाजिक रूपान्तरण तथा समावेशी, न्यायपूर्ण र समृद्ध राष्ट्र निर्माणमा भरपर्दो संवाहक र साझेदारका रूपमा विकास गर्ने दीर्घकालीन सोच लिएको छ ।

## ३. समस्या तथा चुनौतीहरू

सामुदायिक तथा गैरसरकारी सस्थाहरूको सञ्चालन तथा सहजीकरणमा थुप्रै समस्या तथा चुनौतीहरू सहेका छन् । ती समस्या तथा चुनैतीहरूलाई बुदागतरूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको तथ्याङ्कीय प्रणाली व्यवस्थित हुन नसकेको कारण अनुगमन कार्य प्रभावकारी हुन सकेको छैन ।
- सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइमार्फत यस्ता संस्थाहरूलाई समुदायप्रति उत्तरदायी बनाउन सकिएको छैन ।
- गैरसरकारी संस्थाहरूको बजेट तथा क्रियाकलापलाई पूर्ण पारदर्शी बनाउन सकिएको छैन ।
- गैरसरकारी संस्थाहरूको क्रियाकलापहरूको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त नतिजाको आधारमा संहिताबद्ध गराउने कार्यले यथोचित गति लिन सकेको छैन ।
- समाजकल्याण परिषद्को कानुनी एवं व्यवस्थापकीय सुधार अपेक्षितरूपमा गर्न सकिएको छैन ।
- गैरसरकारी क्षेत्रको लगानीलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र र वर्गमा प्रवाहित गर्नु, यस क्षेत्रको आर्थिक स्रोतलाई पारदर्शी बनाई राष्ट्रिय लेखा प्रणालीमा आबद्ध गराउनु, आधारभूत विकास कम भएका जिल्ला तथा स्थानहरूमा यस क्षेत्रको योगदानलाई केन्द्रित गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।
- गैरसरकारी संस्थाहरूको स्थापना र सञ्चालनका सम्बन्धमा नेपालमा एकरूपता भएको पाइँदैन । कुनै संस्था राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता हुने गरेको देखिन्छ भने कतिपय संस्थाहरू संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहेको पाइन्छ । साथै उपभोक्ता समितिहरू तत्‌तत् ऐन नियमबमोजिम गठन र सञ्चालन भएको देखिन्छ भने कतिपय उपभोक्ता समितिहरू कानुनी आधारविना नै गठन भई सञ्चालनमा रहेको पाइन्छ । कानुनबमोजिम गठन भएका संस्थाहरूका सम्बन्धमा पनि प्रतिवेदन पेस गर्ने, के कस्ता आर्थिक सहायता प्राप्त गर्न सक्ने, संस्थाले के के गर्न हुने तथा के के गर्न नहुने समेतको व्यवस्था नहुँदा यस्ता संस्थाहरूको नियमन तथा अनुगमन कठिन बनेको छ ।
- विद्यमान कानुनबमोजिम गैरसरकारी संस्थाहरूको नियमनको लागि संरचनागत व्यवस्था ज्यादै अप्रभावकारी भएको देखिन्छ । स्वेच्छाले समाजकल्याण परिषद्मा आबद्ध भएका संस्थाहरूको नियमन र अनुगमनको लागि समाजकल्याण परिषद्को संरचनागत व्यवस्था सम्म भएको छ तर उक्त संरचनासमेत विविध कारणले प्रभावकारी हुन नसकेको अवस्था छ र जिल्ला प्रशासन कार्यालयलाई

संस्था दर्ता र नवीकरणको अधिकार भएको तथा शान्ति सुरक्षा, नागरिकता वितरण जस्ता आधारभूत र जनसरोकारका कार्यसम्पादन गर्ने जिल्ला प्रशासन कार्यालयले शान्ति सुरक्षाको दृष्टिकोणबाट समेत गैरसरकारी संस्थाहरूको अनुगमनजस्तो कार्य प्रभावकारीरूपमा गर्न सक्ने अवस्था समेत भएको देखिन्न।

- समाजकल्याण ऐन, २०४९ को दफा १६(१) मा कुनै पनि सामाजिक संघसंस्थाले विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा नियोग वा व्यक्तिबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग प्राप्त गर्न चाहेमा सहयोग प्राप्त गर्न चाहेको कार्य वा परियोजनाको प्रस्ताव र अन्य विवरणसहित समाजकल्याण परिषद्समक्ष निवेदन दिनुपर्ने व्यवस्था रहेकोमा सो कुराको राम्रोसँग पालना हुन सकेको पाइन्न।
- कुनै गैरसरकारी संस्थाले वैदेशिक सहयोग लिने भए त्यस्तो संस्था समाजकल्याण परिषद्मा अनिवार्यरूपमा आबद्ध हुनुपर्नेमा सोको पूर्ण पालना भएको देखिँदैन।
- गैरसरकारी संस्थाहरूबाट वार्षिकरूपमा वित्तीय एवं भौतिक प्रगतिको विवरण गर्नु पर्ने व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन हुन सकेको पाइँदैन।
- हाल नेपालमा विभिन्न कानुनअन्तर्गत विभिन्न संस्थाहरू दर्ता हुने व्यवस्था विद्यमान रहेकाले सामाजिक संघसंस्था तथा गैरसरकारी संस्थाको दर्ता एउटै निकायबाट गर्ने व्यवस्था गर्नेतर्फ पहल गर्न बाँकी रहेको छ।
- प्रत्येक गैरसरकारी संस्थाले जिल्लामा कार्यक्रम सञ्चालन गर्दा आयोजना तर्जुमाको चरणदेखि नै स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने व्यवस्था प्रभावकारी हुन सकेको छैन।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग साधारण सम्झौता गरेको तीन महिनाभित्र आयोजना सम्झौता गर्नुपर्ने व्यवस्था भए तापनि त्यो समयभित्र आयोजना सम्झौता हुन नसकेका उदाहरणहरू पनि प्रसस्तै छन्।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग नेपालमा कार्य गर्नका लागि हुने सम्झौतामा नेपालको तर्फबाट हस्ताक्षर गर्ने निकायको सम्बन्धमा एकरूपता र एकद्वार प्रणाली पूर्णरूपमा लागु भएको छैन।
- अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहसँग निकटतम समन्वय गरी गर्नुपर्ने विद्यमान व्यवस्था प्रभावकारी ढङ्गबाट लागु भएको देखिँदैन।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गर्न गैरसरकारी संस्था छनौट गर्दा निश्चित आधार बनाएर पारदर्शी तरिकाले प्रभावकारी ढङ्गबाट कार्यक्रम सञ्चालन गर्न सक्ने गैरसरकारी संस्थाहरू छनौट गर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा नेपालका लागि दातृनिकाय र राष्ट्रबाट नियमितरूपमा प्रतिबद्धता भएको Ear Mark सहायता राशीमा पहुँच हुन नपाउने व्यवस्था अझ प्रभावकारी ढङ्गबाट लागु गर्नुपर्ने आवश्यकता रहेको छ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सञ्चालन गर्ने बैंक खातासम्बन्धी व्यवस्था सरकारी निकायको भन्दा फरक भएकाले देशभित्र प्राप्त भएको र खर्च भएको यस्ता सहायता रकमको यथार्थ विवरण तयार गर्न कठिनाइ भइरहेको छ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई उपलब्ध गराइँदै आएको सेवा सुविधाको सन्दर्भमा नेपाल सरकारसँग सम्झौता गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र समाजकल्याण परिषद्सँग सम्झौता गर्ने

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई उपलब्ध गराइँदै आएको सेवा सुविधामा एकरूपता कायम हुन सकेको छैन।

- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले वार्षिकरूपमा वित्तीय एवं भौतिक प्रगतिको विवरण बुझाउने व्यवस्था स्पष्ट भइसकेको छैन।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको आर्थिक क्रियाकलापमाथि पारदर्शिता र जवाफदेहिता बढाउन वित्तीय लेखापरीक्षण गर्नुका साथै जनसमुदायमा स्रोतको उपयोग तथा कार्यक्रमबाट प्राप्त भएको उपलब्धिको जानकारी गराउन वार्षिकरूपमा सार्वजनिक लेखापरीक्षण (Public Audit) को व्यवस्था प्रभावकारीरूपमा लागु नभएको।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूको लेखापरीक्षणको प्रयोजनार्थ आर्थिक पारदर्शिता एवं जवाफदेहितासम्बन्धी निर्देशिका लागु हुन बाँकी रहेको।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको अनुगमनको सम्बन्धमा प्रभावकारी व्यवस्था नभएको।
- संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका संस्थाहरू मुनाफारहित तथा समाजकल्याणका कार्यमा संलग्न रहने भनिए तापनि सोहीबमोजिम मात्र क्रियाकलापहरू सञ्चालन गरेको देखिँदैन।
- संस्था दर्ता गर्दा विशेष प्रकारका उद्देश्यहरू मात्र राखेर संस्था दर्ता नगरी जुन उद्देश्यमा स्रोत उपलव्ध हुन्छ सोही उद्देश्यमा काम गर्ने मनसायबाट अभिप्रेरित भई थुप्रै उद्देश्यहरू राखी संस्था दर्ता गर्ने गरेको देखिन्छ।
- अधिकांश संस्थाहरू निश्चित समूह वा पारिवारिक सदस्यहरूबाट सञ्चालित छन् भने सोहीबमोजिम कर्मचारीहरू व्यवस्थापन गरिएको पाइन्छ।
- गैरसरकारी संस्थाहरूका कर्मचारीहरूको तलव, भत्ता, सुविधा आदिको मापदण्ड कहीं कतै उल्लेख भएको देखिँदैन।
- राष्ट्रिय गैरसरकारी संस्थाहरूले विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा नियोग वा व्यक्तिबाट वस्तुगत सहयोग लिन सक्ने प्रावधान समाजकल्याण ऐन, २०४९ को दफा १६(१) ले गरेको छ। तर यसरी प्राप्त हुने वस्तुगत सहयोगअन्तर्गतका सामानहरूको कुनै मापदण्ड तोकिएको छैन।
- समाजकल्याण ऐन, २०४९ को दफा १६(१) बमोजिम प्राविधिक सहायता उपलव्ध हुने व्यवस्था छ। तर यसरी प्राविधिक सहायताअन्तर्गत उपलव्ध भएको स्वयंसेवकले राष्ट्रिय गैरसरकारी संस्थाले गर्ने कार्यक्रममा ठोस अभिवृद्धि हुने गरेको छ वा छैन, यसका सकारात्मक तथा नकारात्मक पक्ष के छन् भन्ने विषय अनभिज्ञ हुने गरेको।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले समाजकल्याण परिषद्मा आबद्ध भई आयोजना सम्झौता गरेपछि कार्यक्रम सञ्चालन गर्न पाउने कानुनी प्रावधान भए तापनि भित्रभित्रै आयोजना प्रस्तावमा भएका कामका अतिरिक्त अन्य कार्यहरू समेत गर्ने गरेको गुनासो गरेको पाइन्छ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा सहयोगी वा कार्यान्वयन गर्ने निकायका रूपमा अनिवार्यरूपमा राष्ट्रिय गैरसरकारी संस्थालाई साथ लिनु पर्ने व्यवस्था छ तर गैरसरकारी संस्थाहरू छान्ने प्रावधान पारदर्शी भएको देखिँदैन।
- हाल अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रमको सन्दर्भमा कार्यक्रम सञ्चालन गर्ने जिल्लाबाट प्राप्त गरेको पूर्व स्वीकृतिपत्र आयोजना प्रस्तावसँगै पेस गर्नुपर्ने प्रावधान छ। तथापि

आफ्नो जिल्लामा कार्यक्रमहरू आउन लागेको विषयलाई गौरव ठानी जिल्ला विकास समितिबाट यस्तो पूर्व स्वीकृतिपत्र अध्ययनविना सजिलै दिने गरेको देखिन्छ।

- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कार्यक्रम निर्माण गर्दा सामान्यतया कूल रकमको २० प्रतिशतभन्दा बढी प्रशासनिक खर्चमा राख्न नपाउने भनिए तापनि प्रशासनिक खर्च र कार्यक्रम खर्चको स्पष्ट सीमाङ्कन नहुने हुँदा सो प्रावधान प्रभावकारी हुन सकेको देखिँदैन।
- कुनकुन गैरसरकारी संस्थाहरूको माध्यमबाट देशमा कुनकुन वर्ष कतिकति रकम भित्रियो भन्ने कुराको कुनै आधिकारिक तथ्याङ्क समेत उपलव्ध नभएको परिप्रेक्ष्यमा यस्ता अभिलेखहरू समेत दुरुस्त राख्ने गरी संरचनागत व्यवस्था समेत गर्नुपर्ने देखिन्छ।

## ४. अवसरहरूः-

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लगानी र कार्यक्रम राष्ट्रिय प्राथमिकताको क्षेत्रतर्फ केन्द्रित गर्न सकिने।
- स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरूको क्षमता र भूमिकामा वृद्धि गर्न सकिने।
- बढीभन्दा बढी गैरसरकारी संस्थाहरूका कार्यक्रमहरू स्थानीयतहसँगको समन्वयमा सञ्चालन गर्न सकिने।
- गैरसरकारी संस्थाहरूको सहजीकरण, अनुगमन र परिचालन प्रक्रियाको प्रभावकारितामा वृद्धि गर्न सकिने।
- वाह्य संघसंस्थाहरूले स्थानीय संघसंस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने हुँदा आन्तरिक स्रोत परिचालनको सम्भाव्यता रहेकाले दिगो विकासमा टेवा पुग्ने।
- संघसंस्थाको सङ्ख्यात्मक वृद्धिलाई देशभर परिचालन गर्न सकिने।

## ५. निष्कर्षः

निश्चय पनि गैरसरकारी संस्था सरकारका विकल्प होइनन्। सरकारका क्रियाकलापलाई प्रतिस्थापित गर्ने पनि होइनन्। यी त सरकारका सहयात्री र साझेदार मात्र हुन्। सरकारले कोरेको नक्सामा रङ्ग भर्ने काम यिनको हो। अतः गैरसरकारी संस्था आफ्नै स्रोतमा आधारित रहेर राष्ट्रको सेवा गर्ने क्षेत्र भएका कारण राज्यले उचित नियम, कानुन तर्जुमा एवं प्रभावकारीरूपमा लागु गरी सन्तुलित ढङ्गले परिचालन तथा सहजीकरण गर्न सकेको अवस्थामा यस क्षेत्रबाट राष्ट्र निर्माणमा सहीरूपमा योगदान पुग्ने आशा एवं विश्वास लिन सकिन्छ।यसको लागि यस क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अगाडि बढ्नु आवश्यक छ।

(लेखकः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा निर्देशक पदमा कार्यरत छन्।)

# Prevalence of Gender Based Violence and Government Interventions

**Binita Bhattarai**

## 1. Background

Gender based violence (GBV) is most prevalent Human Right (HR) violation all over the world (UNFPA). Various forms of violence against women and girls were found to be prevalent throughout the life-cycle of women as a global phenomenon. Worldwide one third women experience physical or sexual abuse in their lifetime. The term gender based violence and violence against women is used interchangeably. "Gender based violence is the gender term used to capture violence that occurs as a result of the normative role expectations associated with each gender along with the unequal power relationship between the two genders within the context of a specific society." (Bloom 2008, p14) The history of gender based violence is not long. Until 1980s gender based violence was not considered a matter to be dealt with human right. The international bill on women's right Convention on Elimination of all form of Discrimination against Women (CEDAW) was adopted in 1979 also does not address the issue of violence against women. The issue of violence against women was recognized in 1992, when the CEDAW committee adopted general recommendation No. 19. The committee defined GBV as: Violence that is directed against a woman because she is a woman or that affects women is proportionately". The UN Declaration on the Elimination of violence against women adopted by UN General Assembly in 1993. The declaration defines VAW as: "Any act of gender based violence that results in or is likely to result in physical, sexual or psychological harm or suffering to women including threats of such acts, coercion or arbitrary deprivation of liberty, whether occurring in public or in private life". The Declaration includes all forms of violence against women occurring within family (marital rape, dowry related violence, traditional harmful practices and so on), public place (rape, sexual harassment, forced prostitution and so on) and violence condoned by the state itself or by the representative of the state.

Although men and women both can be the victim of gender based violence, the proportion of women victims far exceeds the proportion of men. Furthermore the consequences of GBV have more adverse and specific impact to women and girls. Gender based violence is a public health challenge and a barrier to social, political and economic participation. Violence against women is a leading worldwide public health problem and it should be urgently addressed by the government and health institutions (WHO, 1996). It undermines safety, dignity and human right of those individual who experience it (Dr Baral, Upreti and etal, 2016).

## 2. Prevalence of Gender based violence in Nepal

Women and girls are experiencing violence in their life time regardless of their age, religion, caste, marital status and pregnancy as well. They are facing violence at home, work place, public transport, public places (school, road, hotel and so on). Chhaupadi, witchcraft allegation, dowry related violence, child marriage are some of the traditional harmful practices prevalence across the country. The practice of Chhaupadi is still being the cause of death of adolescent girls and women in the mid and far western Nepal. According to Bandana Rana, the women right activist these kinds of social and cultural practices have only left women to feel inferior to their male counterparts. The prevalence of patriarchal cultural value system has undermined the social value of women and treated women as a second class citizens. All forms of violence such as physical violence (biting, hitting, burning, slapping, force abortion and so on), sexual violence (marital rape, forced prostitution, rape) psychological violence (verbal abuse, harassment, threats and so on) are frequently reported in media.

**The Crime against Women and Girls cases registered in Nepal Police**

| Fiscal Year | Rape | Attempt to rape | Trafficking | Abortion | Polygamy | Child marriage | Domestic Violence | Witch Craft |
|---|---|---|---|---|---|---|---|---|
| 066/067 | 376 | 101 | 161 | 8 | 146 | 7 | 983 | 4 |
| 067/068 | 481 | 151 | 183 | 12 | 197 | 2 | 1355 | 39 |
| 068/069 | 555 | 156 | 118 | 13 | 249 | 12 | 2250 | 35 |
| 069/070 | 677 | 245 | 144 | 28 | 350 | 19 | 1800 | 28 |
| 070/071 | 912 | 414 | 185 | 18 | 421 | 15 | 6835 | 39 |
| 071/072 | 981 | 562 | 181 | 17 | 518 | 23 | 8268 | 43 |
| 072/073 | 1089 | 452 | 212 | 22 | 463 | 20 | 9398 | 28 |
| 073/074 | 1139 | 531 | 227 | 26 | 465 | 29 | 11652 | 24 |

Source: Nepal Police

The above table shows only the registered cases of violence against women and girls at Nepal Police since 2066/67 to 2073/74. Among the total registered cases of violence against women and girls, domestic violence is the major contributor which is around 80 percent followed by rape, polygamy, attempt to rape, trafficking, child marriage, abortion and witchcraft allegation. According to Nepal Police only 20 percent cases are reported to the police and remaining 80 percent of cases are not reporting due to social fear and other barriers. However the table shows increasing trend of reporting crime against women and girls. It is not common among Nepali women and girls to seek help or talk with anyone for violence they have experience. According to Nepal Demographic Health Survey, 2016 sixty six percent women do not sought for any help who have experienced physical or sexual violence.

Women across all caste, ethnic and socioeconomic groups continue to face discrimination and are subjected to various forms of violence but there is not sufficient data on the extant of its prevalence. The reported cases of violence against women and girls show that domestic violence is the most common form of violence against women.

**Percentage of ever-married women who have experienced the following types of spousal violence**




Source: Nepal Demographic Health Survey, 2016

Violence by immediate partner is also remarkable incase of Nepal. According to Nepal Demographic health Survey, 2016, 26 percent of ever-married women have ever experienced spousal physical, sexual, or emotional violence. The most common type of spousal violence is physical violence (23%), followed by emotional violence (12%). Seven percent of ever-married women have experienced spousal sexual violence.

The deep rooted patriarchal value system has fertilized the domestic violence against

women. More than one fourth (29%) of women and 23% of men agree that wife beating is justified under specific circumstances (NDSH, 2016). The most common circumstance justifying wife beating (24% of women, 19% of men) is neglecting the children by wife followed by the wife going out without telling her husband (12% of women, 9% of men). The wife bringing less dowry or no dowry was the least-justified reason among both women and men, at 1% nationally and less than 1% in all provinces except Province 2 (2%). The 2016 Demographic Health Survey found that 34% of women who have experienced spousal physical or sexual violence have sustained injuries. The most common types of physical injuries due to spousal violence are reported as cuts and bruise.

A study conducted by Office of Prime Minister revealed high prevalence of violence against women. The study report shows almost half of women (48%) had experienced violence at some time in their lives, where emotional violence (40.4%) was most commonly reported type of violence followed by physical violence (26.8%) and sexual violence (15.3%) (OPMCM, 2012).

## 3. Government initiatives to end gender based violence

Strong normative and legal framework shows the high level commitment to end violence against girls and women and gender inequality. The constitution of Nepal ensures the Right to Women as a fundamental right. According to the article 38(3) no woman shall be subjected to physical, mental, sexual, psychological or other form of violence or exploitation on grounds of religion, social, cultural tradition, practice or on any other grounds. Such act shall be punishable by law, and the victim shall have the right to obtain compensation in accordance with law. Various acts and regulations are in implementation in line with constitutional provision. Domestic violence offence and punishment act, 2066 and regulation 2067 are the major steps to address the issues of violence against women. All the four pillars of ending gender based violence (prevention, protection, prosecution and rehabilitation) are recognized by the aforementioned law. There are other special acts such as Work Place harassment control act, 2071, Human Trafficking control Act, 2064 and Witchcraft Allegation (Crime and Punishment)Act, 2072 to eliminate the violence against women and girls. The government has recently endorsed the Civil Code, 2074 which will be implemented from coming fiscal year also criminalized the discrimination based on menstruation, pregnancy and physical status of women. Such provisions in the civil code definitely address the issues related to Chhaupadi.

Various special measures are taken align with national policies, act and regulation to address the issues of gender based violence. To provide the immediate relief to the victims Gender based violence prevention fund is established. Under this fund government is providing certain amount of token money for the treatment, legal aid, counseling, seed money and so on to the victim of GBV. There is also provision of free legal aid to support victims in all districts. Similarly, the government is running temporary shelter homes for the victims of gender based violence. These shelters provide shelter, food, clothing, counseling, medical assistance at the local hospital, legal assistance, as well as any necessary transportation fees.

At the local level watch groups are formed to surveillance the incidence of violence against women and girls. These groups are mobilized to create awareness against gender based violence in the community as well as immediate rescue of the victims. There is establishment of women and children directorate at the head quarter and separate unit in each district to handle the cases of women and children at Nepal Police. Various training program to the police officials and other law enforcement agencies has increased the sensitiveness to address the crime against women and girls.

The number of reported cases of violence against women and girls is in increasing trend as a result of government initiative. However in last five year the number of violence is not reducing significantly. According to Nepal Demographic Health Survey, 2016, almost 22 percent of women have experience physical violence since age 15 which was same in 2011. Similarly, 12 percent of women have experienced sexual violence in 2011 which is 7 percent in 2016. Even during the pregnancy, women are facing the violence that is 6 percent in 2016. Despite the government initiatives various non-governmental organizations and development partners are investing a lot to address the issue of GBV.

## 4. The Way Forward

The Constitution of Nepal ensured the right to women as a fundamental right. Any kinds of harmful practices in the name of religion, custom, tradition is not allowed to practice if these practices directly or indirectly have adverse impact on the freedom of women as well as other forms of violence. Various legal provisions in line with the constitutional provision are in practice. Law enforcement is one of the crucial measures to address the issues of violence against women. Since last two decades there was absent of locally elected bodies at local levels. The country has transformed from unitary system

to federal structure. Recently held local election has ensured more than 40 percent of seats to women at the local level along with 90 percent of deputy mayors. The elected members of local level should work closely with the community. This is great opportunities to monitor regulate and control over the unethical practices that happen against women and girls. The local governments are equally responsible and eligible to draft polices based on their priorities and need. Prohibiting local level services such as recommendation of citizenship, passport and so on to those families who disobey law would be helpful to reduce the practice of domestic violence or other forms of violence against women.

## References


WHO (1996). Resolution WHA49.25 of the Forty-ninth World health Assembly, Geneva:

(OPMCM, 2012). '*A study on Gender Based Violence conducted in selected rural districts of Nepal*'

Sexual Violence Assessment - HimRights/PPCC_ESP/DFID 2012

Sanjel S. Gender-Based Violence: A Crucial Challenge for Public Health. *Kathmandu Univ Med J* 2013;42(2):179-184.

Dr Sushil Baral, Sudeep Uprety, Bipul Lamichhane, Health Research and Social Development Forum (HERD) Thapathali, Kathmandu, Nepal, URL: www.herd.org.np

Rana 2014: Bandana "Gender Based Violence in the Workplace Nepal" Annual South Asia Gender Summit Gender Based Violence at Workplace,16-17thOctober 2014, Dhaka, Bangladesh

NDHS, 2016: Nepal Demographic Health Survey, 2016, Ministry of Health, Nepal

Masculinity Matters: Men, Gender-Based Violence and the AIDS Epidemic in Papua New Guinea

Bloom, Shelah (2008), Violence against Women and Girls: A Compendium of Monitoring and Evaluation Indicators. (Bloom) 2008



(लेखकः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा उप-सचिव पदमा कार्यरत छिन् ।)

# नेपालमा लैङ्गिक उत्तरदायी बजेट र यसको अवस्था

मिठु थापा

## पृष्ठभूमि

नेपालमा लैङ्गिक उत्तरदायी बजेट प्रक्रियाको सुरुआत आर्थिक वर्ष २०६२/०६३ देखि भएको हो । बजेट वक्तव्यमा "लैङ्गिक समानताप्रति नेपालले गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न सरकारी खर्चलाई लैङ्गिक उत्तरदायी बनाउने सोचअनुरूप आर्थिक वर्ष २०६४/०६५ देखि कार्यान्वयनमा आएको हो । एक आर्थिक वर्षभत्र सञ्चालन हुने कार्यक्रमहरूको लैङ्गिक संवेदनशीलता मापन गर्न विभिन्न ५ प्रकारका क्रियाकलापहरूका सूचकहरूका आधारमा मूल्याङ्कन गरी प्रत्यक्ष लैङ्गिक उत्तरदायी, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी र लैङ्गिकरूपले तटस्थ गरी तीन प्रकारले बजेटको वर्गीकरण गर्ने गरिन्छ । यस्तो बजेटले महिलाहरूको क्षमता विकास सशक्तीकरण र मूलप्रवाहीकरणका लागि योगदान पुर्‍याउनका साथै नेपालको छवि अन्तर्राष्ट्रियस्तरमा समेत उच्च गराउन योगदान पुगेको छ ।

कुनै निश्चित अवधिका लागि राज्यलाई आवश्यक पर्ने कुल बजेटको अनुमान र आयको आधारको खोजी विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखालगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्य प्राप्तिलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढङ्गले, योजनाबद्धरूपमा, लैङ्गिक विश्लेषणसहित आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुनेगरी गरिने बजेट तर्जुमा प्रक्रिया नै लैङ्गिक उत्तरदायी बजेट पद्धति हो। लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषणसहित उद्देश्यमूलक र योजनाबद्धरूपमा कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति हो।

लैङ्गिक उत्तरदायी बजेट महिलाका लागि छुट्टै बजेट नभई बजेटको सबै उपलब्धिमा महिला/पुरुषको सन्तुलित सहभागिता र लाभ खोज्ने प्रक्रिया हो । लैङ्गिक उत्तरदायी बजेटले लैङ्गिक मूलप्रवाहीकरणलाई बढी अर्थपूर्ण बनाउँछ ।

मानवको रूपमा महिला र पुरुष समान भए पनि उनीहरूबीच रहेको जैविक भिन्नताले गर्दा उनीहरूका व्यावहारिक र रणनीतिक आवश्यकताहरू फरकफरक हुन्छन । परम्परागतरूपमा निर्धारण गरिने तटस्त बजेट प्रणालीबाट महिला र पुरुषमा समान व्यवहार गरेको भान भए तापनि दुबै पक्षले समानरूपमा लाभ तथा फाइदा लिन नसक्ने भएकाले बजेट तर्जुमा गर्दा लैङ्गिक संवेदनशीलताको आधारमा विश्लेषण गरी महिलाहरूले पुरुषसरह लाभ लिन सक्ने अवस्थाको सिर्जना गर्नु नै लैङ्गिक उत्तरदायी बजेटको मूल धेय रहेको छ ।

सन् १९९५ मा संयुक्त राष्ट्रसंघले आयोजना गरेको बेइजिङ्ग सम्मेलनदेखि नै महिला समानताको लागि स्रोत र साधन विनियोजन र लैङ्गिक उत्तरदायी बजेटको कुरा गरिए तापनि सन २००० को बेइजिङ्ग जोड ५ सम्मेलनले वेइजिङ्ग सम्मेलनको उपलब्धिको समीक्षा गर्दा स्रोत र साधनको अपर्याप्त विनियोजनले गर्दा लैङ्गिक समानताका लागि घोषित लक्ष प्राप्त हुन नसकेको निष्कर्ष निकालेको थियो। त्यसपछि भने लैङ्गिक उत्तरदायी बजेटको अवधारणाले विश्वको ध्यान बढी आकृष्ट गरेको पाइन्छ।

नेपालमा छैटौं योजनादेखि महिला विकासका विषयलाई योजनामा समावेश गर्ने परिपाटीको प्रारम्भ भए तापनि नवौं योजना अवधिदेखि मात्र लैङ्गिक समानता र सशक्तीकरणको नीति अवलम्वन गरिँदै आइएको छ। सो नीति कार्यान्वयनमा आएपछि २०५९/६० मा पहिलो पटक महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले विभिन्न मन्त्रालयको लैङ्गिक बजेट विश्लेषण गर्ने परिपाटीको आरम्भ गरेको थियो। आर्थिक वर्ष २०६२/०६३ को बजेट वक्तव्यको बुँदा नं. १३९ मा उल्लिखित "लैङ्गिक समानताप्रति नेपालले गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न सरकारी खर्चलाई लैङ्गिक उत्तरदायी बनाउने सोचअनुरूप उक्त आर्थिक वर्षदेखि लैङ्गिक उत्तरदायी बजेट प्रक्रिया सुरु गरिएको छ। लैङ्गिक उत्तरदायी बजेटलाई संस्थागत गर्न अर्थ मन्त्रालयमा एक लैङ्गिक उत्तरदायी बजेट समिति गठन गरिएको छ। जसमा देहायका पदाधिकारीहरू रहेने व्यवस्था छ।

| | | |
|---|---|---|
| सहसचिव | अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा | संयोजक |
| उपसचिव | राष्ट्रिय योजना आयेगको सचिवालय | सदस्य |
| उपसचिव | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | सदस्य |
| उपसचिव | अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सदस्य |
| उपसचिव | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| उप महालेखा नियन्त्रक | महालेखा नियन्त्रकको कार्यालय | सदस्य |
| प्रतिनिधि | यून ओमन | सदस्य |
| उप सचिव | अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा | सदस्य सचिव |

## लैङ्गिक उत्तरदायी बजेटका सूचकहरू

लैङ्गिक उत्तरदायी बजेट निर्धारण गर्दा निम्नबमोजिमका क्रियाकलापहरूको गुणत्मक सूचकको आधारमा मूल्याङ्कन गर्ने गरिन्छ।

तालिका १: लैङ्गिक उत्तरदायी बजेटका सूचकहरू

| क्र.सं. | सूचक | प्रतिशत |
|---|---|---|
| १ | योजना तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता | २० |
| २ | महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| ३ | कार्यक्रममा महिलाहरूको लाभ तथा नियन्त्रणमा सुनिश्चतता- अन्य लक्षित वर्गका कार्यक्रममा समेत | ३० |
| ४ | महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० |

| ५ | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० |
|---|---|---|
| | जम्मा | १०० |

स्रोतः अर्थ मन्त्रालय

## लैङ्गिक उत्तरदायी बजेटक छुट्टयइने आधारहरू

बजेटका प्रत्येक क्रियाकलापहरू लैङ्गिक दृष्टिले कता उन्मुख छ भनी निर्क्योल गर्न देहायबमोजिम वर्गीकरण गर्ने गरिन्छः-

(कं) महिलालाई ५० प्रतिशत वा सो भन्दा बढी लाभ पुग्ने क्रियाकलाप प्रत्यक्ष लाभ

(ख) महिलालाई २० प्रतिशत वा सो भन्दा माथि तर ५० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियाकलाप अप्रत्क्ष्यक्ष लाभ

(ग) महिलालाई २० प्रतिशत भन्दा न्यून लाभ पुग्ने क्रियाकलापहरू तटस्थ

## लैङ्गिक उत्तरदायी बजेटको हालसम्मको अवस्था

तालिका २: आ.व.. २०६४/६५ देखि आ.व. २०७४/७५ सम्मको बजेटको अवस्था

| सि.नं | आ.व. | प्रत्यक्ष उत्तरदायी | | अप्रत्यक्ष उत्तरदायी | | तटस्थ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम (अर्ब मा) | प्रतिशत | रकम (अर्ब मा) | प्रतिशत | रकम (अर्ब मा) | प्रतिशत |
| १ | २०६४/६५ | १९.०९ | ११.३० | ५६.०३ | ३३.१६ | ९३.८७ | ५५.५४ |
| २ | २०६५/६६ | ३२.९१ | १३.९४ | ८३.५८ | ३५.४१ | ११९.५३ | ५०.६४ |
| ३ | २०६६/६७ | ४९.४६ | १७.३० | १०४.१६ | ३६.४३ | १३२.३२ | ४६.२७ |
| ४ | २०६७/६८ | ६०.६१ | १७.९४ | ११२.६५ | ३६.३० | १५४.६४ | ४५.७६ |
| ५ | २०६८/६९ | ७३.३३ | १९.०५ | १७६.२१ | ४५.७८ | १३५.३५ | ३५.१७ |
| ६ | २०६९/७० | ८७.०७ | २१.५१ | १७८.६३ | ४४.१३ | १३९.११ | ३४.३६ |
| ७ | २०७०/७१ | ११२.५ | २१.७५ | २२७.३ | ४३.९४ | १७७.४ | ३४.३१ |
| ८ | २०७१/७२ | १३५.५६ | २१.९३ | २७८.३८ | ४५.०४ | २०४.१५ | ३३.०३ |
| ९ | २०७२/७३ | १८२.५१ | २२.२७ | ३९३.१६ | ४७.९८ | २४३.७९ | २९.७५ |
| १० | २०७३/७४ | २४२.३ | २३.१० | ५०८.२० | ४८.४५ | २९८.४१ | २८.४५ |
| ११ | २०७४/७५ | ४७९.५८ | ३७.४२ | ४१७.६७ | ३२.६६ | ३८२.७३ | २९.९२ |
| १२ | २०७५/७६ | ५०८.७ | ३८.६५ | ४५०.८० | ३४.२८ | ३५५.९९ | २७.०७ |

स्रोतः अर्थ मन्त्रालय

सरकारले महिला सशक्तीकरण र विकासका लागि लैङ्गिक उत्तरदायी बजेटको आकार बढाउँदै लगेको छ। माथिको तालिका हेर्दा आ.व. २०६४।०६५ मा लैङ्गिक हिसाबले ५५.५४ प्रतिशतले तटस्थ रहेको बजेट त्यसपछि क्रमशः तटस्थताको मात्रा घट्दैगएको छ भने लैङ्गिक उत्तरदायी बजेटको मात्रा बढ्दैगएको छ। उक्त वर्ष लैङ्गिक उत्तरदायी हिसाबले प्रत्यक्ष ११.३ प्रतिशत, अप्रत्यक्ष ३३.१६ प्रतिशत र तटस्थ ५४.५४ प्रतिशत अंश रहेको थियो भने अ.व. २०७४।७५ को वार्षिक बजेटमा लैङ्गिक उत्तरदायी बजेट प्रत्यक्ष ३७.४२, अप्रत्यक्ष ३२.६६ र तटस्थ २९.९२ रहेको छ। सुरुआती दिनमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट ११.३ प्रतिशत रहेकोमा यो रकम बढेर चालु आ.व.-२०७४/७५) ३७.४२ पुगेको र तटस्थ बजेट ५५.५४ रहेकोमा चालु आ.व.मा घटेर २९.९२ रहनाले नीति निर्माण तहमा बजेट निर्माण गर्दा लैङ्गिक दृष्टिकोणले संवेदनशील हुँदैगएको देखिन्छ।

अर्थ मन्त्रालयले लैङ्गिक उत्तरदायी बजेटको व्यवस्थापन सहज ढङ्गले गर्न बजेट तर्जुमा दिग्दर्शन नै तयार गरी त्यसैका आधारमा बजेट विनियोजन गर्न सुरु गरेको हो। योजना तथा बजेट तर्जुमाको समयमा नै लैङ्गिक संवेदनशील दृष्टिकोण अवलम्बन गर्न सहयोग पुर्‍याउन प्रचलनमा ल्याइएका सूचकका लागि उपसूचक तथा सोको मापन गर्न परीक्षण सूचीहरू निर्धारण गर्न लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शनले सहयोग पुगेको छ।

लैङ्गिक उत्तरदायी बजेट जारी भएपछि महिलाको आर्थिक, सामाजिक, राजनीतिक एवं प्रशासनिक क्षेत्रमा सुधारहरू देखिएका छन्। केही सुधारका सूचकहरू निम्नानुसार रहेका छन्।

- राष्ट्रिय जनगणना २०६८ अनुसार जनसङ्ख्या वृद्धिदर २.२५ प्रतिशत बाट १.३५ प्रतिशतमा घटेको छ। जसबाट समाज चेतनशील भएको, महिलामा स्वास्थ्यसम्बन्धी चेतनामा वृद्धि भएको देखिन्छ।
- महिलाको नाममा हुने जग्गा रजिष्ट्रेरसन शुल्कमा छुट दिएको कारण महिलाको नाममा स्वामित्व हस्तान्तरण भई २६ प्रतिशत सम्पत्तिमाथि महिलाको स्वामित्व रहेको छ।
- लैङ्गिक उत्तरदायी बजेटलेले महिलाको रोजगारी र आयवृद्धि गर्न जोड दिएको छ।
- सार्वजनिक सेवामा ४५ प्रतिशत आरक्षणबाट पूर्ति गर्ने जसमध्ये महिला ३३ प्रतिशत रहेकाले हरेक क्षेत्रमा महिलाको सङ्ख्या बढेको छ।
- महिलाको आयमा १० प्रतिशत कर छुटको व्यवस्था रहेको छ।
- हरेक गाउँपालिकामा महिला विकासका कार्यक्रमहरू पुगेका छन्।
- संसद्मा (संघ र प्रदेश) महिला सहभागिता ३३ प्रतिशत पुगेको छ।
- निजामती प्रशासनमा महिलाको प्रतिनिधित्व करिव १८ प्रतिशत पुगेको छ।
- महिला भएको घरमूली परिवार २५.७ प्रतिशत पुगेको छ।
- महिला साक्षरता ५७.४ प्रतिशत भन्दा बढी पुगेको छ।
- महिला श्रम सहभागिता दर ५४ प्रतिशत पुगेको छ।
- लैङ्गिक असमानता सूचक ०.४८९ र महिलाको मानव विकास सूचक ०.५२१ पुगेको छ।
- त्यसैगरी सरकारद्वारा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट आ.व. २०७४/७५ मा ३७.४२ प्रतिशत पुगेको छ।
- विद्यालय शिक्षाको आधारभूत तहमा लैङ्गिक विभेद शून्य भएको छ।

- ४५ प्रतिशत महिलाले पारिश्रमिक पाउने रोजगारी पाएका छन्।
- वन उपभोक्ता समूह, लघुवित्त कार्यक्रम र गरिवी निवारण कार्यक्रममा समूह गठन गर्दा महत्त्वपूर्ण ३ पदमा महिला हुनुपर्ने र गठन गर्ने समूहमध्ये एक तिहाई समूह महिलाको नेतृत्वमा गठन गर्नुपर्ने प्रावधानअनुसार निर्णय तहमा महिलाको महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।
- महिलाले मात्रै सञ्चालन गरेका सहकारी संस्था १९२२ पुगेको छ।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रमा राज्यले महत्त्वपूर्ण लगानी गरेको छ।
- सामुदायिक विद्यालयमा छात्राहरूको लागि छुट्टै शौचालय निर्माणका कारण विद्यालय नियमित नहुने र बीचमा छाडने सङ्ख्यामा कमी आएको छ।
- सुधारिएको चुलो, सोलार बत्ती, मेसिनबाट चल्ने घट्टा निर्माण खानेपानी, आधुनिक र विद्युतीय भान्साका सामग्री आदिले महिलाको कार्य समय घटेको छ र स्वास्थ्यमा सुधार भएको छ जसको कारण नेपालीको आयु ६९ वर्ष पुगेको छ।
- अस्पतालमा छुट्टै प्रसूती कक्ष, पाठेघर खस्नेको निःशुल्क अपरेशन, सरकारी अस्पतालमा प्रसूति भएमा यातायात खर्च प्रदान गरिँदैआएको छ।
- सयजनालाई रोजगार दिने निजी क्षेत्रले ३३ प्रतिशत महिला कामदार राखेमा ३० प्रतिशत आयकर छुट दिने कानूनी व्यवस्था छ।
- सुरक्षा निकायमा महिला कार्मचारी सङ्ख्या बढेकाले महिला व्यारेक निर्माण भएको।
- ५ करोड भन्दा बढीको आयोजना सपन्न भएपछि लैङ्गिक अडिट हुनुपर्ने व्यवस्थाले आयोजनाबाट महिलाहरूले लाभ लिन सक्ने व्यवस्था रहेको छ।
- अन्तरजातीय विवाहमा दलित महिलाहरूलाई सुरक्षित महसुस गराउन प्रोत्साहन भत्ता प्रदान गरिँदैआएको छ।
- वादी महिला घर निर्माण कार्यक्रमले बादी महिलाहरूलाई राहत पुगेको छ।

लैङ्गिक उत्तरदायी बजेटले माथि उल्लिखित विभिद क्षेत्रमा उपलब्धि भए तापनि यसको सैद्धान्तिक अवधारणालाई स्थानीय तहसम्म राम्रोसँग बुझाई बजेट प्रक्रियामा लैङ्गिक संवेदनशीलताको विश्लेषण तथा मूल्याङ्कन गरी सूचकका आधारमा बजेट तर्जुमा गर्न अझै चुनौती रहेको छ। लैङ्गिक उत्तरदायी बजेटका लागि आवश्यक न्यूनतम पूर्वाधार र प्रभावकारी कार्यान्वयनका चरणहरू, आवश्यक न्यूनतम शर्तहरू, सूचक र उपसूचकहरू तथा तिनलाई प्रयोग गर्ने परीक्षण सूचीहरू, कार्यक्रमलाई अङ्कभार दिने तरिका, बजेटको वर्गीकरण, आवश्यक संस्थागत व्यवस्था आदिका सम्बन्धमा सबै क्षेत्र, तह, निकायहरूमा व्यापकरूपमा छलफल, अन्तर्क्रिया गरी यसको महत्त्व र आवश्यकतालाई बुझी कार्यान्वयन पक्षमा जोड दिन जरुरी छ।

## निष्कर्ष

लैङ्गिक उत्तरदायी बजेटलाई अझ प्रभावकारी बनाउन राज्यले अवलम्बन गरेका वा गर्ने सबै नीति तथा कार्यक्रमले महिला र पुरुषहरूको सरोकार र आवश्यकताहरूको सम्बोधनमा ध्यान पुर्‍याउनुपर्दछ। उनीहरूका निमित्त परिवार,

समाज, समुदाय वा राज्य विशेषले निर्धारण गरेका भूमिका, उनीहरूबीच रहेको आर्थिक, सामाजिक, सांस्कृतिक र कानुनी समानता र विभेद आदि जस्ता विषय वा पक्षको पहिचान हुनेगरी सूचनाहरूको सङ्कलन तथा विश्लेषण गरी वर्तमान अवस्था र आवश्यकताको पहिचान गर्नुपर्दछ। लैङ्गिक मूलप्रवाहीकरणको पद्धतिलाई सुनिश्चित गर्न बजेटको प्रारम्भिक तयारी, बजेट प्रस्ताव, छलफल र स्वीकृतिका सबै चरणमा बजेटले ल्याउने परिवर्तन वा सुधारका सबै परिणाममा लैङ्गिक पक्षको विश्लेषण र विवेचना गरिने परिपाटीको थालनी गरिनुपर्दछ। लैङ्गिक विषयमा बन्ने नीति कुनै एक मन्त्रालय विशेषको जिम्मेवारी हो भन्ने मान्यताले काम गरेसम्म लैङ्गिक मूलप्रवाहीकरण प्रक्रियाले मूर्तरूप लिन सक्तैन। यसका लागि संघमा हरेक मन्त्रालय वा मातहतका निकायहरू, प्रदेश र स्थानीय तह तथा सरोकारका अन्य पक्षहरूले सम्पादन गर्ने कामबाट लैङ्गिक भूमिका र महिला पुरुषका जैविक भिन्नताबाट उत्पन्न भएका भिन्न व्यावहारिक आवश्यकताहरू बुझन र स्पष्टरूपमा सम्बोधन गर्न सक्नुपर्दछ। असमान परिस्थितिमा रहेका महिला र पुरुषलाई तटस्थ व्यवहारले उनीहरूलाई समानरूपमा सम्बोधन गर्न र त्यसबाट लाभ लिन सक्तैनन् भन्ने यथार्थलाई मनन गर्नुपर्दछ। हालसम्मका उपलब्धिहरूको विश्लेषण गर्ने र यसका रहेका कमीकमजोरीहरूलाई पहिचान गरी प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउनका लागि रणनीतिकरूपमा अगाडि बढ्न आवश्यक छ।

## सन्दर्भ सामग्रीहरू

लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन २०६९, अर्थ मन्त्रालय

आर्थिक बर्ष २०७४/७५ को बजेट बक्तव्य, अर्थ मन्त्रालय

चौधौ योजना २०७३/२०७४ - २०७५/२०७६, राष्ट्रिय योजना आयोग

राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग

(लेखकः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा उपसचिव पदमा कार्यरत छिन्।)

# सुत्केरी- व्यथा समान, व्यवहार असमान, किन ?

**रोशनी देवी कार्की**

छोरा होस् वा छोरी, जन्मदाको पीडा समान हुन्छ तर समाजमा छोरा छोरी हुर्काइको व्यवहार किन असमान हुन्छ ? भलै समाजको अवस्था, समाजको उन्नति र प्रगतिले विभेद पक्कै सिर्जना गरेको छ, योभन्दा पनि अझ छोरा र छोरी बीचको विभेद बच्चा जन्माउने आमा स्वयंले समेत गरेकी हुन्छिन्। उनी पनि यही समाजकी उत्पादन न हुन् - खेल्दा, खाँदा, बस्दा, उठ्दा र कपडा लगाउँदा हरेक समयमा आमाले छोरालाई यो ठिक, छोरीलाई यो ठिक भनेर विभेदजन्य व्यवहार गरेकी हुन्छिन्। यो विभेद किन ? हो, सफा खाऊ, स्वच्छ खाऊ, सहज कपडा लगाऊ, मनोरञ्जन प्राप्त हुने सुरक्षित खेल खेल भनी उपदेश दिन नसक्ने पहिलो पाठशाला घर र प्रथम गुरु आमाबाट सिक्न नसकिने हुँदा पुनः वालबच्चामा विभेदको बीउ रोपिँदै र झाङ्गिँदै जान्छ। फलस्वरूप लैङ्गिक असमानता बढ्दै जान्छ। विद्यालयका पुस्तकमा लैङ्गिक विभेद विरुद्ध लेख लेखिन्छ, पढाइन्छ, तालिम ,गोष्ठी चलाइन्छ ,देश विदेशबाट यसैका लागि ठूलो खर्च गरेर संघसंस्था खोलेका हुन्छन् तर जन्मजात घर घरबाट यही विभेदको पाठ पढिन्छ र सिकिन्छ भने बाहिरी मुखले मात्र समान भन्दैमा समानता र समता कायम हुन र समाजमा परिवर्तन गराउन जुगै लाग्छ। यथार्थमा हामी जानकार छौं अर्थात् आजसम्म हामीले ठूलो प्रयास गरेका छौं, चेतना बढाएका छौं विदेशका नीतिहरूमा हस्ताक्षर जनाएका छौ तर परिवर्तन असाध्यै नदेखिने स्केलमा पाएका छौं।

यस लेखमा म विश्वका महान् दार्शनिकहरूको कुरा राख्दिन, नसकिने भाषण पनि छाट्दिन केवल हाम्रो समाज, हाम्रो स्कुलिङ्ग, हाम्रै परिवेश र हाम्रै भोगाइ, देखेका, भएका र आफूसमेत यही समाजको उत्पादक हुँदा सबैले जानेका ,मानेका र नयाँ नौलो नलाग्ने कुराहरूलाई पस्किने सहास मात्र गर्दछु। पाठकलाई अचम्म लाग्ला यस्ता पनि लेख हुन्छन्? तर हामीले देखेका छौं, जानेका छौं, भोग्दै आएका छौं र त्यही गर्दै आएका छौं भने किन यस्तो भएको छ ? नीति र नियत, व्यवस्था र अवस्था, गराइ र भोगाइको बारेमा केही खुट्याउनु पर्ने देखिन्छ।

## १. आमा स्वयंबाट असमान हुर्काइ

आमा- सन्तानकी जन्मदाता, जसले नौ महिनासम्म कोखमा राखी सन्तानलाई जन्म दिन्छिन्। अनगिन्ती अप्ठ्याराहरूसँग जुध्दै आफ्ना सन्तानलाई कोखमा राखी जन्म दिन्छिन्। जब वास्तविक संसारमा सन्तान आउँछ उनीभित्र छोरा र छोरीको भेदभाव सुरु हुन्छ। बच्चा जन्मदाको पीडा, व्यथा समान हुन्छ, अर्थात् छोरा जन्मदा व्यथा नहुने वा कम व्यथा लाग्ने र छोरी जन्मदा बढी व्यथा लाग्ने हुँदै होइन। छोरा होस् वा छोरी आमालाई लाग्ने सुत्केरी व्यथा समान हुन्छ। हो, महिलाको पहिलो र पछिको प्रसववेदनामा केही असहजता र सहजता हुन सक्छ। त्यो असहजता र सहजता जन्मने बच्चाको लिङ्गको आधारमा नभई

आमाको शारीरिक अवस्था, आफ्नो र्सतकता, पारिवारिक स्याहार सुसार र अनुभवजन्य व्यवहारले हुने कुरा हो । विशेष सावधानी राखेको कारणबाट हुने हो । घरायसी वातावरणमा सन्तानको हुर्काइ, स्याहारसम्भारमा आमा स्वयंबाटै सन्तानको भूमिका निर्धारण हुन्छ । छोरी हो अनेक दुःख झेल्दै हुर्कन सक्छे, समय नै उत्ताउलो छ, चाडै हाँस्ने ,आखाँ नचाउने गर्दछे । अर्काको सम्पत्ति हो भनी खाने, खुवाउने, लगाउने खेल्ने, पढाउने काम लगाउने अनेक बहानामा छोरीलाई छोराभन्दा फरक गरेर हुर्काउने आम चलन यथावतै छ । वास्तवमा भन्ने हो भने पूर्ण मातृत्व छोरीमा स्वयं आमाले पोख्न सकेकी हुन्नन् । यसको जड कारण यही समाज र उनीमा गरिएको विभेदजन्य व्यावहार आदि हो । उनको आफ्नो मात्र के दोष - एउटै कुरा समाजमा धेरै सुनिँदा सबैमा हो झै लाग्छ । भने परिवर्तन कहिले र कहाँबाट संभव हुन्छ?

## २. धार्मिक परम्परा

धर्म, परम्परा, सामाजिक मूल्य, मान्यताले समेत नारी र पुरुषमा विभेद गरेको छ । जसको असर नीति, नियम, ऐन कानुन आदिमा समेत परेको छ । धर्मका विविध पक्षभित्र यहाँ जान खोजिएको छैन । केबल आम मानिसमा जानकारी भएको र जसले समाजमा सन्तानका बीचमा गहिरो विभेद जन्माएको कुरालाई प्रकट गर्न खोजिएको छ । जस्तै सन्तान जन्मदा हरेक धर्म, सस्कार, जात, जाति, वर्ग क्षेत्रमा आआफ्नै संस्कारहरू रहेका हुन्छन् । आम जनसमुदायमा छोरा जन्मदाका ३ दिन, ६ दिन आदिमा गरिने धार्मिक क्रियाकलाप विशेप प्रकारका हुन्छन् । ६ दिनमा छैटी मान्ने गरिन्छ । छोरा जन्मेमा विशेष प्रकारको कलम, कापी सिरानमा राखी भावीले धेरै धन, सम्पत्ति, विद्या र सुखसमृद्धि लेखिदिओस् भन्ने कामना गरिन्छ ।तर छोरी जन्मेमा छैटीमा खासै केही गरिन्न । न्वारान कै कुरा गर्दा छोरा र छोरीमा अहिलेसम्म पनि विभेद देखिएकै छ । छोराको नामकरण संस्कार गर्न एघार दिन हुनैपर्दछ भने छोरीको सात दिनमा सकिन्छ । अन्नप्रासन, छेवर, गुन्यूचोली, बेलविबाह, व्रतबन्ध, विवाह, चौरासी, अन्त्यष्टि आदि सबै संस्कारमा विभेद यथावतै छ । कुल पूजा गर्ने सन्दर्भमा कयौं धार्मिक सम्प्रदायमा महिलाहरूलाई कुल घरमा पस्न नहुने, देख्न र छुन नहुने प्रचलन अहिलेसम्म हावी छ ।अर्थात् पूजाका हरेक सामग्री महिलाले तयार गरिदिनु पर्ने तर भगवान्लाई हेर्न, पूजा गर्न नहुने कस्तो विधान, कस्तो विडम्बन ? यस्ता कुरीतिजन्य मान्यता यथावत् रहेसम्म समानताका नारा जति लगाए पनि अपेक्षित उपलब्धि हासिल हुन सक्दैन ।

## ३. सामाजिक मूल्य र मान्यता

समाज यस्तो सङ्गठन हो जहाँ सबैले आआफ्ना क्रियाकलापहरू गर्ने गर्दछन् । मानिस सामाजिक प्राणी भएकाले यो समाजइतर रहन्न । केवल यति हो समाज कत्तिको लोकतान्त्रिक तथा वैज्ञानिक छ भन्ने कुराले न्याय अन्याय, विभेद समानताको अर्थ रहन्छ । निर्धक्कसाथ भन्न सकिन्छ हाम्रो समाज पितृसत्तात्मक सोचले भरिपूर्ण छ । माथि उल्लिखित आमाले सन्तानलाई गर्ने व्यवहार, धार्मिक प्रचलन तथा पिताहरूलाई पितृत्व भाव खन्याउन नदिने समाज जबसम्मा भत्कदैन ,तोडिदैन बाँकी लगानीको कुनै अर्थ छैन । महिलाहरूको सिर्जनाको फूल विजारोपणको विषय रजस्वलालाई पाप ठान्ने पशुगोठमा हुत्याइदिने पुण्यकार्यलाई अभागी, अछुत, कुकर्मी ,नछुने ,छाउपडी र फोहोरीको संज्ञा दिई बहिष्कार हुनुपर्ने यो समाज पुनः सोही अवस्थामा महिलाहरूलाई यौनशोषण गरी आनन्द लिने पाशविक पुरुष सधैं उच्च स्थान जुराउने समाज रहेसम्म विभेदको अन्त्य कहिले ?

## ४. सरकारी नीति, नियम, योजना, कार्यक्रम र बजेट

सरकार नागरिक हकहित तथा अधिकारको संरक्षण र संवर्धनका लागि स्थापित सङ्गठन हो । जसका लागि सरकारले नीति, नियम, योजना, कार्यक्रम र बजेटको निर्धारण गरेको हुन्छ । नीतिले योजनालाई सार्थकता नदिने, योजनालाई कार्यक्रमले सहयोग नगर्ने तथा वजेटले परिपूर्णता नदिँदा समस्या जिउँका तिउँ रहने देखिन्छ । महिला वालबालिका, ज्येष्ठनागरिक, अपाङ्ग एकलमहिला, तेस्रो लिङ्गीका सरोकारहरूका विषयहरूमा जिम्मा लिने नेपाल सरकारको  कार्यविभाजनअन्तर्गत अधिकार प्राप्त मन्त्रालय महिला वालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयल हो ।

## ५. सकारात्मक सोच

सबै विचारहरूलाई शुद्धीकरण गर्ने माध्यम सकारात्मक सोच हो । जसले मानिसलाई मानव हुनुको उच्च दर्जा दिन्छ । भनिन्छ मानिस सर्वश्रेष्ठ प्राणी हो । तर होईन, सर्वश्रेष्ठ विचारले भावनाले र उसका व्यवहारले मात्र मापन गर्न सकिन्छ । केवल मानिसको स्वरूपले सर्वोकृष्ठ र मानव गुण निर्धारित हुँदैन । यो सोच दिमागमा आउन  धेरै तत्त्वहरूले भूमिका खेलेको हुन्छ । समाज, धर्म, नीति, नियम, कानुन, कार्यक्रम र बजेट सवै तयार पार्न यो सोच महत्त्वपूर्ण मानिन्छ । यदि यही सकारात्मक सोचले हरेक क्षेत्रमा काम गर्दैजाने हो भने हाम्रा समस्याहरू समाधान हुँदै जाने देखिन्छन । तर हाम्रा गतिविधिहरू आफ्ना फाइदाका लागि स्वार्थले भरिपूर्ण भएकाले कार्यान्वयन नहुने, जिम्मेवारी नलिने, सामाजिक उत्तरदायित्वबाट टाढिने हुन्छन् । जसले गर्दा समाजमा विभेद, अन्याय, अपराध, असमानुपातिक अवसरले जरा गाडेको हुन्छ । सकारात्मक सोच हरेक मानवभित्र प्रवेश गराउन सकिएन भने हाम्रा प्रयासहरू असफल सावित हुनेमा दुई मत नहोला ?

## समानताको खोजी

सर्वप्रथम समानताको खोजी हरेक व्यक्ति पुरुष वा महिला स्वयं मानवभित्रै खोजौं । जहाँ विभेद हर कुरामा हुँदा आफ्नो मन, विचार र शरीरमा के कस्तो असर पर्दछ र सोही अवस्थाबाट अर्को व्यक्तिमा हुँदा ठीक त्यस्तै प्रभाव पर्दछ र यस्तो असमानता, विभेद र अवमूल्यन गर्नु नै हुँदैन भन्ने बारे आत्मानुभूति भई सहनुभूति सबैमा हुनु पर्दछ । जसलाई हिजोआज माइन्ड सेट भन्ने गरिन्छ । किन यसो भनिएको हो भन्दा यहाँ संविधान, ऐन, नीति, नियम, योजना, कार्यक्रम, संस्थागत संयन्त्र, वजेट र जनशक्ति सबै विभाजन गरियो तयार पारियो तापनि सोचेको जस्तो परिवर्तन हासिल भएन । समानताको खोजी गर्ने विषय/क्षेत्र धेरै हुनसक्छन् । तापनि केही महत्त्वपूर्ण विषय /क्षेत्र यहाँ उल्लेख गरिन्छ :-

- समानताको विषय आफैभित्र खोजौं ।
- समानता कायम गराउने निकायहरूबीच धारणामा प्रष्ट र स्पष्ट विचारहरूलाई प्रचार प्रसार गरौं ।
- समय समयमा असमानताले जकडेको क्षेत्र, स्थान, समुदाय र भिन्न स्थापित समुदायका बीच फरकपनाको मूल्याङ्कन गरौं ।
- ऐन, नियम, नीति, योजना तथा कार्यक्रमका प्रगतिहरूलाई समतामा नाप्ने र जाच्ने जमर्को गरौं ।
- असमानता विकासको अवरोध हो जसलाई वास्तवममै हाम्रो एजेण्डा बनाएर जरो पत्ता लगाई सोही ठाउँमा हिट गरौं ।

- ➢ देशमा स्थापना गरिएका गैरसरकारी संघसंस्थाहरूलाई राम्रो कार्यमा विश्वास गरौं। सहयोग गरौं साथ दिऔं।
- ➢ स्वार्थले प्रेरित भएका संघसंस्थालाई खबरदारी गरौं, असमानताको खाडल बढाउनेलाई कानुनको कठघरामा उभ्याउन कुनै कसर बाँकी नराखौं ,
- ➢ जसले विभेद निम्त्याउने काम गर्छ त्यसका लागि असह्य आवाज उठाऔं ,
- ➢ सानो कक्षादेखि स्कूल विद्यालयमा समानताका पाठहरू समयानुसार राख्दै जाऔं, (कविता, कथा, जीवनी आदि)

अन्य विषयहरू :- सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, प्रशासनिक, न्यायिक, श्रमिक, आदि।

## समानताका कायम गर्ने महत्त्वपूर्ण क्षेत्रहरू :-

- ❖ घरपरिवार;
- ❖ स्कूल;
- ❖ समाज;
- ❖ संघ, संस्था, कार्यालय, औधोगिक क्षेत्र, कार्यस्थल;
- ❖ राष्ट्र र
- ❖ विश्व।

## निचोड :-

वास्तवमा विभेद आफैमा भेग विषय हो। यसलाई यति हो, यहाँ हो, भनी अनुमानका आधारमा हेर्न सकिन्न। कति कुरा भावनात्मक आवेग संवेगले यसलाई उजागर र नियन्त्रण गरेको देखिन्छ। माथिको शीर्षक नै यस्तो देखिन्छ कि आमा स्वयं मानव, त्यसमा पनि महिला अझ गहिरिएर भन्नुपर्दा सन्तानलाई जन्म दिने जन्मदाता। बच्चा पैदा हुने विधि र प्रक्रियामा कुनै फरक नभएको। छोरा होस वा छोरी पाठेघरमा नै विकास हुने, नौ महिना पूरा भएपछि अपबाद बाहेक बच्चाको जन्म हुने र बच्चा जन्माउँदाको पीडा समेत समान हुने। तापनि उनीभित्रै सन्तानको लालनपालन, हुर्काइ, मायाममता, स्याहार र सम्मानमा विभेद देखिने हुँदा समाजबाट अर्थात् अन्य क्षेत्रबाट समानता खोज्न सहज छैन। ज्येष्ठ नागरिक भएको बखतमा समेत आमा छोराको घरमा बस्न सम्मानित र सुरक्षित महसुस गर्ने तर छोरीको घरमा बस्न सहज नमान्ने, सम्मानित भएको महसुस नगर्ने र कुटुम्बकहाँ प्राण त्याग गरेमा नर्कको बास हुन्छ भन्ने अन्धविश्वासले अपहेलित समेत भएका हामीले देखेका छौं। छोरीलाई भारा लाग्ने, पापहुने आदि इत्यादि नचाहिँदो कुरा आमा आफैले बोकेर हिड्दा समानता शब्दमा मात्र हो कि ? भन्ने भान बढेको छ। यसैले हर व्यक्तिले आफूलाई सम्मानित खोज्छ भने अर्काको अस्तित्वलाई स्वीकार गर्नुपर्दछ विना भेदभाव। यसैले अबको समानताको लडाइँ हाम्रै परिवेशबाट उब्जिएका समस्याहरूलाई सम्बोधन गर्ने अर्गानिक, होममेड समाधानहरू खोजिनु पर्दछ।

(लेखकः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा उपसचिव पदमा कार्यरत छिन।)

# महिला विकास कार्यक्रम र महिला सशक्तीकरण

विष्णु कुमारी लामिछाने

## विषयप्रवेश

सन् १९७५ मा मेक्सिकोमा भएको प्रथम विश्व महिला सम्मेलनले विश्वव्यापीरूपमा नै महिलाहरूलाई विकासको मूल प्रवाहमा ल्याउने लहरको सुरुआत गर्‍यो। सोहीअनुरूप नेपालमा पनि विभिन्न क्षेत्रमा पछाडि परेका महिलाहरूलाई सशक्त बनाई राष्ट्रिय विकासमा समानरूपले सहभागी गराउन पहिलो पटक छैटौं योजना (२०३७-२०४२) मा विकासमा महिला सहभागिता अभिवृद्धि गर्ने नीति अघि सर्‍यो र २०३८ सालमा स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास कार्यक्रम सञ्चालन गर्न महिला विकास शाखाको स्थापना भएको थियो। "ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम" बाट सुरु भएको महिला विकास कार्यक्रम क्रमिकरूपमा पचहत्तरै जिल्लामा जिल्ला विकास समितिअन्तर्गत महिला विकास शाखाको रूपमा स्थापित हुँदै वि.स. २०६० मा महिला विकास कार्यालयहरू नै स्थापना भएका थिए। वि.सं. २०६७ सालमा महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामकरण गरियो। महिला विकास कार्यक्रमले आर्थिकरूपमा विपन्न, सामाजिकरूपमा विभेदित र शैक्षिकरूपले पछाडि परेका महिलाहरूलाई छिमेकस्तरमा समूह, वडास्तरमा समिति र गाविस स्तरमा सहकारी गठन गर्दै महिला सशक्तीकरणलाई जोड दिँदैआएको छ। जसको सवाल उसैको नेतृत्व भनेझै ग्रामीण महिलाहरूकै नेतृत्वमा सञ्चालित समिति, सहकारीहरूद्वारा विभिन्न आयाम र प्राथमिकतामा रही विविध क्रियाकलापहरू सञ्चालन गरी महिलाहरूको सशक्तीकरणमा ध्यान केन्द्रित गरिएको छ।सङ्घीय संरचनामा आवश्यक परिमार्जन सहित स्थान विशेषको उपयुक्ततालाई ध्यान दिँदै महिला सशक्तीकरणलाई थप अर्थपूर्ण बनाउँदै लैजानुपर्ने देखिन्छ।

## नेपालमा महिला विकास कार्यक्रमको प्रयास

महिलाको विकासविना समग्र समाजको विकास सम्भव छैन। समाजलाई समान गतिमा हिँडाउन र सन्तुलित विकास गर्न विकासमा महिला र पुरुष दुवैको समान सहभागिता कायम हुनुपर्दछ। लिङ्गको आधारमा गरिने भेदभावजन्य व्यवहारले समानतातर्फ डोर्‍याउन पक्कै पनि सक्दैन। बरु यसले झनै असन्तुलित विकासतर्फ धकेल्दछ। विगतमा भएका विभेदलाई सच्याउने र आगामी दिनमा पुरुषसरह महिलालाई पनि हरेक क्षेत्रमा अवसर प्रदान गरिनुपर्दछ भन्ने कुराको महसुस गर्दै छैटौं पञ्चवर्षीय योजना देखि निरन्तर रूपमा समतामूलक ढङ्गबाट महिला विकासलाई जोड दिइएको पाइन्छ।

## नीतिगत प्रयासहरू

- छैटौं पञ्चवर्षीय योजनाः महिलाहरूलाई शिक्षामार्फत राष्ट्रनिर्माणमा बल पुर्‍याउनुपर्ने आवश्यकता औंल्याइयो । आर्थिकरूपमा सक्रिय महिलाको सङ्ख्या बढाउनुको साथै महिला सहभागिताका क्षेत्रसमेत यथासम्भव विस्तार गर्नुपर्नेमा जोड दिइयो ।
- सातौं पञ्चवर्षीय योजनाः- महिलाको उत्पादकत्व र क्षमता बढाउनुका साथै उनीहरूलाई विकास प्रक्रियामा पुरुषसरह सक्रियरूपमा सहभागी गराउने ।
- आठौं पञ्चवर्षीय योजनाः- महिला सरोकारलाई विकासको मूलप्रवाहमा समाहित गर्ने ।
- नवौं पञ्चवर्षीय योजनाः- लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रमहरू तर्जुमा गरी महिलाहरूलाई समतामूलक तवरबाट विकासको मूल प्रवाहमा समाहित गराउने ।
- दशौं पञ्चवर्षीय योजनाः- लैङ्गिक मूलप्रवाहीकरण एवं महिला सशक्तीकरण गर्नुपर्नेमा जोड ।
- एघारौं त्रिवर्षीय योजनाः- राज्य संरचनामा महिलाको प्रतिनिधित्व र समस्त विकास प्रक्रियामा लैङ्गिक विकासलाई जोड
- बाह्रौं त्रिवर्षीय योजनाः- लैङ्गिक तथा महिला सशक्तीकरणका नीतिहरूको निरन्तरता । योजनामा सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै दिगो शान्ति एवं विकासमा महिलाहरूको भूमिकालाई सशक्त बनाउने र महिलाविरुद्धका विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसा एवं विभेदको अन्त्य गर्ने उद्देश्य ।
- तेह्रौं त्रिवर्षीय योजनाः- महिलाको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै लैङ्गिकरूपले समावेशी र समतामूलक राष्ट्र निर्माण गर्ने
- चौधौं योजनाः- सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक र राजनीतिक सशक्तीकरण गर्दै महिलाको मूलभूत अधिकार सुनिश्चित गर्ने ।

## संरचनागत प्रयासहरू

१) महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय

२) महिला तथा बालबालिका विभाग

३) प्रत्येक जिल्लामा महिला तथा बालबालिका कार्यालय

४) गाउँस्तरमा महिला सहकारीहरू

५) वडास्तरमा महिला विकास समितिहरू

६) छिमेकस्तरमा समूहहरू

विभिन्न कारणहरूले गर्दा पछाडि परेका महिलाहरूलाई समतामूलक ढङ्गबाट सशक्त गराउनु नै महिला विकास कार्यक्रमको उद्देश्य हो । महिलाहरूको शैक्षिक, आर्थिक, सामाजिक र राजनीतिकरूपमा पुरुषको तुलनामा पछाडि परेका छन् । पछाडि परेका गरिब तथा विपन्न महिलाहरूलाई चेतना जागरण, क्षमता विकास र सामजिक परिचालनको माध्यमबाट विभिन्न क्षेत्रमा मूलप्रवाहीकरण गर्नु यस कार्यक्रमको मुख्य ध्येय हो ।

समतामा आधारित समुन्नत समुदाय को परिकल्पना यस कार्यक्रमले गरेको छ ।लक्षित वर्गका महिलाहरूको सशक्तीकरणका ५ प्राथमिकता लैङ्गिक समता, प्रजनन स्वस्थता, जीवनोपयोगी सीप, पुगीसरी सम्पन्नता र संस्थागत सहभागितासँगै मूलप्रवाहीकरण र समावेशीकरणका आयाममा समेत भूमिका खेल्ने गरी यो कार्यक्रमको सुरुआत गरिएको हो ।

## ग्रामीणस्तरमा महिला विकास कार्यक्रम

ग्रामीण स्तरमा रहेका आर्थिक, शैक्षिक तथा समाजिकरूपले पछाडि परेका महिलाहरूलक्षित यो कार्यक्रम सञ्चालन गर्नका लागि छिमेकस्तरमा कम्तीमा चार देखि सात जनासम्मको समूहहरू बनाइन्छ । कम्तीमा छ वटा समूहहरू भएपश्चात् गाउँ समिति गठन गरिन्छ जसलाई सहभागिताको सुगम मञ्च र क्रियाकलापको केन्द्रविन्दुको रूपमा लिइन्छ । विविध सचेतनामूलक तथा व्यावसायिकता विकास गर्ने अधिकांश कार्यक्रमहरू समितिहरूमा सञ्चालन गरिन्छन् । लैङ्गिक हिंसा न्यूनीकरणमा महिलाहरूको सक्रियतालाई अभिवृद्धि गर्ने उद्देश्यले लैङ्गिक हिंसा निवारणका लागि 'महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम' लागु भएपश्चात् समितिहरूअन्तर्गत रहेर सदस्य सङ्ख्याको आधारमा चार, छ वा आठ जनाको लैङ्गिक हिंसा निगरानी समूह गठन गरिएको छ । यसले महिला तथा बालबालिकामाथि हुने हिंसालाई उजागर गरी हिंसाको रोकथाम, घटना प्रतिवेदनमा प्रोत्साहन, प्रभावितको तत्काल संरक्षण, उपचार एवं न्याय प्राप्तिका लागि सम्बन्धित निकायसम्म पहुँच स्थापना गर्न सघाउ पुर्‍याउँदछ ।

समितिमा आबद्ध भएका महिलाहरूलाई व्यावसायिक बनाउनको लागि बीस वा सो भन्दा बढी सदस्यहरूलाई व्यावसायिक विकास तालिमहरू सञ्चालन गरिएका छन् । यसबाट महिलाहरूको आर्थिक सशक्तीकरणमा जोड पुगेको छ । खाइखेती वा आयआर्जनमा मात्र लागेका जसले अधिकांश समय काम गरे तापनि आर्थिक उपार्जन देखिने गरी गर्न नसकेका महिलाहरूलाई व्यावसायिक बनाउन सघाउ पुर्‍याएको छ । वैदेशिक रोजगारीमा जाने आफ्ना परिवारका सदस्यहरूलाई पनि स्वदेशमा नै बसेर काम गर्नुपर्दछ भन्ने उदाहरण दिन सकेका छन् ।

विभिन्न सचेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् जसबाट पारिवारिक साथै सामाजिक सामीप्य बढ्न गएको छ । कानुनी सचेतना, न्यायिक पहुँचका लागि संरचनागत जानकारी, मानव बेचबिखन, बालविवाह, बोक्सी प्रथा लगायतका हानिकारक प्रथा प्रचलन बारे जानकारी प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन हुँदैआएका छन् । विद्यालयविमुख किशोरीहरूलाई विद्यालयतर्फ उन्मुख गराउने र विद्यालय नजानेहरूका लागि सीप तथा व्यावसायिक विकासका लागि पहलहरू हुँदैआएको छ । उनीहरूका लागि जीवनोपयोगी सीप सिकाउनाका साथै बचतमार्फत आर्थिक सशक्तीकरणमा जोड दिने गरिएको छ ।

समितिमा आबद्ध भएका सदस्यहरूको प्रत्येक महिना कम्तीमा एक दिन बैठक सञ्चालन साथै बचत सङ्कलन हुन्छ । आफ्नो ठाउँमा भएका समस्या र सदस्यहरूलाई परेका कठिनाइबारे समितिको बैठकमा छलफल गरिन्छ र  समस्या समाधानका उपायहरूको पहिचान गरिन्छ । व्यवसाय गर्ने इच्छा भएका तर आर्थिक अभाव भएका सदस्यहरूका लागि बिउपुँजी साथै बचत परिचालनसम्बन्धी पनि छलफल हुन्छ ।

त्यसैगरी महिला सशक्तीकरण गर्न साविकका गाविसस्तरमा महिला सहकारीहरू स्थापना गरिएका छन् । कम्तीमा पाँच वटा महिला विकास समितिहरू गठन भएपश्चात् सहकारी दर्ताको प्रक्रिया अगाडि बढाइएको छ । सहकारीले विभिन्न क्रियाकलापहरू सञ्चालन गरी आफ्ना शेयर सदस्यहरूलाई जागरुक र सशक्त बनाउँदै

आएका छन् । लैङ्गिक समताको ध्वजावाहकको रूपमा लिइएका महिला सहकारीहरू सदस्यको अर्थोपार्जनमा सहयोगी, व्यावसायिक मानकहरूको प्रवर्तक, स्वावलम्बनको पर्यायवाची, महिला सुरक्षाको पहरेदार, सामाजिक परिवर्तनको शक्तिको रूपमा स्थापित भएका छन्। केही सहकारीहरूमार्फत घरेलु हिंसा पीडित तथा प्रभावितहरूको लागि अल्पकालीन आश्रयस्थलको रूपमा जिल्ला सेवा केन्द्र र सामुदायिक सेवा केन्द्रहरू सञ्चालन गर्दैआएका छन्। त्यसैगरी मानव बेचबिखन तथा ओसारपसार विरुद्धका गाउँ कार्यसमितिहरूसँग मिलेर मानव बेचबिखन तथा ओसारपसार विरुद्धमा कार्य गर्नुका साथै थुप्रै कार्यहरू सहकारीहरूले गर्दै आएका छन्।

## महिला सशक्तीकरण

सशक्तीकरण भनेको उत्पादनशील साधन स्रोतमाथिको पहुँच, असमानताका कारकहरूप्रतिको सजगता, आफ्ना चाहनाहरूतर्फ आफैलाई निर्देशित गर्ने क्षमता र संरचनात्मक असमानताको न्यूनीकरणमा देखा परेका बाधा व्यवधानहरूलाई समाधान गर्नका लागि आवश्यक पहल गर्न र नियन्त्रण गर्न सक्ने क्षमता हो। सशक्तीकरणले व्यक्तिगत तथा सामाजिकरूपमा क्रियाशील हुनका लागि वैयक्तिक, सामाजिक, आर्थिक तथा राजनीतिक शक्तिहरूलाई बुझ्न सक्ने तथा तिनलाई नियन्त्रण गर्न सक्ने क्षमता वृद्धि गर्दछ। विभिन्न पक्षमा आफ्नो पहुँच प्राप्त गर्न नसकेकाहरूलाई विकल्पहरूको चयन गर्न सक्ने क्षमता प्रदान गर्दछ। सशक्तीकरणले त्यस्तो वातावरणको सिर्जना गर्दछ जसमा सबैले आफ्ना समग्र सम्भावनाहरूको विकास गर्नुका साथै आफ्ना आवश्यकता र चाहना अनुसार समुदायको जीवनमा सहभागी बन्न सक्ने हुनका लागि आफ्नो जीवनलाई उत्पादनशीलता र सिर्जनशीलतातर्फ अग्रसर गराउन सक्दछन्।

महिलाहरूलाई स्रोत र साधनमा पहुँच तथा नियन्त्रण गर्न सक्ने क्षमतामा अभिवृद्धि गराउनुलाई नै महिला सशक्तीकरण भनिन्छ। विभिन्न कारणहरूले महिलाभित्र अन्तर्निहित वा सुषुप्त अवस्थामा रहेका सीप, क्षमता  कला र गलाको प्रस्फुटन गर्ने तरिकालाई सशक्तीकरण भनिन्छ।महिला विकास कार्यक्रममार्फत महिलाको आर्थिक, सामाजिक तथा साङ्गठनिक सुदृढीकरणमा जोड दिँदै महिलाहरूको सशक्तीकरण गरिन्छ ।

## सशक्तीकरणका सूचकहरू

- आत्मजागरण (आफ्नो लक्ष्य र योजना)।
- समूहमा संलग्नता र सामुहिक काममा सक्रियता।
- नीतिनिर्माण तहमा सक्रिय सहभागिता।
- घुमफिर र गतिशीलता ।
- आर्थिक सुरक्षा, रोजगार तथा आयआर्जन र आत्मनिर्भता ।
- ठूलोसानो वस्तु किनमेल र खरिदबिक्री गर्न सक्ने।
- मुख्य निर्णयप्रक्रियामा सक्रिय र अर्थपूर्ण भूमिका।
- हिंसा विरुद्धको आवाज, शून्यसहनशीलता।
- शिक्षा, स्वास्थ्य।
- यौनिक ।
- आफ्नो हक, अधिकार र अवस्थाको बारेमा सचेतना।

क्रियाकलापमा आधारित सशक्तीकरण गर्न सक्ने साथै गरेर सिक्ने प्रक्रियाहरू हुन्छन् । सामाजिक आर्थिक सशक्तीकरणलाई सशक्तीकरणका सामाजिक आर्थिक पक्षहरूसँगै राखिन्छ । सशक्तीकरणका ३ वटा कार्यमूलक बुँदालाई तल प्रस्तुत गरिएको छ -

- सामाजिक भूमिका विस्तार गरेर दैनिक जीवन फेर,
- आर्थिक गतिविधि बढाएर अभावको घेराबाट निकास लेऊ र
- सङ्गठित कार्यकलापलाई बढावा दिएर विभेदविरोधी सामाजिक शक्ति सिर्जना गर ।(वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०७३/०७४)

## महिला सशक्तीकरण किन ?

आफ्नै कोखबाट छोरीको रूपमा जन्मिएको सन्तानलाई हेरिने दृष्टिकोण, राखिने अपेक्षा र गरिने व्यवहार छोराको भन्दा भिन्न हुनु नै महिला विभेदको सुरुआत हो । सोपश्चात् परिवार र समाजले नै छोराछोरीलाई अलगअलग सामाजिकीकरण प्रक्रियाबाट अन्तर्घुलन गराउन खोज्नु, विभिन्न विभेदजन्य संस्कारहरूको विकास र निरन्तरता दिनु, धार्मिक दस्तावेज र संस्कारमा अलगअलग महत्त्व दिई व्याख्या गरिनु, वैवाहिक प्रक्रियामा पितृसत्तालाई निरन्तरता मिल्ने परिपाटी बनाइनु लगायत यावत् कारणहरूले महिलाहरूको अवस्था र स्थिति स्वाभाविकरूपमा पछाडि पर्न गयो । अंश खाने र वंश धान्ने हर्ताकर्ताको रूपमा छोराप्रतिको अपेक्षासँगै निरन्तर शिक्षामा बढी जोड दिने परिवार र समाजले विकासमा महिला र पुरुषको समान सामर्थ्य र क्षमता आवश्यक छ भन्ने कुरालाई मनन गर्न सकेन, एक रथका दुइ पाङ्ग्रा जस्तै बराबर हैसियत र महत्त्व बुझ्न सकेन ।

शैक्षिक र सामाजिकरूपमा पुरुष समान हैसियत प्राप्त नहुने वातावरणमा स्वाभाविकरूपले महिलाको आर्थिक अवस्था पनि कमजोर हुने नै भयो । आफ्नो अधिकांश समय श्रममै व्यतीत गर्ने महिलाहरूको आर्थिक योगदानको मूल्याङ्कन हुन सकेन । अर्काको घर जाने जात भन्दै अभिभावकले छोरीलाई सँधै दायित्व र बोझको रूपमा हेर्ने परिपाटी बन्यो । अभिभावकबाटै छोरीको पोषण साथै शिक्षामा लगानी गर्ने वातावरणको अभाव रह्यो । यी सबै पक्षहरूबाट महिला सशक्तीकरणमा बाधा पुग्न गयो । पुरुषसरह हरेक क्षेत्रमा महिलाहरू अगाडि आउन सकेनन् । यसर्थ शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक र विभिन्न अवसरहरूबाट वञ्चित रहेका महिलाहरूको विकासका लागि चेतना जागरण, क्षमता विकास एवं सामाजिक परिचालन गर्दै ग्रामीणस्तरका महिलाहरूको अवस्था परिर्वन गर्ने उद्देश्यले महिला विकास कार्यक्रमको जन्म भयो । जसअन्तर्गत विभिन्न कार्यक्रमहरूका माध्यमबाट महिलाहरूको सशक्तीकरण गरी लैङ्गिक मूलप्रवाहीकरणमा जोड दिन थालियो । समाजमा व्याप्त कुरीति, मानव बेचविखन, घरेलु हिंसा, यौन दुर्व्यवहारलगायतका विकृतिहरू नियन्त्रण गर्न पुरुष वर्गको सहभागितामा सामाजिक जागरण बढाउने, स्रोत साधन र रोजगारीका अवसरमा महिला वर्गको पहुँच तथा समानुपातिक नियन्त्रण स्थापनाका लागि पहल तथा समन्वय गर्न विविध सीपमूलक तालिमहरू सञ्चालन गरिँदै आएको छ ।

## महिला विकास कार्यक्रमको उपादेयता

महिला विकास कार्यक्रममा आबद्ध भएका महिलाहरू आर्थिकरूपमा सशक्त भएका हुन्छन् ।बचत गर्ने बानीको विकास भइसकेको छ । सीप सिकेर व्यवसायिकतातर्फ लम्किँदै छन् । सामाजिकरूपमा सक्रिय बन्दै गएका छन् जस्तै बालविवाह न्यूनीकरण, मानव बेचविखन नियन्त्रण लगायत विभिन्न कुप्रथा र कुप्रचलनहरूको विरुद्धमा कार्य गर्दै

आइरहेका छन् । किशोरीहरूको समूह वा वृत्तलाई अभिभावकत्व प्रदान गर्दै आवश्यकताअनुसार निरन्तर शिक्षा र सीपमा किशोरीहरूलाई आबद्ध गराएका छन् । स्थानीयस्तरमा विभिन्न अभियानहरू धुवारहित चुलो, खुल्लादिशामुक्त अभियान, पूर्ण सरसफाइ, पूर्ण साक्षरता लगायतका सामाजिक क्रियाकलापहरूमा केही सहकारीहरूले नेतृत्व लिएर काम पनि गरिरहेका छन् । महिला विकास समितिअन्तर्गत रहेर काम गर्ने गरी लैङ्गिक हिंसा निगरानी समूहहरू गठन भएका छन् जसबाट आफ्नो कार्यक्षेत्रमा घरेलु हिंसा न्यूनीकरण गर्न सक्रिय भूमिका निर्वाह गर्दैआएका छन् । राजनीतिमा पनि संलग्नता बढ्दै गएको छ ।

महिला विकासको लक्षित समूहको खुद आकार ४१ लाख ५७ हजारको हाराहारी छ जसमध्ये हालसम्म २० प्रतिशतमा मात्र पुग्न सकिएको छ (महिला विकासका विधिविधा, २०७४ असार, महिला तथा बालबालिका विभाग) । सामाजिकरूपमा हुने विकासलाई यकिन गरी मापन गर्न नसकिए तापनि संस्थागतरूपमा महिला विकास कार्यक्रमको सुरुआती (२०३९/०४०) देखि हालसम्मको (२०७३/०७४) मुख्यमुख्य प्रगति निम्नानुसार रहेको छः-

| क्र.सं. | क्रियाकलापको नाम | एकाइ | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम सञ्चालित जिल्ला | सङ्ख्या | ७७ | |
| २. | कार्यक्रम सञ्चालित गाविस | सङ्ख्या | ३१५६ | हाल ४५६ गाउँपालिका तथा २९३ महा/उप/नगरपालिका रहेको छ । |
| ३. | कार्यक्रम सञ्चालित नगरपालिका | सङ्ख्या | | |
| ४. | गठन भएका महिला समूह | सङ्ख्या | १९९९३२ | |
| ५. | समूहमा सम्मिलित महिला | जना | ११५४०९६ | |
| | दलित | जना | १७३८८९ | १५.०७ % |
| | जनजाति | जना | ४१५७५२ | ३६.०२% |
| | अन्य | जना | ५६४४५८ | ४८.९१% |
| ६. | गठन भएका महिला समिति | सङ्ख्या | २५५३५ | |
| ७. | दर्ता भएका महिला संस्था | सङ्ख्या | १९२२ | |
| ८. | तदर्थ महिला संस्था | सङ्ख्या | १५९ | |
| ९. | महिलाहरूको सामूहीक बचत | रु. | ५,८२,६५,२३,०३३ | |
| १०. | जम्मा लगानीमा रहेको रकम | रु. | ५,४८,६८,८२,५७५ | |
| ११. | चालुकोष | रु. | १५,३१,१९,०७८ | |
| | मूलधन | रु. | १३,३०,४७,४३८ | |
| | ब्याज | रु. | २,००,७१,६४० | |
| १२. | लैङ्गिक हिंसा निगरानी समूह गठन र परिचालन | साविकका वडा | ११५९६ | |
| १३. | मनोसामाजिक विमर्श केन्द्र | वटा | ३६ | |
| १४. | सेवा केन्द्र | वटा | ३६ | १७ नियमित तर्फ १९ राष्ट्रपति महिला उत्थान कार्यक्रम तर्फ |

स्रोत :- महिला विकास कार्यक्रम, वार्षिक प्रगति प्रतिवेदन २०७३/०७४

## महिला विकासका लागि स्थानीय तहले ध्यान दिनुपर्ने कुराहरूः-

विगत ३५ वर्षदेखि संस्थागत गरिएको महिला विकास प्रयासलाई सङ्घीय संरचनामा आवश्यक समायोजन गर्दे लैजानुपर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ वडा समितिको काम, कर्तव्य र अधिकारमा उल्लेख भएअनुसार वडाभित्र आर्थिक तथा सामाजिकरूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने साथै (३२) मा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने भनी उल्लेख गरिएको छ । समयसापेक्षित नयाँ कार्यक्रमहरूसँगै तपसिलबमोजिमका हुँदै आइरहेका गतिविधिहरू पनि समावेश गर्दै जानुपर्ने हुन्छ ।

## विगतका कार्यक्रमहरूको निरन्तरता

- स्थानीय तहहरूले विगतमा हुँदैआएका महिला विकास कार्यक्रमलाई निरन्तरता दिनको लागि भइरहेका संरचनाहरूको अध्यावधिक गर्दै लक्षित महिलाहरूलाई समूह, समिति र सहकारीमा आबद्ध गराउँदै समयानुकुल सशक्तीकरण गर्दै लैजानुपर्दछ ।
- महिलाहरूमध्ये पनि एकल महिला, अपाङ्ग महिला, विपन्न महिला, हिंसापीडित महिला जस्ता उत्पीडनमा परेका महिलाहरूलाई पहिलो प्राथमिकतामा राखी व्यवसाय गर्न इच्छुकका लागि बिउपुँजी (आर्थिक अभावका कारण व्यवसाय सञ्चालन गर्न नसक्नेको लागि प्रदान गरिने रकम) उपलब्ध गराउनुपर्दछ जसले महिलाहरूलाई आत्मनिर्भर बनाउन मद्दत गर्दछ । यसको व्यवस्थापन गर्नको लागि सहकारीमा विगतमा प्रदान गरिएको चालुकोषमा थप गरी सहकारीमा आबद्ध हुनेहरूलाई उपलब्ध गराई सेवा प्रवाह गर्न सकिन्छ ।
- गरिबीविरुद्ध महिला अभियान कार्यक्रम, घरेलु हिंसापीडित महिलाहरूका लागि अल्पकालीन आश्रयस्थल (जिल्ला/सामुदायिक सेवा केन्द्र), साथै मनोसामाजिक परामर्श सेवा
- माग र सम्भाव्यताका आधारमा सीपमूलक तालिमहरू आदि ।

## स्थानीय आवश्यकताअनुसारका कार्यक्रम सञ्चालन

स्थानीय तहमा दाइजो प्रथा, बालविवाह, बहुविवाह, बोक्सी प्रथा, यौनजन्य हिंसा, घरेलु हिंसालगायत यावत् समस्याहरू कायमै छन् । यस्ता हिंसाजन्य कुप्रथाहरूबाट बढीजसो महिलाहरू नै पीडित हुने गरेका छन्, जसबाट महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक विकासमा अवरोध पुग्न जान्छ । नेपालको संविधानको धारा २१७ मा स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष को संयोजकत्वमा आफ्नो अधिकार क्षेत्रभित्रका विवादहरू निरूपण गर्न ३ सदस्यीय न्यायिक समिति गठन हुने प्रावधान रहेको छ । स्थानीयस्तरमा आउने विवादहरूको समाधान गर्दा सबैलाई समान देखेर न्याय निरूपणतर्फ न्यायिक समितिले ध्यान दिनुपर्दछ । महिलाहरूको न्यायिक पहुँचका लागि थुप्रै कानुनी दस्तावेजहरू र प्रयासहरू भए तापनि वास्तविकरूपमा पीडित महिलाहरूले न्यायको महसुस गर्न सकिरहेका छैनन् । यसको मुख्य कारण भनेको न्याय प्राप्तिमा पारिवारिक, सामाजिक र त्योभन्दा पनि बढी राजनीतिक दबाब हुनु हो । न्याय खोज्न जाँदा फर्केर परिवारमा पुनः आउने वातावरण नहुने डरले धेरै महिलाहरू अन्यायमा नै बाँचिरहन

बाध्य भइरहेका छन् । यसर्थ स्थानीय तहले पहुँचविहीन र आवाजविहीन अवस्थामा रहेका महिलाहरूको न्यायिक पहुँच अभिवृद्धिमा अनिवार्य ध्यान दिनुपर्दछ।

महिलाहरूको लक्षित बजेट महिलाहरूकै स्थानीयस्तरमा रहेका समस्याहरूको दीर्घकालीन समाधान गर्न व्यावहारिक र रणनीतिक आवश्यकतालाई ध्यानमा राखी खर्च गरिने परिपाटीको सुनिश्चितता हुनुपर्दछ।

बालिका र किशोरीहरू निरन्तर शिक्षाको पहुँचबाट बाहिर भएभने महिला सशक्तीकरण अधुरो सपना हुन जान्छ भन्ने मूल मर्मलाई आत्मसात् गरी महिला विकास कार्यक्रममा विद्यालयविमुख किशोरीहरूसँग सम्बन्धित कार्यक्रम पनि सँगसँगै लिएर उनीहरूको निरन्तर शिक्षालाई बढी महत्त्व दिई बारम्बार सूचकको आधारमा अनुगमन गरिनुपर्दछ। विद्यालयविमुख बालबालिकालाई विद्यालय भर्ना हुने वातावरणको सिर्जना हुनु आवश्यक देखिन्छ। केही बालबालिका विद्यालय टाढा भएर, अभिभावकको हेरचाह नभएर, घरेलु हिंसामा परेर, पारिवारिक जिम्मेवारी लिनुपर्ने भएर वा बालबालिका स्वयंले अध्ययनमा रुची नदेखाएर विद्यालय नजाने, विद्यालय छोड्ने वा निरन्तरता दिन नसकिरहेका थुप्रै उदाहरण छन् । यस्ता बालबालिकाहरूलाई निरन्तर शिक्षाको पहुँच अभिवृद्धि गर्न स्थानीय तहले पहल गर्नु जरुरी हुन्छ।

स्थानीय तहमा विभिन्न सामाजिक समस्याहरू कायमै रहेका छन् । केन्द्रीकृत तवरबाट आयोजना गरिएका थुप्रै कार्यक्रमहरूले ती समस्याहरू न्यूनीकरणमा ठूलो प्रभाव पार्न नसकेको तीतो यथार्थ हामीसँग छ । केन्द्रले स्थानीय समस्याहरू नजिकबाट बुझ्न नसक्ने र स्थानीयले समस्या समाधानमा आफ्नो भूमिका बारेमा प्रष्ट हुन नसक्नुले सञ्चालित योजनाहरूबाट अपेक्षित उपलब्धि हासिल हुन सकेनन् । यसर्थ आ-आफ्नो स्थानीय तहमा रहेका समस्याहरू समाधनमा सही तरिकाले योजना तर्जुमा र कार्यान्वयन पक्षलाई महत्त्व दिइ लक्षित बजेटको समुचित प्रयोग हुनसक्ने सुनौलो अवसरको सदुपयोग गर्ने समय आएको छ, ।

## महिला विकास कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू

महिला विकास कार्यक्रम सञ्चालन गर्दा भौगोलिक क्षेत्र, समुदायअनुसार फरकफरक समस्याहरू देखापरेका छन् । समग्रमा समस्याहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छः-

- सम्पूर्ण लक्षित वर्गलाई कार्यक्रममा समावेश गर्न नसकिनु;
- विभिन्न निकाय र संघसंस्थाबाट छुट्टाछुट्टै उद्देश्य लिएर एउटै कार्यक्षेत्रमा महिलाहरूलाई धेरै समूहहरूमा आबद्ध गराइएको हुँदा समूह, समिति र संस्था निष्क्रिय वा विघटन हुन गई कार्यक्रम प्रभावकारी हुन नसक्नु;
- आबद्ध महिलाहरूमा कम योग्यता भएको कारण प्रविधिको प्रयोग न्यून हुनु;
- वास्तविक लक्षित वर्गका महिलाहरूले ज्याला मजदुरी गरेर जीवननिर्वाह गर्ने हुँदा नियमित बैठक र सञ्चालन गरिने कार्यक्रमहरूमा न्यून उपस्थिति जनाउनु;
- सीपमूलक तालिमहरू प्रदान गरिए तापनि महिलाहरूको घरायसी कार्यबोझ लगायतका अन्य कारणहरूले गर्दा व्यवसायतर्फ उन्मूख नहुनु;
- कुनै समाजमा वा परिवारमा पुरुष वर्गको सहयोग मिल्न नसक्नु;
- महिलाहरूले सामाजिकीकरण प्रक्रियामा सिकेका केही परम्परागत अन्धविश्वास, कुरीति र विभेदजन्य व्यवहार साथै मूल्यमान्यताहरू हटाउन नसक्नु;

- पहुँच भएकाहरूले पटक पटक अवसर प्राप्त गर्नु, पहुँचविहीनहरू अवसरविहीन हुनु र
- महिला सशक्तीकरणमा पुरुषको सहयोग जुटाउन केही तालिमहरूमा महिला पुरुष सँगसँगै राखी गर्नुपर्नेमा पुरुष वर्गको सहभागिता जुटाउन कठिन हुने आदि ।

## निष्कर्ष

दृष्टिकोणमा परिवर्तन नभई व्यवहारमा परिवर्तन हुन सक्दैन र व्यवहारमा परिर्वन नभई महिला सशक्तीकरणको पाटोमा अपेक्षित उपलब्धि हासिल गर्न सकिँदैन । महिला सशक्तीकरण गर्न कार्यक्रमहरूको माध्यमसँगै महिला/छोरीलाई हेर्ने दृष्टिकोण र गरिने व्यवहारमा परिवर्तन ल्याउनुपर्दछ ।महिला विकास गर्ने पहिलो खुट्किलो शिक्षा हो । सम्पूर्ण छोरीहरूलाई अनिवार्य विद्यालय जाने परिपाटी मिलाउनुपर्दछ । महिलाको विकासमा पुरुष संलग्नता अपरिहार्य हुन्छ । सँगसँगै लक्षित वर्गका कार्यक्रमहरू सञ्चालन गर्दा स्थानीय तहबाट एकद्धार प्रणाली अवलम्बन गरी कार्यक्रममा दोहोरोपना नआउने परिपाटीको सिर्जना गरिनुपर्ने हुन्छ ।

मुलुक सङ्घीय संरचनामा गइसकेको छ । विगतमा जिल्लास्तरबाट सञ्चालन गरिएका महिला विकास कार्यक्रमहरूको निरन्तरता अब स्थानीय तहबाट हुनुपर्दछ । स्थानीय तहमा माग र आवश्यकताका आधारमा विगतमा निर्मित संरचना समेतलाई मध्यनजर गर्दै महिला विकास कार्यक्रमहरू सञ्चालन गरी महिलाहरूको सशक्तीकरणमा ध्यान दिनुपर्दछ । स्थानीय स्तरमा रहेका महिलाहरूका समस्याहरू नजिकबाट केलाउन र सोहीबमोजिम महिला सशक्तीकरण गर्ने नीति, योजना साथै कार्यक्रम बनाउन सहज हुने भएको हुँदा परिवर्तित स्वरूपलाई अवसरका रूपमा लिई सबै एक भई लाग्नु जरुरी छ ।

## सन्दर्भसूची


1. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
2. वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०७३/०७४, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय
3. महिला विकास कार्यक्रम, वार्षिक प्रगति प्रतिवेदन २०७३/०७४, महिला तथा बालबालिका विभाग
4. महिला विकासका विधिविधा, २०७४ असार, महिला तथा बालबालिका विभाग
5. स्थानीय तहमा महिला विकास कार्यक्रम, गोराखापत्र राष्ट्रिय दैनिक, विष्णुकुमारी लामिछाने २०७४/१०/१५


(लेखकः महिला तथा बालबालिका कार्यालय, मकवानपुरमा प्रमुख महिला विकास अधिकृत पदमा कार्यरत छिन् ।)

# नेपालमा अपाङ्गता अधिकार सम्बन्धी व्यवस्था

**पवित्रा ढकाल**

## अपाङ्गताः-

व्यक्तिको शारीरिक प्रणालीमा रहेको कुनै समस्या वा यसबाट सिर्जना हुने समस्यालाई अपाङ्गता भएको अवस्था मानिन्छ । वातावरणीय पक्षहरूले व्यक्तिको शारीरिक प्रणालीमा पुर्‍याउने अवरोध समेतलाई अपाङ्गताको दृष्टिकोणअन्तर्गत हेरिन्छ । अपाङ्गता विभिन्न शारीरिक, मानसिक वा इन्द्रियसम्बन्धी विचलन, क्षति, वा भिन्न अवस्था भएका व्यक्तिहरू र वातावरणबाट सिर्जना हुने अन्तर्क्रियाको परिणाम हो । मानिसको गर्भावस्थामा हुने समस्या, जन्मको क्रममा हुने समस्या वा दुर्घटना र जन्मपछि आइपर्ने दुर्घटना, रोग, विपद, द्वन्द्व आदिका कारणबाट शारीरिक वा मानसिकरूपमा क्षति वा विचलन भई अपाङ्गताको सिर्जना हुन्छ । अपाङ्गताका सम्बन्धमा विभिन्न परिभाषाहरू समेत प्रस्तुत गरिएका छन्, तर पनि सवै परिभाषामा एकरूपता छैन । कुनै परिभाषामा बृहत् रूपमा अपाङ्गताको परिभाषा गरिएको छ भने कुनै परिभाषाले शारीरिकरूपमा हुने अपाङ्गतालाई मात्र समावेश गरेको पाइन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ मा उल्लेख गरिएको परिभाषा र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा गरिएको परिभाषा करिब मिल्दोजुल्दो देखिन्छ ।

**अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि २००६**: अपाङ्गता भएको व्यक्ति भन्नाले दीर्घकालीन अशक्तताद्वारा सिर्जित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी कमजोरी तथा तिनको विभिन्न अवरोधसँगको अन्तर्क्रियाको कारणले समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गबाट सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँछ भनिएको छ ।

**अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४:** अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएको व्यक्ति सम्झनुपर्दछ ।

माथि उल्लिखित दुवै परिभाषालाई विश्लेषण गर्दा शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण वा प्रभावकारी ढङ्गले सहभागी हुन बाधा पुगेको अवस्थालाई  अपाङ्गता भनिन्छ ।

**नेपालमा अपाङ्गताको वर्गीकरण**ः अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार नेपालमा देहायबमोजिम अपाङ्गताको वर्गीकरण गरिएको छः-

१. शारीरिक अपाङ्गता
२. दृष्टिसम्बन्धी अपाङ्गताः दृष्टिविहिनता र न्यून दृष्टियुक्त
३. सुनाइसम्बन्धी अपाङ्गताः बहिरा र सुस्तश्रवण
४. श्रवण दृष्टिविहिन अपाङ्गता
५. स्वर र बोलाइसम्बन्धी अपाङ्गता
६. मानसिक वा मनोसामाजिक अपाङ्गता
७. बौद्धिक अपाङ्गता
८. अनुवंशीय रक्तश्राव (हेमोफिलिया)सम्बन्धी अपाङ्गता
९. अटिज्मसम्बन्धी अपाङ्गता
१०. बहुअपाङ्गता

**त्यसैगरी अशक्तताका आधारमा अपाङ्गताको वर्गीकरण देहायानुसार गरिएको छ।**

क) पूर्ण अशक्त अपाङ्गता :- रातो कभरमा पहेलो अक्षरले लेखिएको वर्ग "क"

ख) अति अशक्त अपाङ्गता :- निलो कभरमा पहेलो अक्षरले लेखिएको वर्ग "ख"

ग) मध्यम अपाङ्गता :- पहेलो कभरमा निलो अक्षरले लेखिएको वर्ग "ग"

घ) सामान्य अपाङ्गता :- सेतो कभरमा कालो अक्षरले लेखिएको वर्ग "घ"

## नेपालमा अपाङ्गताको अधिकारका सम्बन्धमा भएका कानुनी व्यवस्थाहरू :-

विश्व स्वास्थ्य सङ्गठन र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले कुल जनसङ्ख्याको करीव १५ प्रतिशतमा कुनै न कुनै किसिमको अपाङ्गता हुने प्रतिवेदनहरूमा उल्लेख गरेको पाइन्छ। नेपालको राष्ट्रिय जनगणना, २०६८ ले नेपालमा अपाङ्गताको जनसङ्ख्या कुल जनसङ्ख्याको १.९४ प्रतिशत मात्र रहको देखाएको छ। नेपालको कुल जनसङ्ख्या २६४९४५०४ मध्ये ५१३३२१ जना अपाङ्गता भएको व्यक्ति रहेको र जसमध्ये महिलाको सङ्ख्या २३३२३५ र पुरुषको सङ्ख्या २८००८६ रहेको छ। यस्ता अपाङ्गता भएका व्यक्तिको लागि गरिएका कानुनी व्यवस्थाहरू यसप्रकार रहेका छन्।

- नेपालको संविधान (धारा १८ समानताको हक, धारा २७ सूचनाको हक, धारा ३१ शिक्षासम्बन्धी हक, धारा ४२ सामाजिक न्यायको हक)
- अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी ऐन, २०७४ (भेदभावविरुद्धको हक, सामुदायिक जीवनको अधिकार, संरक्षणको अधिकार, राजनीतिक सहभागिताको अधिकार, संस्था खोल्ने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार, सेवा सुविधा तथा न्यायमा पहुँचको अधिकार, सामाजिक सुरक्षाको अधिकार, सूचना तथा जानकारीको अधिकार, आवतजावतको अधिकार)
- निजामती सेवा ऐन २०४९ (अपाङ्गता भएका व्यक्तिहरूलाई ५ प्रतिशत आरक्षणको व्यवस्था)

- विशेष शिक्षा नीति, २०७३
- अपाङ्गता परिचयपत्र वितरण निर्देशिका, २०६५
- सि.वि.आर.(समुदायमा आधारित पुनर्स्थापना) निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- अपाङ्गता भएका व्यक्तिहरूलाई आन्तरिक हवाई यात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि, २०६३
- अपाङ्गतासम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना, २०७५-२०८४, को मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको

त्यसैगरी अपाङ्गता अधिकार प्रवर्द्धनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय अपाङ्ग महासंघ लगायतका संस्थाहरूसँग सहकार्य गर्नुका साथै विभन्न संघसंस्थाहरूलाई अनुदान रकम उपलब्ध गराउँदै आएको छ।

## अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष सेवा सुविधाहरू :-

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न विशेष सेवा सुविधाहरूको व्यवस्था गरेको छ।

- निःशुल्क शिक्षा र छात्रवृत्तिः सामुदायिक शिक्षण संस्थाहरूमा अपाङ्गता भएका विद्यार्थीहरूका लागि निःशुल्क शिक्षाको व्यवस्था गरिनुका साथै अपाङ्गताको गम्भीरता र शिक्षण संस्थासम्मको दुरीका आधारमा छात्रावृत्तिको समेत व्यवस्था गरिएको छ।
- भाडामा छुट र सिट आरक्षण :- आन्तरिक हवाई भाडा र सार्वजनिक सवारी साधनमा ५० प्रतिशत छुटको व्यवस्थाका साथै १५ सिट वा सोभन्दा बढी सिट क्षमताका सार्वजनिक यातायातका साधनमा दुई सिट अपाङ्गता भएका व्यक्तिका लागि आरक्षण गर्ने प्रावधान रहेको छ
- चारपांग्रे स्कुटर र सहायक सामग्री खरिदमा कर छुट :- अपाङ्गता भएका व्यक्तिले चलाउन मिल्ने विशेष प्रकारको चारपांग्रे स्कुटरको खरिद गर्दा तिर्नुपर्ने भन्सार महसुल छुट दिइएको छ। त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको लागि (व्यापारिक प्रयोजनबाहेक) खरिद गरिने सहायक सामग्रीमा कर छुट दिइएको छ।
- निःशुल्क सहायक सामग्री तथा शैक्षिक सामग्री :- सरकारले अपाङ्गता भएका व्यक्तिहरूको पहुँच बढाउन आवश्यक पर्ने ह्वीलचियर, वैशाखी, सेतो छडी, श्रवण यन्त्र , कृत्रिम हातखुट्टालगायतका सहायक सामग्रीहरू विभिन्न संघसंस्थाहरूमार्फत निःशुल्क उपलव्ध गराउँदैआएको छ। त्यसैगरी दृष्टिविहीन बालबालिकाहरूका लागि ब्रेल पुस्तक, बडियो पुस्तक तथा ब्रेल सामग्रीहरू निःशुल्क वितरण गर्दैआएको छ।
- सार्वजनिक सेवामा आरक्षणः निजामती सेवालगायत अन्य सार्वजनिक सेवाहरूको खुला प्रतिस्पर्धात्मक परीक्षाबाट पूर्ति गरिने पदहरूमा आरक्षित सिटहरूमध्ये ५ प्रतिशत सिट अपाङ्गता भएका व्यक्तिहरूबीच मात्र प्रतिस्पर्धा हुने गरी आरक्षित गरिएको छ।
- परीक्षामा सहयोगी राख्ने तथा समय थपको व्यवस्था :- दृष्टिविहिन तथा हातमा समस्या भई आफै लेख्न नसक्ने व्यक्तिहरूका लागि सहयोगी लेखक राख्न पाउने तथा समय थप हुने समेत व्यवस्था गरिएको छ। यो व्यवस्था विद्यालय विश्वविद्यालयस्तरको परीक्षा एवं लोक सेवा आयोगलगायतले सञ्चालन गर्ने प्रतिस्पर्धात्मक परीक्षाहरूमा लागु गरिएको छ।

- अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई ध्यान दिई सार्वजनिक भौतिक संरचनाहरू पहुँचयुक्त बनाउन सुरु गरिएको छ। केही टेलिभिजनहरूबाट प्रसारण हुने समाचार तथा अन्य कार्यक्रमहरूमा दोभाषेको व्यवस्था गरी बहिरा व्यक्तिहरूको सञ्चारमा पहुँच वृद्धि गरिएको छ। सार्वजनिक सवारी साधनहरूलाई अपाङ्गता मैत्री बनाउन सुरुआत भएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आ.व.२०७४।०७५ को कुल वजेट ११,९४,३००००। मध्ये अपाङ्गताको क्षेत्रमा देहायानुसार खर्च गरेको अवस्था छ।

समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम- १,६८,७५,०००।

सहायक सामग्री उत्पादन तथा वितरण- ८५,००,०००।

५१ जिल्लाका १५० संस्थाहरूलाई अनुदान- ८०४,००,०००।

पुनर्स्थापना कार्यक्रम (क वर्गका वेसहारा विपन्नलाई), ५०,००,०००।

नेपालमा अपाङ्गताको प्रकृतिका आधारमा विभिन्न सेवा सुविधामा पहुँच पुर्‍याउने उद्धेश्यले अपाङ्गता भएका व्यक्तिहरूलाई वि.स. २०५७ सालदेखि परिचयपत्र उपलव्ध गराउन थालिएको हो। तापनि वर्गीकरण सहितको परिचयपत्र भने अपाङ्गता परिचयपत्र वितरण निर्देशिका २०६५ मा जारी भएपश्चात् महिला तथा बालबालिका कार्याहयहरूमार्फत दिन थालिएको छ। आ.व.२०७३।०७४ सम्ममा अपाङ्गता परिचयपत्र वितरणको अवस्था देहायबमोजिम छ -

| वर्ग | परिचयपत्रको रङ्ग | परिचयपत्र प्राप्त गर्नेको सङ्ख्या |
|---|---|---|
| क वर्ग | रातो परिचयपत्र | ३८२१८ |
| ख वर्ग | निलो परिचयपत्र | ६९५४० |
| ग वर्ग | पहेलो परिचय पत्र | ६७४३३ |
| घ वर्ग | सेतो परिचयपत्र | ४७०६९ |
| जम्मा | | २,३५,१३६ |

माथि उल्लिखित व्यवस्थाहरू हुँदाहुँदै पनि अपाङ्गताको सम्बन्धमा विभिन्न समस्या तथा चुनौतीहरू समेत रहेका छन्।

- क वर्गका अतिविपन्न वेसहारा अपाङ्गता भएका धेरै व्यक्तिहरूलाई पुनर्स्थापना सेवा दिन नसकिनु,
- सुविधासम्पन्न अपाङ्गता स्याहार केन्द्र नहुनु,
- सबैलाई परिचयपत्र समेत उपलब्ध गराउन नसकिनु,
- अपाङ्गता भएका सवैलाई सहायक सामग्री उपलव्ध गराउन नसक्नु,
- सवै भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउन सकिएको छैन।
- अपाङ्गता भएका व्यक्तिहरूको लागि आर्थिक सशक्तीकरणका कार्यक्रमहरूमा ध्यान पुर्‍याउन सकिएको छैन।

- अपाङ्गताको क्षेत्रमा काम गर्ने संघसंस्थाहरू बढी सहर केन्द्रित हुनले विकट क्षेत्रमा रहेको अपाङ्गको पहिचान समेत हुन नसक्नु ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई घरमा नै लुकाएर राख्ने चलन अझैपनि रहेकोले कतिपय अपाङ्गता भएका व्यक्तिहरू उपचार, सुधार तथा पहुँचको अधिकारबाट वञ्चित रहेका छन् ।

**निष्कर्ष:**

नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि अनुमोदन गरेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लागु भई कार्यान्वयका चरणमा छ । उक्त ऐनले कल्याणकारी अवधारणा हटाई अधिकारमुखी अवधारणा अगाडि ल्याउनुका साथै ऐनमा अपाङ्गमैत्री शब्दहरूको प्रयोग गरिएको छ । त्यसैगरी अपाङ्गता परिचयपत्र स्थानीय तहबाटै वितरण गर्ने, यसको प्राप्त गर्ने तरिका एवं दुरूपयोग गरेमा कडा कारबाही हुने व्यवस्था समेत गरेको छ । त्यस्तै विभिन्न सरकारी सेवामा आरक्षणको व्यवस्थाले गर्दा सार्वजनिक निकायमा उनीहरूको प्रतिनिधित्व वृद्धि हुँदैआएको छ । साथै नयाँ वन्ने भौतिक संरचनाहरू अपाङ्गतामैत्री बनाउन थालिएको छ ।

(लेखकः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा शाखा अधिकृत पदमा कार्यरत छिन् ।)

# अपाङ्गता भएका महिलाप्रति हुने हिंसा र न्यायमा पहुँचको अवस्थाः

**निरा अधिकारी**

## पृष्ठभूमि

लैङ्गिक हिंसा, महिला हिंसा वा बालबालिकाप्रति गरिने हिंसा वा शोषण जुनसुकै नामले सम्बोधन गरेपनि नेपालमा हिंसा महिलाप्रति केन्द्रित रहेको कुरा विभिन्न क्षेत्रबाट प्रकाशित प्रतिवेदनबाट स्पष्ट हुन्छ। वर्तमान समयमा कार्यन्वयनमा रहेको चौधौँ योजनाले नेपालमा महिला हिंसा २६ प्रतिशत रहेको देखाएको छ। हिंसा अमानवीय र पाशविक कार्य हो र जघन्य अपराध पनि हो। तर नेपाली महिलाहरू सामाजिक सांस्कृतिक आर्थिक मनोवैज्ञानिक र यौनजन्य हिंसा बेहोर्न बाध्य छन्। महिला हिंसाका न्यूनीकरणका लागि राज्यले हरेक तह र तप्काबाट विभिन्न प्रयास गरेको पाइन्छ। महिलाभित्र पनि आर्थिकरूपमा विपन्न महिला, एकल महिला, दलित महिला र अपाङ्गता भएका महिलाहरू हिंसाको बढी जोखिममा रहेको कुरा घटनाक्रमले बताउँछ। यस्ता महिलाहरूको मुद्दालाई उजागर गरी न्यायमा पहुँच स्थापित गर्न सबैको सहयोग र ऐक्यबद्धताको आवश्यकता पर्दछ जसबाट हिंसा पीडित महिलाले न्याय प्राप्त गर्न सक्छन्। यी समग्र महिलामध्ये अपाङ्गता भएका महिलामाथिको हिंसाको सुक्ष्म विश्लेषणको माध्यमबाट सरोकारवाला सबैको ध्यानाकृष्ट गर्ने प्रयास यस लेखमा गरिएको छ।

## समस्याको विश्लेषण

नेपाली समाज पितृसतात्मक सोचले ग्रस्त मुलुक भएको हुँदा महिलाको पुरुष समानको हैसियत कायम हुन सकेको छैन। आज पनि महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिनु, महिलाप्रतिको दमन, शोषण र विभेद कायमै रहनु, बोक्सी, देउकी, छाउपडी, दाइजो जस्ता प्रथा कायम रहनुले पनि महिलाको स्थितिमा सुधार हुन सकेको छैन। नेपालमा महिला हिंसा भ्रूणबाटै सुरु हुन्छ। किनकि नेपालमा हिंसा सामाजिक संरचना र बनोट, धर्म एवं संस्कृतिसँग अन्योन्याश्रितरूपमा गाँसिएको पाइन्छ। हाम्रो समाजमा असमान लैङ्गिक सम्बन्ध र भूमिका छ।

सम्पूर्ण जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिलाको राज्यका सबै अङ्ग, निकाय एवं तह र तप्कामा बराबरीको हिस्सेदारी, साझेदारी र अंशियारी कायम नभएसम्म महिलालाई विकासका सम्वाहकका रूपमा उभ्याउने कार्य अधुरो र अपुरो नै रहन्छ। महिलाको निमित्त बनाइएका सबै ऐन तथा कानुनहरूको प्रभावकारी कार्यन्वयनविना कुनै पनि महिलाको न्यायमा पहुँच स्थापित हुन सक्दैन।

## नेपालमा अपाङ्गताको स्थितिः

विं. सं २०६८ को राष्ट्रिय जनगणनानुसार नेपालको कुल जनसङ्ख्याको १.९४ प्रतिशत अर्थात् ५,१३,३२१ अपाङ्गता भएका व्यक्तिहरू रहेको छन्। जसमध्यै महिलाको सङ्ख्या २,३३,२३५ रहेको तथ्याङ्कले बताउँछ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपाल जस्तो विकासोन्मुख मुलुकमा हाल आएर अपाङ्गताको सङ्ख्या कुल जनसङ्ख्याको १० देखि १५ प्रतिशत रहेको भन्ने अनुमान गरिएको छ। यो प्रतिशतलाई हाम्रो जनसङ्ख्याको आधारमा विश्लेषण गर्ने हो भने यहाँ करीब ३५ लाख जनसङ्ख्यामा अपाङ्गता रहेको छ, भन्न सकिन्छ।

## अपाङ्गता भएका महिलाप्रतिको हिंसाः

अपाङ्गता भएका महिला पनि अन्य महिलासरह हिंसाबाट पीडित छन्। यस्तो हिंसा घर, विद्यालय, वा अन्य कुनै पनि स्थलमा घटेको देखिन्छ। वास्तवमा अपाङ्गता भएका महिलाहरू त्रिपक्षीय विभेदमा रहेका छन् - महिला भएका कारण, अपाङ्गता भएका कारण र गरिवीका कारण। अपाङ्गता अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, २००६ ले समेत अपाङ्गता भएका महिलाहरू द्विपक्षीय विभेदमा परेको विषयलाई स्वीकारेको छ। अपाङ्गता भएका महिलामध्ये पनि बौद्धिक अपाङ्ता भएका महिला र बालिका, मानसिक सन्तुलन गुमाएकी महिला, दृष्टिविहीन महिला र बालिका एवं बहिरा महिला तथा बालिका बढी हिंसामा परेको यथार्थता हामीसामु छ। यद्यपि अपाङ्गता भएका महिलामाथि हुने हिंसालाई लिएर खासै अध्ययन अनुसन्धान गरेको पाइँदैन।

## यस क्षेत्रमा भएका अध्ययन अनुसन्धान

नेपाल अपाङ्ग महिला संघ र याक्सन एडको सहयोगमा विसं २०६४ सालमा भएको एक अध्ययनले अपाङ्गता भएका महिलाको हिंसाको अवस्थालाई निम्नानुसार औल्याएको पाइन्छः-

- करिव ६० प्रतिशत अपाङ्गता भएका महिला घरेलु हिंसामा परेका छन्।
- ३६ प्रतिशत अपाङ्गता भएका महिलाको त आधारभूत आवश्यकता नै पूरा भएको छैन।
- ४५ प्रतिशत शिक्षा र तालिमबाट वञ्चित छन्।
- १० प्रतिशतले स्वास्थ्य उपचार नै पाएका छैनन्।
- ९ प्रतिशत शारीरिक एवं यौनजन्य हिंसाबाट पीडित छन्।

कृपा नामक संस्थाले अपाङ्गता भएका महिलाप्रति हुने हिंसाका सन्दर्भमा (२००९-११) को अवधिमा नेपालका तीन जिल्ला (भक्तपुर, झापा र कास्की) मा रहेका ४७५ जना अपाङ्गता भएका महिलाहरूमा एक अध्ययन गरेको थियो, जुन अध्ययनले अपाङ्गता भएका महिलामाथि हिंसा भयावहरूपमा रहेको देखाएको छ। यस अध्ययनले शारीरिक हिंसा ३४.१ यौनजन्य हिंसा २१.५ प्रतिशत देखाएको छ भने ५७.३ प्रतिशतले श्रीमती श्रीमानप्रति बफादार नभएमा श्रीमानले पिट्न पाउने भनी हिंसालाई स्वीकारेको पनि देखाएको छ।

## अपाङ्गता भएका महिलाहरूले भोग्नुपरेको हिंसाको प्रकारः-

**उपेक्षाः-**

अपाङ्गता भएका महिलाहरू न्यूनतम आधारभूत आवश्यकताबाट वञ्चित छन् । परिवार तथा समाजबाट उपेक्षित छन् ।

**शारीरिक हिंसाः**

तथ्याङ्क अनुसार ३५ प्रतिशत अपाङ्गता भएका महिलाले शारीरिक हिंसा व्यहोरेका छन्, जसमध्ये २० प्रतिशत महिलालाई घरमा नै थुनेर राखेको जानकारी छ ।.

**मनोवैज्ञानिक हिंसाः**

८० प्रतिशत अपाङ्गता भएका महिलाहरूले मनोवैज्ञानिक समस्याको सामना गरिरहेका छन् ।

**यौनजन्य हिंसाः**

९ प्रतिशत अपाङ्गता भएका महिलाहरू यस्तो हिंसामा परेका छन् ।

**आर्थिक हिंसाः**

३० प्रतिशत अपाङ्गता भएका महिलाहरू आर्थिक शोषणमा परेका छन् । क्षमता भएर पनि रोजगारीको अवसरबाट वञ्चित हुनुपरेको छ।

## हिंसाका कारणहरुः

- शिक्षा एवं जनचेतनाको कमी ।
- अभिभावकमा चेतनाको कमी ।
- विशेष विद्यालयहरूबारे कम प्रचारप्रसार हुनु र सहर केन्द्रित हुनु ।
- सार्वजनिक भौतिक संरचना अपाङ्गतामैत्री नहुनु ।
- महिला स्वयंलाई कानुनी व्यवस्था बारे ज्ञानको कमी हुनु ।

## सामाजिक सुरक्षाको अभाव:

- अपाङ्गताको विषयलाई समग्रतामा हेरिनु ।
- सरोकारवाला खासगरी सरकारले अपाङ्गता भएका महिलाको निम्ति सशक्तीकरणको कार्यक्रम सुरु नगर्नु ।
- सबै विषयलाई समग्रतामा हेरिनु ।

## सहयोगी संघ-संस्थाको अपर्याप्तता:

- अपाङ्गता भएका महिलाको क्षेत्रमा काम गर्ने संघ-संस्थाको कमी हुनु ।
- महिलाको क्षेत्रमा काम गरिरहेका महिला संघ-संस्थालाई अपाङ्गताको मुद्दाको ज्ञान र आवश्यकताको कमी हुनु ।
- छुट्टै कानुनी व्यवस्था नहुनु ।

### नकारात्मक सामाजिक धारणा:

- अपाङ्गतालाई पूर्वजन्मको फलका रूपमा हेरिनु, उपेक्षा र तिरस्कार गरिनु।
- सामाजिक सहभागिताबाट वञ्चित गराउनु। जस्तै सन् २००० मा नेपाल नेत्रहीन संघले एशियन ब्लाइन्ड युनियनको सहयोगमा दृष्टिविहीन महिलाको अवस्थासम्बन्धी गरेको एक अध्ययन अनुसार ६४ प्रतिशत दृष्टिविहीन महिलाहरू अविवाहित रहेको पाइएको थियो।

### पुनर्थापना केन्द्रको अभाव:

- नेपाल सरकारबाट सेवा केन्द्रहरू सञ्चालन गरिए तापनि अपाङ्गतामैत्री वातावरण नहुनु।
- गैरसरकारी संघसंस्थाबाट सञ्चालित Safe House हरू पनि अपाङ्गतामैत्री नहुनु र पुनर्स्थापनाका लागि केकस्तो कार्यक्रम ल्याउने भन्ने बारे जानकारी नहुनु।
- अपाङ्गताको किसिम अनुसार कस्तो तालिम उपयुक्त हुन्छ भन्ने पहिचान नहुनु।

### आर्थिक परनिर्भरता:

- अपाङ्गता भएका महिलाको क्षमतामाथि विश्वास नगर्नु,
- सीप तथा क्षमता विकासका लागि तालिम केन्द्रहरूको कमी हुनु र यस्ता तालिमहरू सहर केन्द्रित हुनु,
- रोजगारदाताले जीवन निर्वाह हुने पारिश्रमिक उपलब्ध नगराउनु,
- सुरक्षाका कारण जुनसुकै रोजगारीमा संलग्न हुन नसक्नु।

### पारिवरिक उत्तरदायित्व बोधको अभाव:

- अभिभावकले आफ्नो दायित्व पन्छाउने गरेको।
- कहीँ बढी तिरस्कार त कहीँ बढी मायाका कारण अपाङ्गता भएका महिलाको गतिशीलतामा कमी हुनु।

### आत्मविश्वासको कमी:

- अपाङ्गता भएका महिलामा हिनता बोध रहनु।
- आत्मविश्वास बढाउने खालका तालिमको अभाव हुनु।
- नेतृत्व क्षमताको विकास गर्न नसक्नु।
- आत्मरक्षासम्बन्धी तालिमको व्वस्था नहुनु।

### विद्यमान व्यवस्था

- संविधानमा महिला हकको सुनिश्चितता।
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको कुरा समानताको हक र सामाजिक न्यायको हकमा सुनिश्चित

गरिएको यद्यपि अपाङ्गता भएका महिलाको अधिकारको विषयलाई उल्लेख नगरिएको।

- घरेलु हिंसा सम्बन्धी (कसुर सजाय) ऐन २०६६ जारी भई महिला हिंसा न्यूनीकरणमा सहयोग पुर्‍याइरहेको तर अपाङ्गता भएका महिलाको हिंसाका विषयमा यो एन मौन रहेको।
- लैङ्गिक हिंसा कोष सञ्चालन नियमावली, २०६७ मा हिंसा पीडित महिलालाई आर्थिक सहयोग गर्ने व्यवस्था रहेको।
- सेवा केन्द्रसम्बन्धी निर्देशिकामा पनि अपाङ्गता भएका महिलाको सवाललाई विशेषरूपमा सम्बोधन नगरिएको।
- कार्यस्थलमा हुने यौनजन्य हिंसासम्बन्धी ऐन, २०७१ जारी गरेको तर यसमा समेत समग्र महिलाको विषयमा मात्र उल्लेख भएको।
- लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७२ मा लैङ्गिक हिंसाको स्पष्ट परिभाषा गरिएको।

भर्खरै जारी भएको अपाङ्गता अधिकार ऐन, २०७४ ले अपाङ्गता भएका महिलाका निम्ति छुट्टै दफाको व्यवस्था गरी प्रजनन् स्वास्थय लगायतका अधिकारको सुनिश्चितता गर्ने प्रयास गरेको।

## संस्थागत संयन्त्र

- महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,
- महिला तथा बालबालिका विभाग र सबै जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालय (हाल स्थानीय तहहरूमा महिलाहरूको विषयगत शाखाको स्थापना,
- राष्ट्रिय महिला आयोग र हिंसा प्रभावित महिलाका लागि हटलाइन सञ्चालन (११४५),
- प्रधानमन्त्री कार्यालयमा लैङ्गिक हिंसा डेस्कको स्थापना भई कार्य सञ्चालन,
- हिंसा प्रभावित महिलाका लागि कानुनी सहायता जिल्ला समन्वय समिति,
- वडास्तरमा निगरानी समूह।

## अपाङ्गता भएका महिलामाथि हुने हिंसा सम्बन्धी समस्या एवं चुनौतीः-

- ऐन नियमहरूको प्रभावकारी कार्यन्वयन हुन नसक्नु।
- उपलब्ध सेवा सुविधा अपाङ्ताका दृष्टिले पहुँचयोग्ग र अधिकारमा आधारित नहुनु।
- प्रहरी कार्यालय, अदालत एवं वकिल समेत अपाङ्गताको मुद्दामा उदासीन हुनु वा गम्भीर नहुनु साथै कानुनी सेवा fast track विधिबाट प्राप्त नहुनु।
- अपाङ्गता भएका महिला स्वयंमा कानुनी अधिकारको ज्ञान वा जानकारी नहुनु।
- आत्मरक्षासम्बन्धी तालिमको अभाव हुनु।
- अपाङ्गताका कारण अपाङ्गता भएका महिला आफूमाथि परेको हिंसाका बारे अघि सरेर बोल्न नसक्नु।
- आर्थिक तथा पारिवारिक सहयोग यस सन्दर्भमा प्राप्त गर्न नसक्नु।

## अबको बाटोः-

अपाङ्गता भएका महिलाको समग्र अवस्थालाई नियाल्दा अपाङ्गता भएका महिला हिंसाको अत्यन्त जोखिममा रहेको र न्यायमा पहुँचको अवस्था पनि अत्यन्त कमजोर रहैको छ भन्न सकिन्छ । यस्तो भयावह अवस्थाबाट अपाङ्गता भएका महिलाहरूलाई मुक्ति दिलाउन सरकार एवं अन्य निकायद्वारा संयुक्त कार्यक्रमहरू सञ्चालन गरी सक्षम र मर्यादित जीवनयापनको अवसर सिर्जना गरिनुपर्दछ । यसका लागि देहायका उपायहरूको अवलम्बन गर्नु वाञ्छनीय जुन्छ ।

- सरकारी तथा गैरसरकारी क्षेत्रबाट एकीकृत प्रयासको थालनी हुनुपर्ने ।
- ऐन कानुनहरूमा आवश्यकतानुसार परिमार्जन र नयाँ विषयहरू थप गरिनुपर्ने ।
- सेवा केन्द्र तथा Safe House लाई अपाङ्गतामैत्री बनाउनुपर्ने र यसमा कार्यरत कर्मचारीलाई अपाङ्गतामैत्री व्यवहारका बारे तालिम दिनुपर्ने ।
- अपाङ्गता भएका महिलाहरूलाई सीपयुक्त र क्षमता विकासका तालिमहरू प्रदान गरी रोजगार तथा स्वरोजगार सिर्जना गर्नुपर्ने ।
- अपाङ्गता भएका महिलाउपर हुने हिंसा न्यूनीकरण गरी न्यायमा पहुँच अभिवृद्धि गर्न कानुनी परामर्शदाता र Gender focal person को व्यवस्था गर्नुपर्ने ।
- अपाङ्गता भएका महिलाको मुद्दालाई अन्तर्सम्बन्धित सवालकारूपमा स्वीकार गरी fast track बाट समाधान गर्ने व्वस्था कानुनमा नै हुनुपर्ने ।
- अपाङ्गता भएका महिलाको सूचनामा पहुँच अभिवृद्धि गर्ने किसिमको व्यवस्था मिलाउनुपर्ने र कानुनी साक्षरता तालिमको व्वस्था गर्नुपर्ने ।

## निष्कर्ष

अपाङ्गता भएका महिलाप्रतिको हिंसाको प्रभाव न्यूनीकरण गर्न सम्बद्ध सवै पक्षले एकीकृत प्रयास गर्नु पर्दछ । राज्य यस्ता घटनाप्रति उदासीन रहनु हुँदैन । राज्य एवं संघसंस्थाहरूले अपाङ्गता भएका महिलाहरूको पुनःस्थापना र परामर्शसम्बन्धी काम समन्वयात्मकरूपमा गर्नुपर्दछ । अपाङ्गता भएका महिलाहरूको क्षमता अभिवृद्धिमा सरोकारवाला पक्षको ध्यान जानु पर्दछ र उनीहरूको सूचनामा पहुँच अभिवृद्धिका लागि आवश्यक व्यवस्था मिलाउनुपर्दछात्यसैगरी अदालत एवं अन्य न्यायिक निकायहरूलाई अपाङ्गतामैत्री एवं लैङ्गिकमैत्री बनाएर न्यायमा सहज पहुँचको अवस्था सिर्जना गर्नु अपरिहार्य छ । यो सत्य हो कि अपाङ्गता भएका महिलाहरूप्रतिको सामाजिक दृष्टिकोण सकारात्मक बनाउन सकेमा निश्चयनै हिंसाले प्रश्रय पाउने छैन र अपाङ्गता भएका महिलाहरूले सम्मानित र स्वाभिमानी जीवन व्यतीत गर्न उपयुक्त वातावरणको निर्माण हुनसक्छ ।

(लेखकः महिला तथा बालबालिका विभागमा शाखा अधिकृत पदमा कार्यरत छिन् ।)

# बालबालिका

## प्रकाश अधिकारी

जनसङ्ख्याको प्रौढ हिस्सा मतदाताहरूको मतबाट प्रजातान्त्रिक मुलुकमा सरकार निर्वाचित हुने भएकाले मतदान गर्नबाट वञ्चित वर्ग बालबालिकाको हितप्रति ऊ उदासीन हुन्छ भनेर व्यङ्ग्य गर्ने गरिन्छ। तर आजको विश्वमा सबै आधुनिक सरकारहरू आफ्ना राष्ट्रका बालबालिकाको हितप्रति संवेदनशील छन्। बालबालिकाको जनसङ्ख्या अनुपात विकासोन्मुख मुलुकमा ४० प्रतिशत र विकसित देशमा २० प्रतिशत हुने प्रक्षेपण छ। संयुक्त राष्ट्र सङ्घीय बालअधिकार महासन्धि ,१९८९ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनेको छ तर हाम्रो सन्दर्भमा कानुन र प्रयोजनपिच्छे बालबालिकाको उपल्लो उमेर फरकफरक छ। पछिल्लो जनणना) २०६८ (अनुसार देशको जनसङ्ख्या संरचनामा १४ वर्ष र मुनिका ३४.९ प्रतिशत ,१६ वर्ष र मुनिका ३९.८ प्रतिशत ,र १९ वर्ष मुनिकाको ४४.४ प्रतिशत रहेकोछ। १४ वर्षसम्मकालाई" आश्रित बालबालिका "मानिन्छ जो जीवननिर्वाहका लागि पूर्णरूपमा प्रौढहरूमा निर्भर रहन्छन्। नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५०४ मध्ये" आश्रित बालबालिका "को सङ्ख्या १ करोड पुग्न सक्ने देखिन्छ। यीमध्ये बहुसङ्ख्यक बालबालिका न्यून उपार्जनले सीमित स्रोतमा जीवनयापन गरिरहेका आफ्ना अभिभावकको माया र संरक्षणबाट वञ्चित भएका मात्र होइन उनीहरूलाई सघाउन श्रम पनि गर्न बाध्य छन्। विकसित मुलुकका यो उमेर समूहका बालबालिका कुनै श्रम गर्दैनन्।

बालबालिकामा असीम सम्भावनाहरू हुन्छन्। तिनीहरूलाई पूर्ण प्रस्फुटित हुनदिने दायित्व र जिम्मेवारी परिवार, समाज र राष्ट्रको हुन्छ। यसका लागि आवश्यक उचित पालनपोषण, मायालु वातावरणको शिक्षा र सही दिशानिर्देश गर्ने अभिभारा संरक्षण, सुरक्षा आदि समाज ,परिवार र राष्ट्रले लिनुपर्दछ। अनि मात्र बालबालिकाभित्र लुकेको क्षमता बाहिर प्रकट हुन सक्ने पूर्णस्थितिको वातावरण सिर्जना हुन सक्छ। बालबालिकाको उर्वर मष्तिस्क, इच्छित रुचि र जिज्ञासुपनालाई अङ्कुश लगाउने कार्य सभ्य समाजले कदापि न्यायसङ्गत र तर्कसङ्गत मान्न सक्दैन।

राज्यले आफ्ना बालबालिकाप्रति गर्नुपर्ने व्यवहार वा अवलम्बन गर्नुपर्ने नीतिको अन्तर्राष्ट्रिय मानक बाल अधिकार महासन्धि ,१९८९ ले तय गरेकोछ। यो महासन्धि आउनुपूर्व मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले बाल संरक्षणका केही संक्षिप्त व्यवस्थाहरू गरेको थियो। यी व्यवस्थाहरूमा मातृत्व एवं बाल्यावस्था विशेष संरक्षण तथा सहयोगको हकदार हुन्छन् र वैवाहिक वा विवाहइतर सम्बन्धबाट जन्मेका सबै बालबालिकाले समानरूपमा सामाजिक संरक्षण पाउने छन् भन्ने हुन्। १९५९ मा संयुक्त राष्ट्र संघले बालअधिकारहरूलाई १० सिद्धान्तहरूमा संहिताबद्ध गरी अन्तर्राष्ट्रिय घोषणा जारी गरेको थियो जसको जगमा रहेर कुनै पनि बालबालिकाको

जाति, रङ, लिङ्ग, भाषा, धर्म राजनीति, सम्पत्ति, सामाजिक संरचना आदिका कारण विभेद नगरी समान अधिकार दिन, दिलाउन उचित मार्ग अभियानमा लाग्न लगाउन सन् १९८९ राष्ट्र सङ्घीय सधारणसभाबाट बालअधिकार महासन्धि पारित भएको हो । उक्त महासन्धिलाई सोमालिया बाहेक राष्ट्र सङ्घका सबै सदस्य राष्ट्र पक्ष बनेका छन् ;सबैभन्दा पछिल्लो पक्ष राष्ट्र संयुक्त राज्य अमेरिका हो । नेपाल यो महासन्धिको हस्ताक्षरकारी सदस्य हो र यो महासन्धिलाई नेपाल सरकारले १९९० सेप्टेम्बरमा अनुमोदन गरी बालबालिकाको विकास, अधिकार, संरक्षण तथा उन्नतिमा उल्लेखनीय काम गर्न सहमति जनायो । यो महासन्धिले प्रत्येक सदस्य राष्ट्रलाई यो महासन्धि कार्यान्वयनका लागि आवश्यक उपायहरू लागु गर्न र त्यसको प्रगतिको प्रतिवेदन संयुक्त राष्ट्र संघको सम्बन्धित समितिमा पठाउनु पर्ने दायित्व निश्चित गरेको छ ;र नेपाल यो महासन्धिअन्तर्गतका इच्छाधीन प्रलेखहरूको पनि पक्ष राष्ट्र भएको छ।

नेपालको संविधानले १० वटा बुँदाहरूमा बालबालिकाका प्रारम्भिक खालेदेखि महत्त्वाकाङ्क्षी अधिकार, सर्वाङ्गीण व्यक्तित्व विकासको हकसम्म ,सुरक्षित गरेको छ । संविधान बन्नुभन्दा केही वर्ष पहिले २०६९ सालमा सरकारले बालबालिका विरुद्धका सबै प्रकारका शोषण र विभेदहरू निर्मूल गर्नेसमेतको उद्देश्य राखी राष्ट्रिय नीति जारी गरेको पाइन्छ । संविधान र नीतिका कुराहरू कार्यान्वयन गर्ने कानुनी बन्दोबस्तमा बालबालिका ऐन ,२०४८ नेपाल सं. रा. सङ्घीय बालअधिकार महासन्धिको पक्ष राष्ट्र भएपछि निर्माण गरियो भने बालश्रम) निषेध र नियमित गर्ने (ऐन ,२०५६ सबै प्रकारका निकृष्ट बालश्रमलाई उन्मुलन गर्ने आई. एल्. ओ. महासन्धिको नेपाल पक्षराष्ट्र भएकाले सोको कार्यान्वयनका लागि बनाइएको थियो।

हाम्रो संविधानले बालबालिकाका सम्बन्धमा विशेष व्यवस्थाहरू गरेको छ। यसमा मानवअधिकार विधिशास्त्रमा विकसित बालअधिकारका पछिल्ला अवधारणाहरूलाई आत्मसात् गरिएका छन् ,जस्तो बालबालिकाले राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक सुनिश्चित गरिएको छ। त्यस्तै बालबालिका राज्यविहीन नहुने ,संरक्षक-अभिभावकविहीन "अनाथ" नहुने ,आपराधिक मनसाय नहुने ,सिकाइ वा अन्य बहानामा बालबालिकालाई शारीरिक दण्ड दिन नहुने, बालबालिकासँग सम्बन्धित राज्यका सबै कामकारबाहीहरू बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर गर्नुपर्ने जस्ता बाल अधिकारको अवधारणाहरू नेपालले स्वीकार गरिसकेको छ तर बालबालिकासम्बन्धी नीति-कानुन र भौतिक संरचनाहरू तदनुकूल अद्यावधिक भएको पाइन्न । बालअधिकार महासन्धिको पक्षराष्ट्र भएको यतिका वर्षसम्म पनि त्यसलाई आन्तरिकीकरण गर्ने राष्ट्रिय कानुन बन्नसकेको छैन। अधिकारको सिद्धान्तमा आधारित भएर संवैधानिक व्यवस्थाहरू गरिए पनि सरकारी संरचनाहरू 'कल्याणको अवधारणा'मा आधारित छन्। त्यसैको ज्वलन्त दृष्टान्त केन्द्रीय 'बालकल्याण' समितिलाई लिन सकिन्छ।

नेपालमा बालबालिकाका शारीरिक ,मानसिक तथा बौद्धिक विकास गरी बालअधिकारको प्रवर्धन गर्न सरकारका मन्त्रालय ,विभाग र कार्यालयहरू क्रियाशील गरिएका छन् । बालबालिकासँग सम्बन्धित गैरसरकारी र सामुदायिक संस्थाहरूलाई परिचालन गरी बालहितसम्बन्धी कार्यक्रमहरू छिटोछरितो गरी सञ्चालन गर्ने उद्देश्यले केन्द्रीय बालकल्याण समिति बालबालिकासम्बन्धी ऐन ,२०४८ अन्तर्गत स्थापित बालबालिकाको हितका लागि स्थापित सरकारी निकाय हो। बालबालिकाको विषय हेर्ने विषयगत मन्त्रालय,अन्तर्गत विभाग र कार्यालयका अतिरिक्त शिक्षासम्बन्धी सरकारी निकायहरूले बालबालिकाको शिक्षा ;बालबालिकाको खोप ,पोषण र स्वास्थ्यका लागि स्वास्थ्य सेवा विभाग ,बालबालिकाको सुरक्षाका लागि नेपाल प्रहरीले बेग्लै महिला तथा बालबालिका सेल रहेको

पाइन्छ ,सङ्गठित क्षेत्रमा रहेको बालश्रमको नियमन र अनुगमन श्रम कार्यालयहरूले गर्दै आइरहेका छन् ।

बालबालिका भनेको मानव जीवनको एउटा खास अवस्था हो । बालबालिकाको पृथक इतिहास लेखिएको पाइन्न ,पूराना कला तथा साहित्यमा प्रौढसरह नै वस्त्र लगाएका बालबालिकाको चित्र तथा तस्बिरहरूसम्म देख्नपाइन्छ । क्रिश्चियन धर्मशास्त्रमा ७ वर्षको उमेरबाट'' व्यावहारिक बुद्धि ''विकास भइसक्ने र यसपछि 'पाप गर्न' सक्ने विश्वास गरिन्थ्यो । बेलाइतमा औद्योगिक क्रान्तिपछि विकसित कलकारखानामा भएको बालबालिकाको शोषणले मानव जीवनको बाल्यवस्था शारीरिक, मानसिक र भावनात्मकरूपले प्रौढभन्दा फरक र संवेदनशील भएकोले राज्यले विशेष ध्यान दिनुपर्ने कुरालाई महसुस गरियो र विभिन्न नीतिगत उपायहरूद्वारा यिनको कल्याणका कार्यहरू ,खासमा विद्यालय शिक्षाबाट थालिएका थिए । अहिले आएर चीन लगायत विकसित समाजका बाबु-आमा आफ्ना बालबालिकाको सिर्जनात्मक सम्भावनालाई कदर गर्दै बालबालिकाले नै तय गरेको लक्षलाई नै भरथेग गर्छन, आफ्नो चाहना उनीहरूमा थोपर्दैनन् ।

शिक्षा ज्ञानको ज्योति हो । शिक्षाको अभीष्ट मानवीय व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरू सम्मान गर्ने हुनुपर्दछ । बालकको स्वाभाविक आन्तरिक क्षमता र योग्यताको विकास नै शिक्षा हो भन्ने जोन ज्याक रूसोले प्रारम्भिक शिक्षा बालबालिकाको ज्ञानेन्द्रियको विकास गर्ने हुनुपर्दछ भन्ने विचारलाई हाम्रो प्रणालीमा बल्ल आएर आन्तरिकीकरण गरिँदै छ । आजका बालबालिका भनेका मुलुकको भावी कर्णाधार हुन्, बालकको मन वा आत्मा एउटा सफा सिलोटजस्तो हुन्छ जसलाई उमेरसँगै ज्ञानेन्द्रीयको माध्यमबाट शिक्षारूपी ज्ञानले भर्ने गरिन्छ ,त्यसैले शिक्षा सबै राष्ट्रहरू ,जातीय वा धार्मिक समुदायहरू बीच समझदारी ,सहिष्णुता र मैत्रिभाव प्रवर्धन गर्ने एवं संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय शान्ति कायम गर्ने गतिविधिहरू उन्नत गर्ने हुनुपर्दछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र ,१९४८ ले प्रत्येकलाई शिक्षाको हक हुने र आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य हुनेछ भनी गरेको व्यवस्थालाई पछ्याउँदै हाम्रो संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने महत्त्वाकाङ्क्षा राखेको छ तर कार्यान्वयनको सुनिश्चितता हुन बाँकी नै छ ,आफ्ना बालबालिकाहरूलाई विद्यालय नपठाउने अभिभावकलाई राज्यबाट दिइने सुविधाहरू कटौति गर्ने कुरासम्म भइरहेका छन् । शिक्षा विभागको 'फ्लास रिपोर्ट'मा ९६ प्रतिशत बालबालिका प्राथामिक विद्यालयमा भर्ना भएको देखाइएको छ ,४ प्रतिशतमात्र विद्यालयबाहिर रहेका छन् । शिक्षासम्बन्धी सरकारी निकायको सबैभन्दा ठूलो कमजोरी स्रोत र साधनको अभाव नहुँदानहुँदै पनि ग्रामीण भेगका विद्यालयहरूमा शैक्षिक सत्रको अन्त्यसम्म पनि पाठ्यपुस्तक पुग्न सकेको हुँदैन र सामुदायिक विद्यालयहरूमा तालिम प्राप्त जनशक्ति-शिक्षकहरू भएर पनि तिनीहरू शैक्षिक गतिविधिहरूमा मात्र केन्द्रित भइरहेका छैनन् ,शिक्षकहरूको दलीय संलग्नताले 'लक्ष्मण रेखा' नाघेको समाजका सबैले महसुस गरेर पनि यसप्रति आँखा चिम्लिएको अवस्था छ । त्यस्तै गरेर हाम्रा शिक्षण संस्था पनि बालमैत्री छैनन् । कतिपय शिक्षकबाट बालबालिका पढ्न सकेन, अनुशासनहीन भयो भनेर शारीरिक सजाय दिने परिपाटी अझै छ । उनीहरूलाई राजनीतिक पार्टीको जुलुस, सभामा समेत लैजाने गरिने गरिन्छ ।

परिवार) जन्म दिने( र संस्कृतिमा हुर्कन पाउने ,बाबु-आमा र परिवारका अन्य सदस्यहरूको माया ममता पाउने बालबालिकाको नैसर्गिक अधिकार हुँदाहुँदै पनि कतिपय परिस्थितिमा बालबालिकाहरू यसबाट वञ्चित हुन्छन् । यस्तो बेला बालबालिकालाई हुर्काउने विभिन्न वैकल्पिक पद्धतिहरूको विकास गरिएको छ । 'फोस्टर केयर' ,देशभित्र-बाहिर धर्मपुत्र ,'स्पोनसरसीप' आदि यसका केही दृष्टान्तहरू हुन् । बालबालिकासँग सम्बन्धित

काम कारबाहीहरू कानुनी मात्र भएर पुग्दैन ,त्यो नैतिक पनि हुनुपर्दछ । प्रथम विश्व भनिने धनी देशका मानिसहरूले अँगालेको जीवनशैलीका कारण त्यहाँको समाजमा बच्चाको जन्मदर कम भएर गइरहेको छ तर सबै मानिसमा ,खासमा महिलाहरूमा मातृत्वको  नैसर्गिक चाहना रहेको हुन्छ, जुन जैविक प्रक्रियाबाट हुन नसक्दा धर्मपुत्र/पुत्री ग्रहण गरेर त्यो चाहना पूरा गर्ने प्रवृत्ति ती देशका मानिसहरूमा रहेको पाइन्छ । यस्ता दम्पत्ति वा एकल व्यक्तिहरू ‘फोस्टर केयर’, धर्मपुत्र वा ‘स्पोनसरसीप’ माध्यमले आ आफ्नो कमाइको केही अंश बालबालिकाको हितमा खर्च गर्न तयार हुन्छन् तर यस्तो ‘देन’ बालबालिकाको हितबाहेक अन्यत्र प्रयोग नहुने सुनिश्चितता पनि उनीहरूलाई हुनुपर्दछ । त्यसको लागि सरकारी निकायहरूले अग्रसरतामा यस्ता खालका कार्यक्रमहरू प्रवर्धन गर्ने गर्नुपर्दछ ।

कुनै असक्षमता वा अपूर्णता भएर बालबालिकालाई प्रौढहरूको तुलनामा विशेष प्रकारको संरक्षण र व्यवहार चाहिएको होइन ,‘प्रौढ-समाज’का ‘खराबहरू’ ले बालबालिकाहरू सजिलै दुरूपयोग गर्न सक्छन् ,दुर्व्यवहारको सिकार बनाउन सक्छन् ,गलतरूपले उनीहरूको प्रयोग गर्न सक्छन् ,शोषण हुनसक्छ । अफ्रिकी मुलुकहरू, श्रीलङ्का आदि देशहरूमा भएजस्तै दश बर्षे सशस्त्र द्वन्द्वका बेला बालबालिकालाई अपहरण गर्ने र सैन्य कार्यमा बलजफ्ती लगाउने कार्य जोडतोडका साथ भएको थियो । त्यसैले राज्यले नीतिगत ,कानुनी र संरचनागत उपायहरूद्वारा बालबालिकाको संरक्षण गरी विशेष व्यवहार गर्नुपर्दछ । समाजको वा भनौँ समाजका प्रौढहरूको भविष्य आजको बालबालिकालाई उचित किसिमले पालनपोषण ,शिक्षादीक्षा दिनमा छ ,आजको बालबालिका नै भोलिका प्रौढहरू हुन् । अर्को कुरा, बालबालिकाको सुरक्षा र उचित देखभाल गर्नु प्रौढहरूको कर्तव्य र दायित्व हो । बालबालिकासम्बन्धी नैतिकताका यी आदर्शहरूलाई नै मानव अधिकारको स्वरूपमा विकास गरिएको छ ,बालअधिकार मानवअधिकारको अभिन्न अङ्ग हो ।

हाम्रोजस्तो निर्वाहमुखी कृषिको प्रधानता रहेको र जनसङ्ख्याको ठूलो हिस्सा गरिवीको रेखामुनि जीवनयापन गरिरेहेको कुरा बालबालिकाप्रतिको राज्यको कर्तव्यबाट विमुख हुने बहाना बन्नसक्दैन । हाम्रो देशमा धनी र गरिबबीचको खाडल दिन प्रतिदिन फराकिलो बन्दै गएको, आर्थिक र सामाजिक अवस्थामा सबै बालबालिकालाई एउटै बास्केटमा हालेर उनीहरूको यथार्थ तस्बिर पाउन सकिँदैन । गाउँ र सहरी क्षेत्रका बालबालिकाको अवस्थामा धेरै ठूलो अन्तर छ । गाउँका बालबालिका आधारभूत आवश्यकताहरू -रोग निरोधक खोपहरू ,पोषणयुक्त खाना, उचित लालनपालन, शिक्षा आदिबाट वञ्चित छन् भने सहरका धनाढ्यवर्ग र अझ विशेष गरेर मध्यम वर्गका बालबालिकाका आवश्यकता बेग्लै छन् ।

नेपाली बालबालिकाका अन्य शत्रुहरूमा बालश्रम ,बालविवाह र बालबालिकाको बेचबिखन-ओसारपसार हुन् । यी अपवित्र तीन खराबीहरूको नैतिक भार नेपाली समाजको अन्तःस्करणमा बोझिलो भएर रहिरहेको छ ।

राज्यको नीति निर्माण ,स्रोतको परिचालन र प्राथमिकतामा बालबालिका केन्द्रबिन्दु बन्नसकेका छैनन् । यसको प्रस्थान बिन्दु बालबालिकाको जन्मदर्ता हो । बच्चाको जन्मदर्ता गर्नु भनेको बच्चाको अस्तित्वलाई राज्यले स्वीकार गरेको पहिलो मान्यता प्राप्ति हो र यसले उक्त बच्चाप्रति राज्यलाई धेरै उत्तरदायित्वहरू पूरा गर्नुपर्ने बनाउँछ । जन्मदर्ताले बालबालिकासम्बन्धी समस्याहरू ,विवादहरू र किचलोहरू हटाउन मद्दत गर्छ । स्कुल भर्ना ,नागरिकता, बाबु-आमाको टुङ्गो र कानुनको द्वन्द्वमा परेका बालबालिकाको ‘आपराधिक दायित्व’ निश्चित गर्ने यो महत्त्वपूर्ण प्रमाण हो ।

अन्य स्तनधारीहरूको शिशुको तुलनामा मानिसको शिशु धेरै समयसम्म खानपान ,आवास जस्ता बाँच्ने

उपक्रमका लागि सामान्यतः बाबु-आमाको भर पर्दछ। यसबाट बालबालिकाले 'आफ्ना'बाट न्यूनतम आवश्यकताहरू, खाना, बास, स्वास्थ्य, माया र शिक्षा प्राप्त गर्छन् जसले तिनीहरूलाई कालान्तरमा समाजको स्वास्थ्य र सिर्जनशील सदस्य बन्नलाई ठूलो सघाउ पुग्दछ। बालबालिकामा बौद्धिक विकास भइनसकेको हुनाले उनीहरूमा 'मनासिब' निर्णय गर्ने परिपक्वता हुँदैन ,जसले गर्दा आफ्नो वा अरूको हित हुने युक्तियुक्त विकल्प छनौट पनि गर्न सक्दैनन्। यसले बालबालिकाको जीवनलाई प्रभावित गर्ने उसका हितसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू अरूले गर्ने सम्भावना रहन्छ। र, बालबालिका त्यस्तो काँचो माटो हो जो अरूबाट प्रभावित हुने र अरूलाई क्षति पुर्‍याउन अरूले सजिलै प्रयोग गर्नसक्ने जोखिममा ऊ हुन्छ। त्यसैले बाबु-आमामाथिको निर्भरताको औचित्य सिद्ध गर्छ। आफ्ना बालबालिकाका लागि कस्तो शिक्षा सर्वोत्तम हुन्छ भनी प्राथमिकता निर्धारण बाबु-आमाले गर्ने हो। मानिस त्यस्तो सामाजिक प्राणी हो जो जुनसुकै प्रतिस्पर्धामा आफूलाई कसैले नजितोस् भन्ने चाहन्छ तर आफ्ना छोरा-छोरीको हकमा भने आफूलाई पनि जितुन् भन्ने उसको अभ्यन्तरको चाहना रहेको हुन्छ। बाबु-आमा नहुने बालबालिकाको हकमा राज्यले बाबु-आमाको भूमिका पूरा गर्नु पर्दछ।

राजनीतिक पार्टी र तिनका भातृ सङ्गठनहरूले बेला बखत गर्ने बन्द, हडताल, चक्काजाम, शैक्षिक संस्था बन्द जस्ता क्रियाकलापको मारमा बालबालिका पनि पर्ने गरेका छन्। यी सबैबाट नेपालका बालबालिका असुरक्षित छन् र बालअधिकारबाट वञ्चित छन् भन्ने निष्कर्ष निस्कन्छ। यसले बालबालिकाको हक प्रवर्धनमा सरकारको उचित उपस्थिति खोजेको हो ,बालहित संरक्षण र अधिकार विषयका नीति र संरचनाहरूको क्रियाशीलता यसको निदान हो।

अनुशासित बनाउने नाममा बालबालिकालाई डर देखाउने, कुट्ने, पिट्ने, आदि कार्य औपचारिकतामा हाम्रो समाजमा छैन भन्ने गरेका छौँ तर यथार्थ त्यस्तो भइसकेको छैन। बालबालिकाको मनोवैज्ञानिक अवस्थालाई बुझेर सोहीअनुसार उनीहरूलाई उचित व्यवहार गर्ने परिपाटी करिब नभएकै जस्तो अवस्था छ। बालकको तर्क र विचारशक्ति अपरिपक्क हुन्छ ,त्यसैले दण्ड र दण्ड दिनाको कारण उसले बुझ्न सक्दैन। उनीहरूको भावनालाई कदर गर्ने चेतनाको विकास हुन आवश्यक छ। यसका अतिरिक्त परिवारिक कलह, बाबुआमा बीचको पारस्परिक वैमनश्यता, अनैतिक क्रियाकलापका बीच आश्रित भएर बाँच्नुपर्ने बाध्यता, रूढिवादी संस्कार जस्ता अवाञ्छितहरू सँगसँगै नेपाली बालबालिका दयनीय स्थिति भोग्न बाध्य छन्।

(लेखकः कञ्चनपुरमा जिल्ला न्यायाधीश पदमा कार्यरत छन्।)

# Situation of Adolescent Girls in Nepal: What do the evidences say?

**Sudeep Uprety**

## INTRODUCTION

With the aim of generating robust evidence to understand what works, how and why with regards to adolescents in the Global South, Gender and Adolescence: Global Evidence (GAGE) – a 9-year research and evaluation programme was launched in 2015 with the funding from Department for International Development (DFID), UK. GAGE is managed by UK-based think tank, Overseas Development Institute (ODI).

At GAGE programme in Nepal, we are particularly looking to generate new evidence on 'what works' to enable poor adolescent girls to emerge from poverty and fast-track social change for themselves, their families and communities.To generate these evidences, we are using longitudinal impact evaluation and evidence synthesesto explore different aspects of adolescent well-being so as to draw an in-depth picture of what works to shift gendered social norms and support adolescent girlsin their transition to adulthood.

Both the impact evaluations and evidence syntheses are guided by GAGE Conceptual Framework that comprises of '3Cs' – Capabilities, Change Strategies and Contexts. As part of adolescents' capabilities, we are particularly looking into 6 domains: Education and Learning, Sexual and Reproductive Health and Nutrition, Voice and Agency, Bodily Integrity and Freedom from Violence, Psychosocial Well-being and Economic Empowerment.

This article will discuss the initial findings regarding what is known about adolescents' six capabilities from GAGE formative research conducted in 2017 and anevidence mapping report on adolescents' capabilities, synthesising information collected from 300 relevant studies.

Formative research was carried out by GAGE research partners – Centre for Research on Environment, Health and Population Activities (CREHPA) and Nepal Institute for Social and Environmental Research (NISER). Qualitative and participatory methods (individualand group interviews, timelines, body and communitymapping, decision-making charts and vignettes)

were used for data collection in three districts – Kapilvastu, Makwanpur and Dang. The research evaluated two adolescent-focusedprogrammes - CARE'sTipping Point programme, *Aba Mero Palo*(Now My Turn) and Plan Nepal's BuildingSkills for Life (BSL) programme.A total of 473 respondents took part in the research that included younger adolescents (aged 10-12), olderadolescents (aged 13-15) and adults (parents, olderadult community members and key informants at thecommunity and sub-national levels).

## FINDINGS

### 1. Findings from Formative Research

a. Education and Learning

Adolescents' access to schools has increased due to incentives such as free lunches or cash transfers for 'backward' communities. However, gender discrimination persisted with parents not too keen to invest beyond primary education for girls, believing that any investment in a daughter is 'reaped only by her husband and in-laws when she marries'. Provision of child-friendly educational policies such as less corporal punishment and equitable treatment for socially marginalised groups, though had a positive impact on the quality of school experience for adolescents. Acts such as teasing, poking with the tip of a pencil, pulling hair, or tearing books were shared by adolescents but there was no mechanism to address such grievances. Othereducational challenges included early marriage for girls, child labour, poverty and pressure to support the family economically leading to drop out cases.

b. Bodily Integrity

Our formative research findings suggest that socio-religious norms are changing gradually due to the enactment of laws and policies that govern age at marriage, the dowry system (groom price), polygamy, child protection and property rights for daughters. However, mothers of girls were still found defending the practice of early marriage by citing their own experience. Interestingly, parents, community members, including adolescents themselves, blamed mobile phones, access to social media and adolescents' rebellious nature for the rise of elopement among adolescents. Adolescents reported gender-based violence occurring in the family, generally triggered by alcohol consumption, usually by the adult male member or occasionally by both parents.

c. Health and Nutrition

Adolescents' access to health services was limited due to the absence of a primary health facility within the community and poor coordination between the nearest public health facility and the school authorities. Adolescent girls were found to be more knowledgeable than the boys about bodily changes, including the development of reproductive organs, but were shy about discussing their sexual and reproductive health (SRH) matters. The SRH concerns of boys and girls varied with girls' concerns about menstruation (pains/cramps, irregular menstruation, discharges) while boys expressed anxiety about the causes and consequences of ejaculations during the night, sexual curiosity and reasons for sexual attraction to the opposite sex. Adolescents were aware about the importance of nutritious food intake and health consequences of harmful practices like smoking cigarettes, taking marijuana, consuming alcohol and chewing tobacco. Early morning classes and lack of pocket money to buy food items during lunch hours were identified as barriers to adequate food consumption.

d. Psychosocial Wellbeing

Through our formative research, it was revealed that girls are suffering more psychosocial distress than boys. Many adolescent girls reported feeling highly stressed, dominated by fathers and elder brothers and judged by the extended family and the community. Younger adolescent girls were found stressed about juggling household work with study, lack of playtime and passing exams. Other stresses for girls included maintaining decency and family honour and the threat of being taken out of school for marriage. For boys, it was mainly about getting caught 'doing mischief', bullying by elders, fears around not being able to get girlfriends, the judgmental attitudes of parents towards their peers and pressure to keep away from them, and anxiety about future employment opportunities were all sources of stress. School was the most important support institution outside of home for adolescents. Some felt happy about going to school simply because they loved learning new things, while others liked school because they were able to meet and play with friends and go on school trips. Adolescents considered their teachers as their role models.

e. Voice and Agency

Girls generally were found to be submissive and subservient while boys were more confident in many areas including: in circumventing sanctions, using leisure time, matters of marriage, education and skills development, mobility, interaction

with the opposite sex, and personal decision-making. The extent to which opinions of the adolescents are considered within the household differs by age, gender, perception of household members, as well as ethnicity. As they grow into older adolescents, marriage, jobs, recognition and image affected the extent to which boys have voice and agency in both the household and community. However, girls are listened to only if they are considered to be academically bright, wise (*gyani*), docile and respectful to elders and not interested in fashion and the opposite sex (*siddha*).

f. Economic Empowerment

Women and girls in the Madhesi community are discouraged from participating in the labour market, while economic engagement by women and girls from socially marginalised communities is tolerated. Majority of boys aged 18 years and over can be found pursuing employment in India, Malaysia and Gulf Cooperation Council (GCC) countries. Despite the ban, young women and girls, have accepted job offers in these restricted countries through agents who use India-Nepal border points to get them out of the country and then to the Gulf. Girls are more likely than their male peers to be working for long hours, to have less sleep and leisure time and to be engaged in hazardous work. In various sectors of the economy including carpet weaving, and agricultural work, child workers face physical and sexual abuse as well as exploitation. Some of the adolescent girls work in carpet and garment factories located at Hetauda and Kathmandu to support the family financially.

## 2. Findings from Evidence Reviews

a. Education and learning

Our evidence mapping shows that Nepali girls are now more likely than boys to be enrolled in both primary and secondary school. However, due to low quality of education, boys are more likely to be sent to higher quality private schools. As a consequence, girls are far less likely than boys to complete secondary school and pass the school-leaving exam. There is a significant difference in literacy rate of adolescents aged 15-24 years (80% for girls as compared to 90% for boys). Various contextual factors such as social norms (gender and social identity), poverty, food insecurity, conflict and natural disasters have affected education of adolescent girls a great deal.

b. Bodily Integrity

Despite encouraging signs of reduction in child marriage incidents, still 40% of young women between the ages of 20 and 24 were married as children and child-driven 'love' marriages are becoming more common. Likewise, although sexual harassment ('eve-teasing') and gender-based violence are known to be rampant, there has been very limited research capturing the experiences of adolescent girls.

The Nepal Demographic and Health Survey (NDHS) 2016 survey report showed that mean age of marriage ofwomen aged 25-49 was 17.9 years as compared to 21.7 years for men, though the legal age of marriage in Nepal is 20 for both genders. The Government of Nepal in 2016 launched the National Strategy to End Child Marriage by 2030. Challenges exist in to achieve this with deep rooted social and religious norms and other factors such as poverty and lack of education.

Our evidence mapping has also highlighted that deep-rooted patriarchal structures have had significant impact on the mind-set of adolescent girls as 1 out of 3 girls regarded wife beating by husbands was justified (as per NDHS 2016 report). On the other hand, a study cited in our review showed about 12,000 girls are trafficked every year from Nepal. These incidents of trafficking has profound impact upon their psychosocial wellbeing as they suffer from depression, substance abuse and Post Traumatic Stress Disorder (PTSD). Another major consequence is the social exclusion that the trafficked girls have to go through forcing them into isolation as the girls involved in the sex trade as considered as 'soiled'.

c. Health and Nutrition

Our evidence mapping in general shows that taboos surrounding sexuality in general – and girls' sexuality in particular – are strong in Nepal. Girls have little access to sexuality education, face a variety of restrictive customs about menstruation, and are unlikely to use contraception, even when they are married. While existing evidence suggests that girls are highly unlikely to engage in premarital sex, there is concern that adolescent sexual practices may be shifting in tandem with their dating practices - leaving younger, unmarried girls at high risk of pregnancy and sexually transmitted diseases (STDs).

Based on our review of 121 identified sources on physical wellbeing, both married

and unmarried adolescent girls have unmet contraceptive needs and lack of information and education along with gender norms prohibiting premarital sex stand as barriers to access the contraceptives.Evidence on abortion also indicate interesting findings on gender norms. An analysis of 30 case histories revealed that many young women who found themselves unintentionallypregnant tried to induce abortion themselves and husbands were the ones to make the final decision to abort orcontinue with the pregnancy.Young couples also reported concerns about abortion, including that it is 'sinful', renders women physicallyweak and infertile, attracts social stigma, and that it is hard to find information about and is costly.

With regards to adolescents seeking health services, limited access to information, lack ofconfidentiality, insufficient life skills education, the constrained autonomy of young married women, lack of adolescent-friendly services, and economic constraints stood as major barriers.Nutrition status of adolescent girls seemed also a major concern as 44% of girls aged 15-19 years were found anaemic as per NDHS 2016 report.

d. Psychosocial Wellbeing

Our evidence mapping found little evidence on adolescents' psychosocial wellbeing as only 22 sources were found that included evidence on psychosocial wellbeing. Due to the existing gender norms and limited mobility for Nepali girls, they had limited mobility and smaller social networks than their male peers.

Adolescent girls' experiences of child marriage, violence, conflict or child labour have a significant impacton her psychosocial wellbeing. Thetransition to wife and new roles including caretaker, housekeeper and mother can be stressful for a young girl. Likewise, evidence suggested that experiences ofchild labour can also undermine girls' psychosocial wellbeing. Qualitative research with bonded *haliya* or *kamaiya*workers indicated that many young workers experience physical and emotional violence andcan be humiliated, beaten or sexually mistreated.

e. Voice and agency

Patriarchal family structure with preference to sonshas provided little opportunity for girls to express their opinions in their natal families, their marital families or their communities. Married girls are often silenced not only by their husbands, but also by their mothers-in-law.

*Chaupadi*, a practice of having menstrual huts has limited girls' capabilities and

mobility to pursueeducation, work and social interaction and moreover creating a sense of shame and 'otherness', with girls being treated as lesserbeings than boys. Other issues facing younger girls, boys and women include trafficking, violence at home, atschool and in the community, and gendered restrictions on decision-making. Some of these norms are rootedin religious views, while others are financial and reflect perceptions of the 'ideal wife'. Adolescent Development andParticipation baseline survey conducted by UNICEF showed only 80% of boys considering that men and women should be treated thesame (compared to 92% of girls surveyed).

f. Economic Empowerment

Our evidence suggests that adolescent girls work more hours each week than boys – but most of their work is unpaid household chores. Girls who work for pay are largely confined to the poorly paid and poorly protected informal labour market. Girls and young women have limited access to financial decision-making and are largely excluded from economic empowerment programmes. Those aimed at 'youth' target primarily boys and young men, and those aimed at women typically miss the youngest.

A study found that among 15-19-year-olds, girls are less likely to be employed than boys (40% and 47% respectively). Girls are much more likely to be working in agriculture than boys(80% versus 44%), while many more boys are employed in skilled manual jobs than girls (13% versus 6%).Female employment rates decline with education. Girls are less able than boys to migrate to take up economicopportunities, but are more vulnerable to the risks of migration, including sexual exploitation and trafficking.Apart from low pay and added vulnerabilities of various sorts, the adolescent girls can't even decide on what to do with their hard earned income. Only about 38% of all adolescent girls are able to make decisions about their earnings.

## CONCLUSION

GAGE formative research and evidence mapping provide a good snapshot about the situation of adolescent girls in Nepal, yet many issues are left to be identified. Bracketed under the larger category of women or children, often adolescent girls' issues are missed. As evidences have shown, this is a sub-population group that requires specific attention as this pivotal period of transition from into adulthood would particularly shape youth engagement strategies, considered an important phase into country's development pathway.There are gaps

in evidences particularly in capability areas of psychological wellbeing and voice andagency, and on the cross-cutting themes of time use, access to ICT, migration, and conflict.

Furthermore, though nationwide and nationally representative surveys are conducted quite frequently, disaggregated data on adolescent girls are not easily available. Much data is availableby sex, age range, wealth and region, but it is not further broken down to show data by sex and by a particularage range, wealth bracket or region. As Nepal has now entered into the federal system, we need more disaggregated sub-national data for provinces and municipalities.

GAGE as a longitudinal research and evaluation programme will continue to generate robust evidence to contribute to fulfilling these evidence gaps so as to inform need-based policy and programmatic solutions.

## REFERENCES

Cunningham A. and D'Acry M. (2017). Adolescent girls' capabilities in Nepal: The state of the evidence. GAGE, Overseas Development Institute. Retrieved from https://www.gage.odi.org/publications/adolescent-girls-capabilities-nepal-state-evidence

Presler-Marshall E. (2017). Adolescent girls' capabilities in Nepal: A synopsis of the evidence. GAGE Digest, Overseas Development Institute. Retrieved from https://www.gage.odi.org/publications/adolescent-girls-capabilities-nepal-synopsis-evidence

Samuels F, Ghimire N,Tamang A, and Uprety S. (2017). Exploring Nepali adolescents' gendered experiences and perspectives. GAGE Research Brief, Overseas Development Institute. Retrieved from https://www.gage.odi.org/publications/exploring-nepali-adolescents-gendered-experiences-and-perspectives

The author is associated with Gender and Adolescence: Global Evidence (GAGE) programme as Research Uptake and Impact Coordinator for Nepal.

# लैङ्गिक तथा यौनजन्य हिंसाः एक आलोचनात्मक दृष्टिकोण

**श्रीकृष्ण पन्थी**


## लेखसार

महिला हिंसा लैङ्गिक हिंसाको एक स्वरुप हो । लैङ्गिक हिंसाहरूमध्ये कै एक यौनजन्य हिंसा हो । हिजोआज यौनजन्य हिंसाहरू बढ्दै गइरहेका छन् । खासगरी परिवार कै सदस्यहरू वा आफन्तहरूबाट समेत बालबालिकाहरू असुरक्षित रहनु एवं शिक्षित सम्भ्रान्त परिवारमा पनि यस्ता हिंसा प्रशस्तै हुनेगरेका समाचार सुनिन्छ । परिवारजन र आफन्तहरूबाट हुने हिंसाका विषयमा पर्याप्त खोज र अनुसन्धान भने भएको पाइँदैन । प्रस्तुत लेखमा महिला, पुरुष तथा अन्य लिङ्गी समुदायहरूमाथि हुने यौनजन्य हिंसालाई विभिन्न अनुसन्धान तथा समाचारहरूका तथ्यहरूलाई विभिन्न सैद्धान्तिक दृष्टिकोणहरूबाट विश्लेषण गर्ने प्रयास गरिएको छ । खासगरी सतहमा देखिने कुरा जस्तै जैविक वा शारीरिक तथा सामाजिक व्यवहार तथा सम्बन्धलाई मात्र लैङ्गिक हिंसा विश्लेषणको आधार बनाइनु हुँदैन, मनोवैज्ञानिक जस्तै यौनिक तथा यौन अभिमुखीकरणका सवाललाई समेत विश्लेषणको आधारको रूपमा हेरिनुपर्दछ र प्रचलित धार्मिक तथा अन्य सांस्कृतिक प्रवधानहरूलाई आलोचनात्मकरूपमा विश्लेषण गर्दै बालमैत्री र उमेरसापेक्ष यौन शिक्षाको मध्यमबाट लैङ्गिक हिंसाविरुद्ध निरोधात्मक कदमहरू चाल्न सकिन्छ ।


## परिचय

मानव समाजका हिंसाहरूमध्ये लैङ्गिक तथा यौनजन्य हिंसा पनि एक प्रमुख हो । यस्ता हिंसाहरू महिलामाथि मात्र नभई पुरुष तथा फरक वा अन्य लिङ्गी (Queer gender) समुदायहरू माथि पनि हुने गरेको छ । समाजमा यस्ता हिंसाहरूको सतही विश्लेषण गरिने हुँदा परिणाम डिप्रेसनदेखि बलात्कार, आत्महत्या तथा हत्यासम्म हुने गरेका तथ्य छन्; कडा कानुनको बाबजुद पनि यस्ता घटनामा उल्लेखनीयरूपमा न्यूनीकरण हुनसकेको छैन ।अतः यौनजन्य लैङ्गिक हिंसाहरूको वस्तुनिष्ठ विश्लेषण गर्नु नै आजको मुख्य आवश्यकता हो । तर यौनजन्य हिंसाहरू तथा बलात्कारका बारेमा धेरै अध्ययन अनुसन्धानहरू भएका छैनन् त्यसैले यसलाई कुन सैद्धान्तिक चश्माबाट हेर्ने भन्ने कुरा खोज कै विषय बनेको छ । Rape has become academia's undertheorized and apparently untheorizable issue (Mardorossian, 2002, p. 743). यद्यपि कुनैपनि यौनजन्य घटनालाई सामन्यतया कम्तीमा पनि निम्न तीनवटा सैद्धान्तिक चश्माहरू -Theoretical lenses_ बाट हेर्नुपर्ने हुन्छ तर चुनौती हाम्रो चश्मा बदल्नुमा नै देखिन्छ अर्थात् मुख्य समस्या यौनिकसम्बन्धी हाम्रो परम्परागत धारणा (Untheorized sexuality concept) बदल्नुमा छ ।

## जैविक दृष्टिकोण

पहिलो चश्मा जैविक चश्मा हो। यस चश्माले हेर्दा विपरीत लैङ्गी (महिला र पुरुष) तथा फरक लिङ्गी समुदाय एउटै प्रकृतिका होइन रहेछन् भन्ने बुझिन्छ। यिनीहरूको शारीरिक संरचना, क्षमता र विकास पनि समान हुँदैन। त्यसैले महिला, पुरुष र अन्य लिङ्गी समुदायलाई शारीरिक आवश्यकता पूरा गर्न फरक फरक विधि, साधन, उपचार र उपायको आवश्यकता पर्दछ भन्ने बुझ्नुपर्दछ। शारीरिक, वंशानुगत र रासायनिक (हार्मोनजन्य) लिङ्ग, तिनको विकास, भूमिका, संरचना, कार्य र आवश्यकता आदिले पनि ति लिङ्गीय समुदायको सम्बन्ध र भूमिकालाई प्रभाव पारिरहेको हुन्छ। महिलाको जस्तो जैविक संरचना भएको पुरुष र पुरुषको जस्तो शारीरिक संरचना तथा लैङ्गीक अभिमुखीकरण भएकी महिलासँगको सम्बन्ध र भूमिकालाई हेर्ने द्विलिङ्गीय दृष्टिकोणरुपी चश्मा वस्तुगत छैन। यस चश्माले यौनलाई शारीरिक वा जैविकरूपले हेर्दछ। यौनजन्य हिंसाहरूलाई पनि जैविक संरचना, आवश्यकता र चाहनासँगै विश्लेषण गर्नुपर्दछ भन्दछ। जस्तै समलिङ्गीहरू बीच हुने मैथुनलाई अप्राकृतिक भन्न मिल्दैन। त्यसैगरी वर्तमान समाजले बलात्कारलाई पनि एक यौनजन्य हिंसा वा अपराधको रूपमा मात्र लिएको छ जुन पूर्ण होइन।

## सामाजिक सांस्कृतिक दृष्टिकोण

दोस्रो चश्मा हो सामाजिक सांस्कृतिक चश्मा, व्यक्तिको जैविक लिङ्ग र उसको बाहिरी पहिरनका आधारमा सामाजिक सांस्कृतिक चश्माको विकास भएको हुन्छ। परम्परागत सामाजिक चश्मा लगाएर हेर्दा घरभित्रको काम जस्तैः खाना पकाउने, लुगा धुने, चुलो चौको गर्ने, बच्चा स्याहार्ने काम तथा सन्तानोत्पादनको काम मात्र महिलाको काम भन्ने बुझिन्छ। यस्तो अवधारणालाई परम्परागत पितृसत्तात्मक अवधारणा पनि भनिन्छ। यसले महिलाहरूको प्रत्युत्पादक भूमिका बढाई उत्पादक भूमिका घटाइदिन्छ। फलस्वरूप, उनीहरूले दैनिक धेरै समयसम्म काम गर्नुपर्दछ। यसरी जागिर खाने महिलाहरू पनि थाहै नपाइ दोहोरो शोषणमा परेको अवस्था छ। दाइजो प्रथा, बोक्सी प्रथा पनि यसै चश्माका उपजहरूहुन्। जबसम्म महिला पुरुषका यी स्थापित भूमिकाहरू हेर्ने दृष्टिकोणमा परिवर्तन आउँदैन तबसम्म महिलामाथिको लैङ्गिक विभेद तथा घरेलु हिंसाहरूमा कुनै कमी आँउदैन। यस चश्माअनुसार सामाजिक तथा लैङ्गिक भूमिकाहरू सिक्ने क्रममा बालबालिकाहरूले एकआपसमा गर्ने कतिपय यौनजन्य क्रियाकलापहरूलाई यौन हिंसा तथा अपराध भन्न मिल्दैन। यस्तो क्रियाकलापहरूलाई बालबिजाइँ (Juvenile Delinquency) भनिन्छ। बालबिजाइँ बालबालिकाहरूको सिकाइको आधार पनि हो। उनीहरू आफ्नो सिकाई जिज्ञासा शान्त पार्न कहिलेकाँही असामाजिक काम पनि गर्दछन्। ससानो बच्चाले त्यस्तो क्रियाकलाप गर्दा हामी मनोरञ्जनको रूपमा लिन्छौ जसले गर्दा उनीहरूमा थप हौसला प्राप्त हुनजान्छ र बालबिजाइँ गर्नेतर्फ अझ उन्मुख हुन्छन्। नेपालको कानुनले १० वर्षभन्दा माथिका बालबालिकाहरूले गर्ने यौनजन्य बालबिजाइँलाई अपराधको रूपमा दण्डित गरेको छ। तर त्यस्तो दण्ड सजायभन्दा उमेर अनुसारको विकासात्मक कार्यहरूमा जोड दिई बालबालिकाहरूलाई उनीहरुको जिज्ञासाबमोजिम सही यौन शिक्षा दिनु आवश्यक छ भन्ने कुरामा जोड दिइएको छैन।

प्रविधिको तीव्र विकासले मानिसको जीवनशैली र व्यवहारमा व्यापक परिवर्तन ल्याइदिएको छ। वर्तमान समयमा बढ्दो यौन तथा लैङ्गिक हिंसाको अर्को एउटा कारण इन्टरनेट प्रोनोग्राफी पनि हो। युवायुवतीहरूको हातहातमा एन्डरोइड तथा स्मार्ट फोनहरू भएपछि प्रोनोग्राफी अधिकांस सहरीया युवा युवतीहरूको जिज्ञासा र रोजाइको क्षेत्र बन्न पुगेको कुरा विभिन्न अनुसन्धानहरूले देखाएका छन्। For young women (usually unmarried), pornography was something that all had heard of and many were curious about.

In schools and on campuses “blue films” seemed to be a common topic of conversation (Liechty, 2010, p. 355). यसले बच्चादेखि वृद्धसम्मको बानी व्यवहारमा प्रभाव पारेको छ । खासगरी पुरुषहरूमा महिलाप्रति नकारात्मक दृष्टिकोणको विकास गरेको पाइन्छ । Having watched “blue films” men “begin to look at” women in a new, and sexually threatening way (Liechty, 2010, p. 365). त्यस्तै मादक पदार्थको सेवन, घरेलु झगडा, आर्थिक अभाव, र खराब वातावरण लैङ्गिक हिंसाका अन्य प्रभावशाली कारणहरू हुन् । पारिवारिक पृष्ठभूमि र शैक्षिकस्तरले लैङ्गिक हिंसा कम गर्न खासै सहयोग गरेको देखिँदैन । सम्भ्रान्त र शिक्षित परिवारहरूमा पनि यौनजन्य तथा अन्य लैङ्गिक हिंसाहरू प्रशस्तै हुनेगरेको सुनिन्छ । पारिवारिक इज्जतका खातिर त्यस्ता परिवारका महिलाहरू आफूमाथि भएको हिंसा दबाएर राख्ने गरेको पाइन्छ । परिवारमा नजिककै नातेदारबाट हुनेगरेको यौनहिंसाको दर निकै उच्च रहेको कुरा विभिन्न अध्ययनहरूले पनि देखाएको छ यद्यपि समाजका सबै धर्म सम्प्रदायहरूले वैवाहिक सम्बन्ध भन्दा बाहिरका सबै यौन सम्बन्धहरूलाई असामाजिक मानेकाछन् । निकै कडा कानुन र निकै स्वतन्त्रता भएका दुबै किसिमका समाजमा यौनहिंसा बढिरहेको देखिन्छ । विकसित र आधुनिक समाजमा यौनहिंसा, दुर्घटना र यौनजन्य रोगहरू रोकथाम गर्न कृत्रिम तरिकाहरू (Virtual methods) जस्तैः यौनजन्य खेलौना (Sex toy), रोबोट, आदि उपायहरूको पनि प्रयोग गरिएको पाइन्छ । तर यसको प्रभावकारीता हेर्न बाँकी नै छ । अमेरिका जस्तो शिक्षित समाजमा पनि प्रत्येक मिनेटमा एक महिला माथि यौन हिंसा हुनेगरेको पाइन्छ । त्यहाँका दुईतिहाइभन्दा बढी किशोरीहरूले आफ्नो बच्चाको बाबासँग बिहे गर्दैनन् भन्ने अध्ययनहरूबाट देखिएको छ । एकपटक पारपाचुके नगरेका विवाहित जोडी भेट्टाउन गाह्रो छ । पारपाचुके गर्दा महिला पुरुषको अधिकार सुरक्षित भएपनि बालअधिकार भने जोखिममा परेको पाइन्छ । त्यस्तो समाज जहाँ एक बच्चाले परिवारबाट राम्रो माया ममता र सामाजिकीकरण प्राप्त गर्न सक्दैन भने त्यस प्रकारको समाजलाई सभ्य समाज भन्न सायद मिल्दैन होला । अतः महिला अधिकारबाट मात्र लैङ्गिक हिंसाहरू कम हुँदैनन् र रोकिदैनन् जबसम्म लैङ्गिक सम्बन्धहरू यर्थाथपरक र सम्मानजनक हुँदैनन् ।

## मनोवैज्ञानिक दृष्टिकोण

तेस्रो चश्मा मनोवैज्ञानिक चश्मा हो । लैङ्गिक तथा यौनजन्य हिंसाहरूको विश्लेषण गर्दा वर्तमान समाजले प्रायः यो चश्माको प्रयोग नै गर्दैन । यस चश्माले हेर्दा समाज इन्द्रेणी झैं रङ्गीन देखिन्छ । अर्थात् फरकफरक यौनिक अभिमुखीकरण (Sexual orientation) भएका अल्पसङ्ख्यकहरू समेतको साझा घर जस्तो देखिन्छ । तर समाजले वस्तुवादी दृष्टिकोण बनाउन सकिरहेको छैन । साथै एक फरक लिङ्गीको यौन चाहना, अनुभव र आवश्यकता एक विपरीतलिङ्गी (Heterosexual) महिला वा पुरुषको भन्दा फरक हुन्छ भन्ने मान्यता स्वीकार गर्दैन । यस चश्माबाट महिला-महिला तथा पुरुष-पुरुषबीचको सम्बन्धको पनि विश्लेषण गर्न सकिन्छ तर समाजको (Bi-gendered) सोचका कारण समाजमा महिलामाथि भएका बलात्कार र यौनजन्य हिंसाका घटनाहरूमात्र बाहिर आउँछन् । पुरुष तथा लैङ्गिक अल्पसङ्ख्यकहरूमाथि हुने गरेका यौनजन्य दुर्व्यवहारहरूको समाचार प्रायः सतहमा आउँदैनन् । फलस्वरूप कतिपय फरक लिङ्गी तथा पुरुषहरू पनि आफूमाथि भएको यौनहिंसा दबाएर राख्न बाध्य हुन्छन् । कहिंलेकाही त यौनकुण्ठा कै कारण आत्महत्या समेत गरेको समाचारहरू सुनिन्छ । यस दृष्टिकोणअनुसार मनोवैज्ञानिकरूपमा तयार नभई गरिएको विवाहित दम्पतिबीचको यौनकार्य पनि यौनजन्य यातना वा बलात्कार हुन सक्दछ । यस चश्माले लैङ्गिक हिंसालाई यौनिकका वा मनोवैज्ञानिक आधारमा पनि विश्लेषण गरिनुपर्दछ भन्दछ ।

बहुसङ्ख्यक वर्तमान समाजलाई संसारमा महिला र पुरुषबाहेक यौनिक तथा मनोवैज्ञानक दृष्टिले अरू धेरै लिङ्गहरूपनि छन् भन्ने जानकारी छैन । उदाहरणको रूपमा एक महिला जैविकरूपमा विपरीत लिङ्गी महिला भए पनि मनोवैज्ञानिकरूपमा समलिङ्गी महिला पनि हुन सक्छिन् । उनको यौन चाहना विपरीत लिङ्गी पुरुषबाट पूरा हुन सक्दैन् । यस्तै पुरुषहरू पनि हुन्छन् । त्यसैकारण धेरै नवजोडीहरूको दाम्पत्य जीवन नदेखिने गरी बरबाद भइरहेको हुन्छ तर हाम्रो समाजले सतहमा देखिएका सामाजिक तथा जैविक कुराहरूका आधारमा आफ्नो दृष्टिकोण बनाउँछ । यसको मुख्य कारण हाम्रो अल्पज्ञान र सरकारको नीतिगत तथा कानुनी अष्पस्टता पनि हो । हिजो आज पुरुषपुरुष र महिलामहिलाहरू एक आपसमा विहे गरे भन्ने समाचारहरू आइरहन्छ । सुन्दा अचम्म लाग्न सक्छ तर यौनिक अर्थात् मनोवैज्ञानिक चश्माले हेर्दा यो एक सामान्य घटना हो । हामीले समाजमा महिला र पुरुष मात्र एकअर्काबाट यौन हिंसाको सिकार हुनसक्छन् भन्ने मान्यता बनाएका छौँ जुन गलत पनि हुनसक्छ । महिलाहरू महिलाबाटै र पुरुषहरू पुरुषबाटै पनि यौन हिंसाको सिकार हुन सक्दछन् र भइरहेका पनि छन् तर यस्ता घटनाहरू अपत्यारिला जस्ता लाग्छन् र समाचार पनि बन्दैनन् । अतः यौनजन्य हिंसा समान जैविक लिङ्गीबाट पनि हुनसक्छ भन्ने कुराको हेक्का राख्नु पर्दछ । महिला महिलाबीच बलात्कार हुन सक्छ (सत्याल, २०७३ पौष २७०) । एक छात्रा, छात्रावासमा नै र छात्र, छात्रवासमा पनि असुरक्षित र बलात्कृत हुन सक्दछ । उदाहरणका रूपमा देशका प्रमुख सहरहरूमा पुरुष समलिङ्गी तथा पुरुष यौनकर्मीहरूको सञ्जाल हालका दिनहरूमा निकै बढिरहेको विभिन्न अध्ययन तथा घटनाहरूले देखाएका छन् । केही समयअघि नेपाल कै एक कारागारमा त्यस्तै घटना घटेको थियो, एक जैविकरूपमा महिला कै शरीर भएको अन्य लिङ्गी पुरुषलाई महिलाबन्दी गृहमा राख्दा अन्य महिलाहरूमाथि यौन हिंसा भएको थियो ।

विभिन्न देशहरूमा गरिएको अध्ययनले यौन सम्बन्ध अब विवाहित जोडीमा मात्र सीमित छैन भन्ने देखाएको छ । हाम्रै समाजमा पनि अधिकांश युवा युवतीहरू विवाहपूर्व नै लुकिछिपी यौन सम्बन्ध राख्दछन् यद्यपि यौनलाई हालसम्म पनि एक प्राकृतिक आवश्यकताका रूपमा नभई घृणाका रूपमा लिइन्छ । विवाह भनेकै यौन आवश्यकता परिपूर्ति गर्ने एक मात्र माध्यम हो भन्ने बुझाइले गर्दा समाजमा विकृतिहरू अझ बढिरहेका छन् भन्ने धारणा आधुनिक उदारवादी नारीवादीहरू (Liberal feminists) को रहेको पाइन्छ । त्यसैगरी उतरआधुनिक नारीवादी (Postmodern feminists) हरूले यौनिकलाई एक किनवेचको वस्तुको रूपमा लिएको पाइन्छ । My body my choice यसैको उदाहरण हो । यसै कारण समाजमा बलत्वकार तथा यौनजन्य हिंसाका धेरैजसो घट्नाहरू सतहमा आँउदैनन्, आइहालेपनि त्यस्को चित्तबुझ्दो समाधान आँउदैन । Contemporary feminist theory, by contrast, tends to ignore the topic of rape in favor of more ambivalent expressions of male domination such as pornography and sexual harassment (Mardorossian, 2002, p. 743).। हाम्रो समाजमा बच्चादेखि नै यौनप्रति नकारात्मक धारणा जगाइन्छ फलस्वरूप बच्चाहरू सानैदेखि लुकिछिपी यौनजन्य कार्यहरू गर्न, अश्लिल सामग्रीहरू हेर्न उत्सुक हुन्छन् किनकि बच्चाहरूको मनोविज्ञान वयस्कहरूको भन्दा ठीक उल्टो हुन्छ । अर्थात् जे काम नगर भन्यो त्यही काम गर्ने किसिमको हुन्छ । यसको मुख्य कारण सही ढङ्गले बालमैत्री र उमेरसापेक्ष यौन शिक्षा नदिनु नै हो ।

यौनजन्य विकृति नबढोस् भनेर नै ब्रह्मचर्याश्रम, विवाह जस्ता पवित्र संस्कारहरूको सुरुआत भएको होला तर हिजोआज विवाहको महत्त्व घटिरहेको छ । अर्कोतर्फ असामाजिक यौन कार्यहरू दिनप्रतिदिन बढिरहेका छन् । यस्ता कार्यहरू रोक्न विवाहको विकल्पमा विकसित देशहरूमा अविवाहित केटाकेटीहरू सँगै बस्ने, वैधानिक वेश्यालय आदिको प्रचलन पनि देखिन्छ तर यौनजन्य हिंसा घटाउन यी प्रयासहरू पनि खासै फलदायी हुन सकिरहेका छैनन् ।

त्यसैले समाजसापेक्ष र समयसापेक्ष आवश्यकतालाई सन्तुलित किसिमले सम्बोधन गर्नेगरी लैङ्गिक तथा यौनजन्य दृष्टिकोणहरू बनाउनु आवश्यक देखिन्छ ।

## निचोड

निचोडमा भन्नुपर्दा प्रचलित लैङ्गिक तथा यौनजन्य दृष्टिकोणहरू फराकिलो बनाउनु आवश्यक छ । व्यक्तिगत भिन्नताको सम्मान गर्दै आफ्ना मौलिक धर्मसंस्कृतिलाई नै समयानुकूल सुधार गर्दै साझा र सामूहिक भलाइका निम्ति चिन्तन गरौं । किनकि धार्मिक तथा आध्यात्मिक समाजमा अहिले पनि तुलनात्मकरूपमा कम लैङ्गिक हिंसाहरू हुने गर्दछन् । आध्यात्मिक शिक्षा, योग आदिबाट बालबालिकाहरूको व्यवहारलाई हिंसारहित बनाऔं । बालबालिकाहरूको यौन जिज्ञासालाई सकारात्मकरूपमा लिई त्यो भनेको के हो र त्यसको सम्भाव्य परिणामहरू पहिले नै बताइदिऔँ ताकि उनीहरू यौन हिंसा र दुर्घटनाबाट आफै बचून् । पूर्वबाल्यावस्था (२ देखि ६ वर्ष) का बालबालिकाहरूको भौतिक वातावरणमा बढी ध्यान दिँदै जिज्ञासामा आधारित सूचनात्मक तथा चेतनामूलक यौन शिक्षा दिँऔं । उत्तरबाल्यावस्था (७ देखि १२ वर्ष) का बालबालिकाहरूको सामाजिक वातावरणमा बढी ध्यान दिँदै चेतावनीमूलक तथा सचेतनात्मक यौन शिक्षा दिऔँ । यौवनावस्था तथा किशोरावस्था (१३ देखि १८ वर्ष) का बालबालिकाहरूलाई सचेतनामूलक र सुरक्षात्मक यौन शिक्षा दिऔँ । यस्ता यौन शिक्षालाई प्रविधि, योग र आध्यत्मसँग जोडौं । महिलाहरू माथिको मात्र होइन सम्पूर्ण लैङ्गिक हिंसा अन्त्यका लागि काम गरौँ । आफ्नो व्यवहार आफै बदल्ने अठोटका साथ सम्पूर्ण युवा, प्रौढ तथा वृद्धहरू सकारात्मक चिन्तनका साथ लैङ्गिक हिंसाविरुद्धको कार्यक्रम तथा अभियानहरूमा सहभागी बनौं ।

## सन्दर्भसामग्री

Mardorossian, C. M. (2002). Toward a new feminist theory of rape, *Chicago Journals, 27*(3), 743-775. Retrieved from http://www.jstor.org/stable/10.1086/337938

Liechty, M. (2010). *Out here in Kathmandu: modernity on the global pheriphery.* Kathmandu: Martin Chautari press.

सत्याल, मनोज (२०७३ पौष २७), महिला—महिलाबीच बलात्कार हुन सक्छ? अनौठो तथ्यको मुद्दामा सर्वोच्चको ऐतिहासिक फैसला, *पहिलो पोस्ट* । उद्रीत http://www.pahilopost.com/content/-25834.html

(लेखक: उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस, त्रि. वि., पोखरा ।)